त्रिभुवन विश्वविद्यालय अन्तर्गत तिनबर्से स्नातक तह, अनिवार्य नेपाली विषयको निर्धारित पाठ्यपुस्तक

नेपाली साहित्यिक रचना

सम्पादन
त्रिभुवन विश्वविद्यालय
पाठ्यक्रम विकास केन्द्रका तर्फबाट
अनिवार्य नेपाली विषय स्थायी समिति

त्रिभुवन विश्वविद्यालय अन्तर्गत तिनबर्से स्नातक तह, अनिवार्य नेपाली विषयको निर्धारित

पाठ्यपुस्तक

नेपाली साहित्यिक रचना

सम्पादन

त्रिभुवन विश्वविद्यालय

पाठ्यक्रम विकास केन्द्रका तर्फबाट

अनिवार्य नेपाली विषय स्थायी समिति

भाग्राप्रकाशन

T.U. Central Library of Nepal Cataloguing - in - Publication Data

अनिवार्य नेपाली विषय स्थायी समिति, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र

नेपाली साहित्यिक रचना / सम्पा. अनिवार्य नेपाली विषय स्थायी समिति, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र. - तेस्रो संस्क. - ललितपुर : साझा प्रकाशन, २०६९ वि.

ञ, ११४ पृ.

ISBN 978-9937-32-208-9

१. नेपाली साहित्य I. आख्या

N891.495

An518s dc 22 201212477

© सुरक्षित

द्रष्टव्य :

त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रको पूर्वअनुमतिबिना प्रस्तुत पाठ्यसामग्री यसै प्रयोजनका लागि प्रकाशन गर्न पाइने छैन ।

प्रकाशक : साझा प्रकाशन

संस्करण : पहिलो, २०६६

दोस्रो, २०६७

तेस्रो, परिमार्जित २०६९ (३१०० प्रति)

मूल्य : रु. १५०।–

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर

फोन : ५५२४७१०, ५५२१०२३, फ्याक्स : ५५४४२३६

प्रकाशकीय

त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रअन्तर्गत अनिवार्य नेपाली विषय स्थायी समितिले तयार पारेको **नेपाली साहित्यिक रचना** त्रि.वि. पाठ्यक्रम विकास केन्द्र र साझा प्रकाशनको सहकार्यमा संवत् २०६६ मा प्रकाशित भएको हो । परिमार्जित पाठ्यक्रमअनुसार तयार भएको यो पुस्तक तिनबर्से स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक हो । शैक्षिक प्रयोजनलाई ध्यानमा राखी यस तेस्रो संस्करणमा प्रस्तुत पुस्तकलाई त्रि.वि. पाठ्यक्रम विकास केन्द्रको शिक्षण निर्देशिकाअनुसार भाषिक, व्याकरणगत रूपमा आवश्यक परिमार्जन गरी प्रयोजनपरक बनाइएको छ ।

सिर्जना स्रष्टाको सम्पत्ति हो र यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो । नैतिक दायित्व, नागरिकको कर्तव्य र कानुनी औपचारिकताको सानो अंशलाई समेत ख्याल नगरी विगतमा विभिन्न क्षेत्रबाट स्रष्टाका सिर्जनाको अनधिकृत प्रयोग र पूर्वप्रकाशकहरूप्रतिको बेवास्ताले प्रकाशकीय नैतिकता र व्यावसायिकतामा समेत कानुनी प्रश्न उठ्नु अस्वाभाविक होइन । एकातिर आमजनमानसमा गलत सन्देश जाने, अर्कातिर स्रष्टाले आर्थिक र नैतिक रूपमा शोषित हुनुपर्ने त्यो नियति नदोहोरिने आशा एवम् विश्वासका साथ त्रि. वि. पाठ्यक्रम विकास केन्द्रले आफ्नै तर्फबाट नियमानुसार पाठ्यपुस्तक तयार गराई प्रकाशन गरी सम्पूर्ण विद्यार्थीको हातमा पुऱ्याउने अभिभारा साझा प्रकाशनलाई उपलब्ध गराएकोमा सो केन्द्रप्रति धन्यवाद प्रकट गर्दछौं !

यस सङ्ग्रहमा सङ्कलित सम्पूर्ण रचनाका स्रष्टा तथा तिनका प्रकाशकहरूप्रति आभार व्यक्त गर्दै सङ्कलनको अभिभारा लिने अनिवार्य नेपाली विषय स्थायी समितिप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

मङ्सिर, २०६९ **साझा प्रकाशन**

शिक्षाध्यक्षको कार्यालय

पाठ्यक्रम विकास केन्द्र

OFFICE OF THE RECTOR

CURRICULUM DEVELOPMENT CENTRE

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाल

Tribhuvan University
Kirtipur, Kathmandu
Nepal
Tel No.: 4330856

Reg. No./पत्र सङ्ख्या :

Date/मिति : २०६९।०८।१०

मुलुकको परिवर्तित परिप्रेक्ष्यमा पाठ्यक्रमलाई समयसापेक्ष बनाउन आवश्यक भएको तथ्य आत्मसात् गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत पठनपाठन हुने विविध विषयको पाठ्यक्रम परिमार्जन गर्ने सन्दर्भमा तिनबर्से अनिवार्य नेपाली विषयको पाठ्यक्रम परिमार्जन गरिएको हो । यस क्रममा त्रि. वि. पाठ्यक्रम विकास केन्द्र र साझा प्रकाशनको सहकार्यमा तिनबर्से स्नातक तहको अनिवार्य नेपाली विषयअन्तर्गत पठनपाठन हुने साहित्यिक रचनाहरूको सङ्कलन तथा प्रकाशन गर्न पाउँदा हामी उत्साहित भएका छौं । **नेपाली साहित्यिक रचना** शीर्षकको यस कृतिमा समावेश भएका रचनाका लेखकहरूको लेखकस्व सुरक्षित रहने गरी प्रकाशनमा ल्याएको कुरा अवगत गराउँदै प्रस्तुत सामग्री यस केन्द्रको पूर्वस्वीकृतिबिना यसै प्रयोजनका लागि प्रकाशित नगरिदिनुहुन यो केन्द्र विनम्र अनुरोध गर्दछ ।

कृतिको सङ्कलनको जिम्मेवारी वहन गर्ने अनिवार्य नेपाली विषय समितिका अध्यक्ष प्रा.डा. देवीप्रसाद गौतम तथा सदस्यहरू प्रा.डा. पारसमणि भण्डारी, प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. केदारप्रसाद शर्मा, प्रा.डा. रामचन्द्र लम्साल, प्रा.डा. व्रतराज आचार्य, प्रा. केशव सुवेदी, प्रा.डा. जगदीशचन्द्र भण्डारी एवम् प्रा.डा. बद्रीविशाल भट्टराईप्रति त्रि. वि. पाठ्यक्रम विकास केन्द्र हार्दिक आभार व्यक्त गर्दछ । साथै हामीसँग संस्थागत सहकार्य गर्ने साझा प्रकाशनप्रति पनि यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

डा. केशवकुमार श्रेष्ठ
कार्यकारी निर्देशक

मन्तव्य

नेपाली साहित्यिक रचना त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न सङ्कायका स्नातक तहका विद्यार्थीका लागि एकीकृत रूपमा समायोजित पाठ्यांश २०६९ मा चयन गरिएका साहित्यिक कृतिहरूको सङ्कलन हो । अनिवार्य नेपाली पाठ्यक्रमको साहित्यिक कृतिको अध्ययन खण्डमा पाठ्यांशका सिर्जनात्मक विधाअन्तर्गत कविता/गीत/गजल ६, निबन्ध ४, कथा ५, उपन्यास १ र नाटक २ वटा रहे पनि उपन्यास स्वतन्त्र रचना भएकाले यस सङ्ग्रहमा सङ्कलन गरिएको छैन । पाठ्यपुस्तकको रूपमा तयार गरिएको प्रस्तुत पुस्तकमा जम्मा १७ वटा फुटकर रचना सङ्गृहीत छन् ।

अनिवार्य नेपालीको पाठ्यक्रममा साहित्यिक कृतिहरू समावेशको उद्देश्य विद्यार्थीहरूमा साहित्यिक कृतिहरूको पठन, आस्वादन र कृतिनिष्ठ आशयको बोधका साथै उनीहरूलाई प्रतिक्रियात्मक लेखनतर्फ उत्प्रेरित गराउनु हो । यस्ता सिर्जनात्मक रचनाका माध्यमबाट विद्यार्थीहरूमा पठनक्षमताको विकासका साथै विशिष्ट साहित्यिक रचनाको आस्वादन गर्ने र आफ्ना मनमा लागेका तत्क्षणका अनुभूतिहरूलाई तत्कालै अभिव्यक्त गर्न सक्ने क्षमताको विकास हुन्छ । यही उद्देश्यअनुसार विद्यार्थीको पठनसिप र बोधको विकासका लागि साहित्यिक कृतिहरूको चयन गरिएको छ । यस पाठ्यक्रममा समावेश गरिएका साहित्यिक कृतिहरू मूलतः विद्यार्थीहरूको स्वाध्ययनका लागि राखिएका हुन्, भाषिक सिपशिक्षणका लागि राखिएका हुन् । विषय शिक्षण यसको उद्देश्य होइन । अतः ऐच्छिक नेपाली (मूल विषय नेपाली) को शिक्षणभन्दा यसको शिक्षण भिन्न हुनुपर्दछ । यहाँ रहेका कृतिको पठनको तात्पर्य ऐच्छिक नेपाली जस्तो गहन समीक्षा र तिनको विश्लेषणात्मक व्याख्या तथा विवेचना होइन । यी कृतिका माध्यमबाट विद्यार्थीले पठन कौशलको विकासका साथै विशिष्ट अभिव्यक्ति क्षमताको विकास गर्ने प्रयोजनका निम्ति कृतिहरूको अध्ययन गर्नु आवश्यक छ । कृतिहरू सरसरती पठन गर्दा तिनमा अन्तर्निहित भावजगत् र त्यसबाट आफूमा

परेको प्रभावको अभिव्यक्तितर्फ उनीहरूलाई प्रवृत्त गराउनु जरुरी छ । शिक्षण प्रक्रिया शिक्षककेन्द्री होइन, विद्यार्थीकेन्द्री हुन सकोस्, भाषिक सिपको आर्जन व्याख्यान सुनेर होइन, बोध र अभ्यासबाट सिकिन्छ भन्ने मान्यताबाट विद्यार्थीहरू अभिप्रेरित होऊन् भन्ने कुरालाई शिक्षणको केन्द्रबिन्दु मानिनुपर्छ । यसर्थ अनिवार्य नेपालीको शिक्षण ऐच्छिक नेपालीमा जस्तो विधा सिद्धान्तको पृष्ठभूमि र परिचय, विधातत्त्व, विधा विकास, लेखनको पृष्ठभूमि, धारा, प्रवृत्ति र विकासक्रम, स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण, कृतिगत प्रवृत्ति जस्ता विषयमा केन्द्रित हुनु हुँदैन । यसमा स्रष्टाको सामान्य परिचय र विशेषता, आस्वाद्य विषय, मूल भाव वा विषयवस्तु, पात्र र चरित्रका कार्य तथा परिवेश सन्दर्भ बुझ्ने र तिनलाई निर्धारित भाषिक सिपका विशिष्ट ढाँचामा अभिव्यक्त गर्ने सिप र कौशल विकास गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गराउनेतर्फ हाम्रा कक्षागत क्रियाकलापहरू निर्दिष्ट हुनुपर्दछ ।

स्रष्टा परिचय : स्रष्टाको परिचयका क्रममा स्रष्टाकेन्द्री विस्तृत अध्ययनको उद्देश्य नराखी स्रष्टाबारेका सामान्य सूचनालाई व्यावहारिक लेखनअन्तर्गत प्रस्तुत गरिने व्यक्तिवृत्तको ढाँचामा परिवर्तन गर्न सक्ने र व्यक्तिवृत्तका सूचनालाई अनुच्छेदमा रूपान्तर गर्न सक्ने भाषिक सिपको विकासलाई केन्द्रबिन्दु मानी यसको उपयोग गरिनुपर्छ ।

स्रष्टाका विशेषता : स्रष्टाका विशेषताको गहन शिक्षण पनि यसको उद्देश्य होइन । विद्यार्थीहरूलाई निर्धारित कृतिहरू सरसरती पठन गर्न र तत्पश्चात त्यसको आस्वादनबाट प्राप्त प्रतिक्रिया लेख्न उत्प्रेरित गराउनुपर्छ । यसो गर्दा लेखकको सिर्जनासँग सम्बन्धित विभिन्न बुँदासारमा आधारित निर्देशित अनुच्छेदात्मक लेखनबाट अभ्यास गराउनु र अनुच्छेदबाट बुँदाबद्ध रूपमा सम्बद्ध कृतिका मुख्य विचार तथा भाव समेटी बुँदागत रूपमा प्रस्तुत गर्ने सिपको विकास गराउनु जरुरी छ ।

आस्वाद्य विषय र मूल भाव वा कथ्य : आस्वाद्य विषय र मूल भाव वा कथ्यअन्तर्गत कृतिको सरसरती पठनपछि कृतिमा अन्तर्निहित प्रतिपाद्य विषय के हो, त्यसलाई ठम्याउने र त्यस्ता विषयवस्तुलाई स्रष्टाले कुन रूपमा प्रस्तुत गरेको छ, त्यसलाई आफ्नो मौलिक र सरल भाषामा अभिव्यक्त गर्न प्रेरित गर्नुपर्छ । यसमा पनि बुँदासारलाई अनुच्छेदमा रूपान्तर गर्ने वा अनुच्छेदलाई बुँदाबद्ध रूपमा प्रस्तुत गर्ने भाषिक सिपको अपेक्षा राखी शिक्षण गर्नु जरुरी छ ।

प्रतिक्रियात्मक अभिव्यक्ति : विद्यार्थीले कुनै कृतिको सरसरती अध्ययन गरेपछि आफ्ना मनमा के/कस्ता भाव वा विचार उत्पन्न भए तिनलाई वैयक्तिक

प्रभावको प्रतिक्रियाका रूपमा प्रस्तुत गर्न प्रेरित गर्नुपर्छ । कृतिको अध्ययनका क्रममा कृतिको शीर्षक र त्यसले सङ्केत गर्ने केन्द्रीय भाव वा विचार, कृति र शीर्षकबिचको अन्तरसम्बन्धलाई जोडेर प्रतिक्रिया लेखनतर्फ विद्यार्थीहरूलाई प्रोत्साहित गरिनुपर्छ । शिक्षकले विषयगत व्याख्यान दिने, विस्तृत नोट टिपाइदिने र उक्त नोट पढेर वा रटेर विद्यार्थीहरू परीक्षाका लागि तयार हुने प्रवृत्ति निरुत्साहित गरी कृति पढेपछि मनमा उत्पन्न भावलाई सृजनात्मक रूपमा आफ्नै भाषामा अभिव्यक्त गर्ने कार्यतर्फ उनीहरूलाई प्रोत्साहित गरिनुपर्छ । यसका निम्ति शिक्षक साथीहरूले निम्न विधि/तरिकाहरू अवलम्बन गर्नु उपयुक्त देखिन्छ–

- साहित्यिक कृतिको सरसरती पठन, आस्वादन र प्रतिक्रियात्मक अभिव्यक्ति सिपको विकास गराउने उद्देश्यअनुसार स्रष्टाको सामान्य परिचय र स्रष्टाका साहित्यिक विशेषताहरूको सूची बनाउन लगाउने ।
- निर्धारित कृतिको सरसरती पठनपछि कृतिमा रहेको प्रतिपाद्य विषयबारे टिपोट गर्न लगाउने ।
- कृतिको मुख्य भावको आस्वादन गर्ने क्रममा कृतिमा प्रस्तुत मूल भाव/कथ्य के/कस्तो छ त्यसलाई ठम्याउन लगाउने ।
- आस्वाद्य विषय ठम्याइसकेपछि त्यसलाई प्रतिक्रियात्मक रूपमा व्यक्त गर्न लगाउने ।
- कृतिमा अभिव्यक्तिगत शिल्पसम्बन्धी के/कस्तो विशेषता छ, कृतिमा भावगत सघनता के/कस्तो छ, सामान्य टिपोट गर्न निर्देशित गर्ने र अन्तमा ती सबै पक्षलाई समेटेर प्रतिक्रियात्मक लेखनतर्फ प्रवृत्त गराउने ।
- कुनै लेखकको परिचयलाई व्यक्तिवृत्तको ढाँचामा रूपान्तर गर्न लगाउने ।
- कुनै लेखकको व्यक्तिवृत्तको सूचनालाई अनुच्छेदमा रूपान्तर गर्न निर्देशन दिने ।
- कुनै साहित्यिक कृतिको मूल भाव/कथ्यको अनुच्छेदलाई निश्चित बुँदामा टिपोट गर्न प्रेरित गर्ने ।
- कुनै कृतिको शीर्षक सन्दर्भ पढी त्यसमा रहेका मुख्य तर्कहरूलाई बुँदाबद्ध रूपमा प्रस्तुत गर्न लगाउने ।
- शीर्षक सन्दर्भअन्तर्गत साहित्यिक रचनाका शीर्षकहरू कृतिको मुख्य सारसँग सम्बद्ध छन्/छैनन् अथवा कुनै खास घटना वा शीर्षक पाठको केन्द्रबिन्दु हुन सकेको छ/छैन, पात्रसँग सम्बन्धित छन् वा शीर्षक र कृतिबिच सम्बन्ध नै छैन भन्ने विषयमा मन्थन गर्न लगाउने ।

- विद्यार्थीहरूलाई समूहमा विभाजन गरी साहित्यिक कृतिका एक एक विचार समेटिने किसिमले कृतिको स्रष्टा परिचय, स्रष्टाका विशेषता, मुख्य भाव, शीर्षक सन्दर्भलाई निर्धारित ढाँचामा लेखी कक्षामा प्रस्तुत गर्न लगाउने ।

यसरी साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिक्रियाको क्रममा मूल रूपमा स्रष्टाको सामान्य परिचय र विशेषता, कृतिमा अन्तर्निहित आस्वाद्य विषय र मुख्य भाव वा कथ्यका साथै सम्बन्धित कृतिको शीर्षक सन्दर्भलाई समेत शिक्षण गर्ने क्रममा शिक्षक साथीहरूले कक्षाको अवस्था र स्थिति हेरी अन्य उपयुक्त भाषिक शिक्षणका विधि र तरिकाहरू अवलम्बन गर्नु जरुरी छ । भाषिक सिकाइशिक्षण यसको केन्द्रबिन्दु हुन सकेमा अनिवार्य नेपालीको पठनपाठनले नयाँ मोड लिन सक्नेछ र यस प्रकारको शिक्षण ढाँचाबाट पाठ्यक्रमले राखेको उद्देश्य पूर्ति हुनेछ ।

प्रा.डा. देवीप्रसाद गौतम
अध्यक्ष
अनिवार्य नेपाली विषय समिति
त्रिभुवन विश्वविद्यालय

विषयक्रम

कविता

तिम्रो र हाम्रो मन एक होओस्/माधव घिमिरे ३
मेरो चोक/भूपी शेरचन ४
मनको दैलो/दुर्गालाल श्रेष्ठ ६
भोलिको नेपाल/हरिभक्त कटुवाल ७
चराका गीतहरू/अमर गिरी ८
आँसु लुकाई परेलीमा/धीरेन्द्र प्रेमर्षि १०

कथा

एक रात/विश्वेश्वरप्रसाद कोइराला १३
लङ्काकाण्ड/राजेन्द्र विमल २५
आरुको बोट/पद्मावती सिंह ३९
पछबरिया टोल/ऋषिराज बराल ४६
गाउँमा गीतहरू गुन्जिँदैनन्/महेशविक्रम शाह ५३

निबन्ध

के नेपाल सानो छ ?/लक्ष्मीप्रसाद देवकोटा ६७
गोधूलि संसार/शङ्कर लामिछाने ७४
टाउको/भैरव अर्याल ७९
सुखसत्ता/शारदा शर्मा ८४

एकाङ्की/नाटक

सत्ताको खोजमा/विजय मल्ल ९१
पीडा आरोहण/कृष्ण शाह यात्री १०४

कविता

तिम्रो र हाम्रो मन एक होओस्

मेरो चोक

मनको दैलो

भोलिको नेपाल

चराका गीतहरू

आँसु लुकाई परेलीमा

तिम्रो र हाम्रो मन एक होओस्

माधव घिमिरे

यो कर्मको सुन्दर यज्ञमाझ
मन्त्रन्छु साझा दिल एक आज

मिलेर सारा नरलोक गाओ
मिलेर सारा स्वर एक गाओ
जे गीत गाऔँ, जुन देश जाऔँ
मनुष्यको त्यै दिल एक पाऔँ

यै एउटा हिर्दय-तत्त्व धारा
मिली सधैँ इन्द्रिय देव सारा
सङ्गीत, सौन्दर्य र स्नेह भोग्छन्
आनन्द यौटै दिलभित्र लाग्छन्

सल्लाह गर्ने स्थल एक होओस्
निष्कर्षमा त्यै दिल एक होओस्
होस् चित्त यौटै अनि मर्म यौटै
होस् गीत यौटै अनि कर्म यौटै

मनुष्य ह्वौ हिर्दय एक हाम्रो
कता कता आशय एक हाम्रो
तिम्रो र हाम्रो मन एक होओस्
जिऔँ सँगै जीवन एक होओस् ।

[चैत-वैशाखबाट]

मेरो चोक

भूपी शेरचन

साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।

असङ्ख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन
यहाँ त्यसमाथि रोक छ ।
साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।

यो मेरो चोकमा
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता
यी दुवै थरीको निवास छ ।
तर यहाँ यी दुवै थरी उदास छन् ।
दुवै थरी निराश छन् ।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात रातभरि उपियाँले टोक्छ
दिन दिनभरि रुपियाँले टोक्छ
र देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ

त्यसैले यो चोकमा
देवता र मानिसले
एकअर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन् ।

साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।

[घुम्ने मेचमाथि अन्धो मान्छेबाट]

मनको दैलो

दुर्गालाल श्रेष्ठ

देख्छु विजयमा पनि म पराजय
युद्ध अरे किन बाबा !
हद्द मिले पनि सत्तै हैन र
कें नै हो त्यो जाबा ?

खै, मान्छेमा त्यो मान्छेपन
खै, त्यो धर्म धरोहर ?
खै, त्यो उसको सिर्जना शक्ति
करुणा मानसरोवर ?

बाहिर रङ्ग र रोगन फेर्दै
जतिकै छाओस् क्रान्ति,
मनकै दैलो बन्द छ बाबा
कसरी आओस् शान्ति ?

भोलिको नेपाल

हरिभक्त कटुवाल

ती जो बिहानै काखीमा पुस्तकको ठेली च्यापेर
हुलका हुल निस्किरहेछन् गल्ली गल्लीबाट
तिनलाई बोटो छोडिदेऊ !
ती लहर जस्तै उर्लेर आइरहेछन्;

यी घर, जसलाई हामी घर ठानिरहेका छौँ
यी सडक, जसलाई हामी सडक भनिरहेका छौँ
यी मन्दिर, जसलाई हामी मन्दिर सम्झिरहेका छौँ
यी केही पनि प्रशस्त हुने छैनन् उनीहरूका लागि ।

ती त सपना बोकेर आइरहेछन्– निर्माणको गीत गाउँदै

उनीहरूलाई छेक्न नखोज !
आफूलाई चाहिने घर
आफूलाई चाहिने सडक
आफूलाई चाहिने मन्दिर
उनीहरू आफैँ बनाउनेछन्
निश्चित छ–
भोलिको नेपाल उनीहरूले चाहे जस्तै हुनेछ ।

[यो जिन्दगी खै के जिन्दगीबाट]

चराका गीतहरू

अमर गिरी

ब्युँझिएको समयलाई सलाम
ब्युँझिएको समयसँगै हिँड
सप्रेम त्यसलाई चुम्बन गर
आकाश हेर
आकाशको अनन्तता हेर
उड्ने पखेटाहरूमा तेल लगाऊ
त्यसलाई बलियो पार
घोडामा काठी कस
लगाम लगाऊ
र वेगले शिखरतर्फ चढ ।

जहाँबाट हिँडएको हो
बाटो त्यहीँ पुग्नसक्छ
देखिएको छ
भुल नदोहोऱ्याऊ
त्यसबाट सिक
हामीलाई हेर
हाम्रा सपनालाई हेर
हाम्रा दुःख/हाम्रा पीडालाई हेर
हाम्रो यात्रा/हाम्रो वेगलाई हेर
पाखापखेरामा छरिँदै गरेका कलिलो घामलाई
रुखहरूले छेक्छन् कि पहाडहरूले
खबरदारी गर
छेक्ने रुखहरू काट

बदलिएको मौसमलाई अभिवादन गर
त्यसमाथि चढ र यात्रा गर ।

सुबोल बोल
फूलहरूमा पानी राख
जङ्गल गोड
बोटमा उकेरा लगाऊ
किराहरू मार
अप्ठ्यारो पर्दा
हामीलाई बोलाऊ
हाम्रो साथ माग ।

हामी बाजसँग पनि लड्छौँ
चिलसँग पनि
हामी पहाडहरूसँग पनि लड्छौँ
पखेराहरूसँग पनि
हामी
मुक्त आकाश चाहने
चराहरू हौँ ।

[दुःसाध्य समयबाट]

आँसु लुकाई परेलीमा

धीरेन्द्र प्रेमर्षि

आँसु लुकाई परेलीमा खुसी मुस्कुराइरहेँ
कामनाको सिमलभुवा हाँसोमै उडाइरहेँ

नदीसँग मितेरीको पीडा था'छ मै ढुङ्गोलाई
पानी बग्यो, म ठोक्किएँ, चोट सुमसुम्याइरहेँ

अञ्जुलीमा सूर्य बोकी छाया छरेँ फूलबारीमा
फूल मगमगाइरह्यो, जिन्दगी जलाइरहेँ

चक्रपथको यात्रा जस्तै सम्झनाको पासो कस्तो
जति जति भाग्न चाहेँ, उति नजिक आइरहेँ

सुख रै'छ दन्त्यकथा, एकादेशकी परी जस्तै
दुःखलाई नै जीवन ठानी, गजल गुनगुनाइरहेँ ।

[समयलाई सलामबाट]

कथा

एक रात

लङ्काकाण्ड

आरुको बोट

पछबरिया टोल

गाउँमा गीतहरू गुन्जिँदैनन्

एक रात

विश्वेश्वरप्रसाद कोइराला

त्यो रात्रि पनि सधैंको जस्तो साधारण रात्रि थियो । अन्धकारमा मानिसको लोक थाकेर मरेको– चिसो, जाडोले कठाङ्ग्रिएको । काजलको आकाशमा एकनाससँग सलमा सितारा झल्केका हेरिदिने कोही छैन । घर घरमा बत्ती निभेका छन्, ढोका, झ्याल टम्म छन् । शून्य सडकका खाँबामा बत्ती घोरिएर भुइँतिर हेरिरहेका छन् र तिनको टल्कोमा बन्न लागेको पातलो हुस्सु रात्रिको निःश्वास जस्तो बत्ती बत्तीमुनि झुन्डिएर अडिरहेको छ । निष्पट्ट शान्ति छ सहरमा; झन् जाडोले शान्तिलाई जमोठ जस्तो डल्लो पारेर अडाइदिएको छ ।

अरू जाडाका रात्रिसरह नै त्यो रात्रि पनि थियो । जीवनको कार्यरतता एकदम थामिएर अडेको मानौं तमाम विश्व स्पन्दनहीन भएको छ । दरबारमा राजारानी र अरू राजपरिवारका प्राणीहरू सुतेका थिए; मन्त्रीहरू र अरू ठुलठुला कर्मचारीहरू सरकारी आवास स्थानहरूमा; पसले, जागिरिया, कृषक, गरिब, मध्यवित्तीय तथा धनी व्यक्तिहरू; नरनारी सबै, बालक, विद्यार्थी, ज्यामी, कामी, आआपना घरमा, सर्वहारा पाटीका सत्तलमा जहाँ मुन्टो घुसार्ने ठाउँ पाए त्यहीं सबै सुतेका थिए । रात्रि क्लबबाट छरिएका मोटरहरूको ठाउँ ठाउँमा आवाज र मोटरभित्र बसेका पुरुष र नारी कण्ठको हाँसो मिसिएको ध्वनि, सडकमै फुटपाथमा गोडा लतार्दै अझै आफ्नो घरको आश्रयमा पुग्न नसकेका लुगैलुगाले सारा शरीरलाई बेरेर हिँडेका एक-दुई मानिसहरू, कुनै कुनै घरबाट सुनिने बुढाहरूको भारी छातीको खोकी, साना नानीहरूको अचानक उठेको र त्यस्तै अचानक थामिएको क्रन्दन । कुनै कुनै झ्यालको कापबाट फुस्किएको ज्योति जसले भित्र बन्द कोठामा कुनै दाम्पत्यमा क्रयी विक्रयी प्रणयलाई सजिलो परिरहेको थियो आदि यस्तै साना साना चहलपहलका कुराहरूले मात्र यो सङ्केत दिन्थ्यो– जीवन हठात् मरेको थिएन– थामिया मात्र थियो, मृत्युवत् निद्रामा ।

र ऋ्यालखानाको एक कुनामा एकतले मुन्डा घरको कालकोठरीमा एउटा किशोरलाई पनि अकस्मात् ऋपक्क आँखा लागेछ र त्यसै गुँडुल्किएर राडीको बिछ्यौनामा सुतेछ– जाडोले एक डल्लो भएर हातलाई तिघ्राका बिचमा घुसारेर । त्यसै बखतमा फलामे डन्डी भएको कोठरीको ढोकामा बाक्लो साङ्लो बज्यो । किशोरको तन्द्रा भङ्ग भयो; सोच्यो– उनीहरू आए । बाहिर, धेरै मानिसहरूको गोडाको आवाज खस्याकखुसुक सुन्यो र कर्कश शब्दका साथ फलामे डन्डीमा सिक्री रगडिएको पनि ।

भर्खर यसो उँघेको मात्र थियो क्यारे, तर घडी कति छिटै बितेको । राति कमिस्नर आएर सोधेर गएका थिए– के खान मन छ ?

उसले भनेको थियो टाउको हल्लाएर– केही खान मन छैन । कमिस्नरले फेरि सोधेका थिए– घरका मानिसहरूलाई केही भन्नु छ ?

उसले फेरि टाउको हल्लाएर भनेको थियो– छैन केही भन्नु । फेरि कमिस्नरले बडो कोमल स्वरमा अन्तिम बार सोधे– तिम्रो अन्तिम इच्छा के छ ? केही भन्नु छ ?

किशोर केही सचेत भयो र उसलाई लाग्यो, कमिस्नरको यो प्रश्नमा अन्तिम दिलचस्पी लिएर केही बोलिदिनै पर्छ, नत्र जीवनको केही टुङ्गो नलागेको जस्तो हुने छ । विसर्जन वाक्य त केही भन्नै पर्छ । उसले भन्यो– तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस् ।

कमिस्नर मानौँ हडबडाएर उठे र उनले बडो अस्वाभाविक कण्ठमा भने– ल भो, भो...।

त्यसपछि फेरि फलामे ढोका लाग्यो; सिक्री बारमा रगडियो; बाक्लो ताल्चा मारियो र गोडाको आवाज बिस्तारै चिसो माटोमा विलीन हुँदै गयो ।

किशोर फेरि एक्लै भयो कोठामा । अन्तिम घडी आएछ– चटक्क चुँडिने जीवनको कोमल हाँगोबाट । हठात् समाप्त हुने– छु र छैनका बिच छुट्ट्याउने एउटा पातलो रेखा सायद खुकुरीको धारको या कुनै बटारिएको चिल्लो डोरीको । साधारण मृत्यु होइन यो, जसमा जीवन बिस्तार बिस्तार निभ्दै जान्छ, बिलाउँदै बिलाउँदै जान्छ; कालगतिको सामान्य नियममा बाँधिएको मृत्यु यो होइन । न हो यो त्यस्तो अकस्मात्को मृत्यु जस्तो कि युद्धमा तातो गोली खाएर प्राण उडेको हुन्छ– सोच्दै नसोचेको गोली लाग्छ छातीमा, अनि त्यही अकस्मात्को आश्चर्यमा मान्छेको शरीर सेलाइ हाल्छ । यहाँ त धेरै दिनदेखि पर्खिएको मृत्यु हो यो– ऋन् दरबारबाट मृत्युदण्डको पुष्टि भएपछि– आज हुन्छ, भोलि हुन्छ भन्दै औँलामा दिन गन्दै मृत्युलाई पर्खेर बसेको । कालगतिको नियमबाट आएन यो, न अकस्मात्

नै आयो । यहाँ त धेरै आयोजना भए थानामा, प्राइभेट न्याय गोष्ठीमा, दरबारमा– खुब छलफल भए, ऐनको ठेलीबाट निकै दफा फिकेर न्यायको व्याख्या भयो र अहिले पनि मृत्युका लागिको यो बृहत् आयोजन समाप्त भइसकेको छैन– बाँकी रहेको कागजमा अफिसरहरूको दस्तखत पर्दै होला; अन्तिम अर्डरहरू लेखिँदै होलान्; खुकुरीमा सान लगाइँदै होला या डोरी, तख्ताको व्यवस्था मिलाइँदै होला– तर तैपनि मृत्यु त हठात् नै– छु र छैनका बिच केवल आधा सास– मुटुको केवल आधा चड्काइ ।

किशोरले घरलाई सम्झ्यो । पहिले पहिलेको जस्तो भावनाले विभोर भएर होइन, एकदम अनुद्विग्न भएर; मानौँ घरको दृश्य त्यो हेरिरहेको छ, तस्बिरहरूमा । उसका आमाबा एउटा ठेट ग्रामीण दम्पती; उनीहरूले बुझे होलान् र राजनीतिका कुरा ? सानो गृहस्थीमा आइपर्ने सुखदु:खका कुराभन्दा माथि कहाँ उठ्थ्यो र उनीहरूको विचार ! जेठो छोरोलाई अङ्ग्रेजी पढाउने पनि बडो छलफल गरेर मात्र निर्णय भएको थियो । नत्र आमा त भन्थिन्– गाउँको पाठशालामै कौमुदी पढाए भइहाल्थ्यो नि । इष्टमित्रहरूले भनेका थिए– आजकल अङ्ग्रेजी नपढाईकन हुँदैन । बालाई जेठो छोरोमाथि बडो आशा थियो । त्यसैले अङ्ग्रेजी पढाउने नयाँ कुरा तिनले गरे । छोरोले जब म्याट्रिकमा प्रथम श्रेणी ल्यायो, बाको आँखा त्यसै गर्वले उज्यालो भएको थियो तर मुखले भने गर्वको एक वाणी फिकेका थिएनन् । बरु गाउँवालाहरूले आफ्नो एउटा ठिटोले इज्जत कमाइदिएको हुनाले भने– क्याबात् ! बालाई त मनग्य पुगेको थियो । जेठो छोरोले त्यति अङ्ग्रेजी पढिहाल्यो; अब घर बसोस् र खेती हेरोस् । आमा पनि भन्थिन्– अब यसलाई धेरै पढाउनु पर्दैन । घरमा दुई छाक खान पुगिहालेको छ; नोकरी गर्नुपर्ने होइन । हेर हेर, कति दुब्लो भएको छ अङ्ग्रेजी पढ्दा । गाउँलेहरूले नै फेरि ढिपी गरे– यत्रो जेहन भएको छोरोलाई घरैमा थन्क्याएर राख्ने हो ! पढ्छ लेख्छ काजी, मिनिस्टर, जज, बेरिस्टर हुन्छ । इज्जत थुपार्छ यसले हामी सबैको । अनि आई. ए. पढाउन हिन्दुस्तान पठाएको थियो । आमा त केही नबुझेर अन्ध वात्सल्यमा आँसु बगाइरहँदी होलिन् । बा भने आँसुलाई बलपूर्वक थाम्दै, नरिवलको हुक्कामा तमाखुमाथि तमाखु तानेर पिँढीमा एकोहोरो टोलाएर बसिरहँदा होलान् । सानो भाइ आफ्नो स्कुलमा राजनीतिका कुरा गर्दो हो र भन्दो हो– नेपालमा प्रजातन्त्र ल्याउनुपर्छ । अनि एक्लै भएको बखतमा मलाई सम्झिँदो हो र सायद साथीहरूले नदेख्ने गरी तकियामा मुन्टो गाडेर आँसुलाई पुछ्दो हो । मेरो राजनीतिक इतिहासका मोटा मोटा किताबलाई पल्टाएर भन्थ्यो– दाइ, म कहिले पढ्छु यिनलाई !

किशोरले बहिनीलाई सम्झ्यो जसलाई ऊ बडो माया गर्थ्यो । बाहिरबाट छुट्टीमा आउँदा उसलाई एक जोर रङ्गीन सुती सलवार र कुर्ता ल्याइदिएको थियो । घरमा उसले ठुलो आन्दोलन मच्चाएर बहिनीलाई यो वेशमा बाहिर निस्किन लगाएको थियो । बाले भने– जेठोले के के गरिहिँड्छ, नगरेको चलन ।

उसले बहिनीलाई राखेर भन्यो– बहिनी, तिमीले पढ्नु पनि पर्छ । म तिमीलाई पढाउँछु ।

बहिनी बडो उत्साही बालिका थिई । उसले भनी– म पढ्छु दाइ ! म पनि ठुली हुन्छु, धेरै पढ्छु । अनि बडो मेहनत गर्न थालेकी थिई पढ्नमा । जहिले पनि कापी, किताब र कलम उसका हातमा हुन्थे । घरको कुनामा या आँपको गाछीमुनि ऊ घोप्टो परेर सुतेर पढ्थी– "एउटा स्याल बडो धूर्त थियो... दाइ ! 'धूर्त' भनेको के ?" भनेर किताबबाट मुन्टो फिकेर सुती सुती कराएर सोध्थी । अनि अङ्ग्रेजी पनि पढ्न थाली– ए, बी, सी, डी, ... ।

आमा भन्थिन्– छोरालाई के थरी थरीका कुरा गर्न मन लाग्छ । मैयाँलाई अङ्ग्रेजी पढाउने रे ! बिहा भएर पराईका घर जाने छोरीलाई घरको काम सिकाउने कहाँ कहाँ...?

आमा हाँस्थिन् छोरीले कनीकुथी गरेर पढेको देख्दा र कहिले कहिले त्यहींनिर बसेर उसले पढेको कथा सुन्थिन् ।

बहिनी भन्थी– आमा, म बिहे गर्दिनँ ।

आमा भन्थिन्– के भनेकी रे, बिहे गर्दिनस् ?

अहँ गर्दिनँ– देशसेवा गर्छु पढेर आमा ! भन्थी बहिनी ।

त्यसपछि किशोरको बिहा भयो । सानी केटी आई, दुलही भएर ।

उसले बालाई एक-दुईचोटि भनेको थियो– बा, अहिले बिहे गर्दिनँ, पढि सिद्धचाउँछु अनि...।

बाआमा दुवैले बडो आग्रह गरे र भने– बुहारी घरैमा हामीसँग बस्छे, तँ पढ्न जालास् । के बिग्रिन्छ त्यसले ! उसले यसमा धेरै जिद्दी गरेन, यद्यपि उसलाई मनमनै लाग्थ्यो, पढ्न सिद्धचाएर आफ्नै गोडामा उभिने भएपछि बिहा भए असल । त्यसो हुनाले आमाबाको आज्ञा मानेर मात्र उसले बिहा गरेको थियो; आफ्नो बिहेमा उसलाई दिलचस्पी थिएन ।

तर बिहे गरेर जब उसले एउटी सानी केटीलाई घर लिएर आयो, उसलाई लाग्यो, उसलाई म आफ्नो रूपमा ढाल्छु । दुलही बहिनी जत्री थिई । उसले भन्यो– यसलाई पनि पढाउँछु, लेखाउँछु र बाहिरको जगत्मा अर्धाङ्गिनी बनाएर उपस्थित गर्छु । मेरो जीवनमा यो गाँसिन आई । अनि बडो चाख लिन थालेको थियो, आफ्नी सानी पत्नीमा ।

तर ऊ यति सानी थिई कि के कुरा गर्ने ऊसँग ? यो बिरानो घरमा ऊ पनि चुप लागेर बसिरहन्थी र केही सोध्यो भने आफ्ना ठुलठुला आँखा उठाएर हेर्थी। तर बोल्न बडो गाह्रो मानेको जस्तो गर्थी।

एक दिन किशोरले सोधेको थियो– राधा ! तिमीले घरमा लेख्न पढ्न सिकेको थियो कि थिएन ? उसले आँखा उठाएर हेरेर मुन्टो मात्र हल्लाएकी थिई, यो भन्नलाई कि पढेकी छैन।

त्यसपछि राति बसेर ऊ दुलहीलाई पढाउन थालेको थियो। उसले बहिनीलाई भनेको थियो– बहिनी, भाउजूलाई पनि आफूले पढेको सिका न।

एक दिन उसले दुलहीलाई भन्यो साँझतिर– राधा ! हिँड जाऊँ घुम्न, नदीतिर।

यस्तो कुरा गाउँमा पहिले कहिल्यै पनि भएको थिएन। राधाले छक्क परेर किशोरलाई हेरिरही। किशोरले फेरि आग्रह गरेको थियो– हो, नयाँ युगका अनुसार हामीले पनि हिँड्ने बानी गर्नुपर्छ राधा !

अनि राधा खुसी भएकी जस्ती थी तर भन्न चाहिँ यति भनी– तर मलाई लाज लाग्छ।

त्यसरी राधासँग उसको प्रेम घनिष्ठतर हुँदै गएको थियो। कति सुधी, लाटी छ राधा ! यही बमकाण्डभन्दा केही दिनपहिलेको कुरा। कलेजमा क्रान्तिकारी गोष्ठीले बम फ्याँकेर तानाशाहलाई अत्याउनुपर्छ र चेतावनी दिनुपर्छ भन्ने निर्णय गरेको थियो, र किशोरले स्वेच्छाले यो काम आफ्नो जिम्मामा लिएको थियो। त्यसपछि बम लिएर घर आएको थियो ऊ।

बेलुका उसले राधालाई भन्यो– हिँड जाऊँ नदीतिर घुम्न। राधाले फेरि आफ्ना ठुलठुला आँखा उठाएकी थिई र भनेकी थिई– लाज लाग्छ मलाई।

किशोरले राधाका ठुलठुला आँखापट्टि लक्ष्य गरेको थियो; उसलाई लागेको थियो, कत्रा ठुलठुला निर्दोष आँखा छन् यसका। साँच्चै उसको अनुहारमा लाजको चिह्न पनि थियो, चिल्लो श्यामल अनुहारमा हलुको रक्त चढेको।

उसले भनेको थियो– राधा, अझसम्म लाज गएको छैन तिम्रो ! आमा हुने बखतमा पनि ?

राधा लाजले भुतुक्क भएकी थिई। तर एकछिनपछि तिनीहरू सन्ध्याको अँध्यारोको आडमा गाउँलाई राखेर नदीतिर आएका थिए। राधा कत्रो भरोसा लिएर आइरहेकी थिई ऊसँगै, त्यस साँझमा। घाटमा एकछिन बसेर उनीहरूले कुरा पनि गरे, गोडा पानीमा झुन्ड्याएर।

किशोरले भन्यो– राधा, तिमीले आफ्नो जिउको राम्रो हेरविचार गर्नू !

राधाले केही नबोलेर आफ्नो गोडा पानीमा हल्लाइरही । अनि एकछिनपछि त्यसै लहडमा सोधेको जस्तो गरी किशोरले भन्यो– तिमीलाई पहिलो सन्तान छोरा कि छोरी, के मन पर्छ ? राधाले अँध्यारोमा पनि लाजले मुख छोपी । तर मनमा बडो प्रसन्न थिई र बिस्तारै छोपेको मुखबाट भनेकी थिई– छोरो ।

किशोरले त्यस्तै सहज स्वरमा भन्यो– राधा ! छोराको राम्रो हेरविचार गर्नू !

अनि राधाले मुखबाट हात झिकेकी थिई र टुलुटुलु किशोरतिर हेर्न थालेकी थिई । उसका पानीसँग खेलिरहेका गोडा थामिएका थिए । उसले सानो आशङ्काको स्वरमा सोधेकी थिई– किन यस्ता कुरा गरिरहेका छौ आज, प्राणनाथ !

'प्राणनाथ' अत्याहटको सानो वेगमा संयमलाई बिर्सेर हृदयको स्पष्ट ध्वनि निस्केको थियो, राधाको मुखबाट– प्राणनाथ ! किशोरलाई आफ्नो एकान्तको कुरा बताएर सम्बोधन गरेको यही पहिलोचोटि थियो राधाले र आखिरीचोटि । भोलिपल्ट त ऊ समातिइहालेको थियो ।

राधाको अत्याहट बुझेर उसले वातावरण हलुको पार्न भनेको थियो, उसको हात आफ्नो हातमा लिएर– हामी दुवैले मिलेर आफ्नो छोरालाई राम्ररी हेरौँला, माया गरौँला, पढाऊँला, लेखाऊँला र ठुलो पारौँला ।

राधा कस्ती सरल बालिका जस्ती थिई, उसको गोल गोल अनुहारमा अझै बालिकाको स्निग्धता बाँकी नै थियो तर आमा पनि हुन लागेकी थिई अब त्यो ।

अनि स्वाभाविक स्थितिमा आएर उसले भनेकी थिई– तिमी कहिले कहिले अनौठो व्यवहार गर्छौ, अनौठो कुरा गर्छौ...।

साँझको अन्धकार गाढा हुँदै आएको थियो । उनीहरू घर फर्के; बाटामा राधाले आफ्नी दिदीको कुरा गरी, जसले छोरो पाउँदा राधा पनि थिई । दिदीको छोरो कस्तो राम्रो छ, घुतुमुने– काखीभरि अटाउने– लिइरहूँ जस्तो लाग्छ– म्वाइँ खाइरहूँ जस्तो लाग्छ... ।

त्यही एकचोटि थियो जब राधाले आफ्नो मनका कुरा मात्रै गरेकी थिई, एकदम मुखरा भएर ।

थुनिएपछि उसले सुन्यो कि राधाले छोरो नै पाई ।

किशोरले राडीमा लेटी लेटी सुनिरह्यो, जेलका विभिन्न ध्वनिहरू जब कि सबभन्दा उपर चढेको हुन्थ्यो चौकीदारहरूको गर्जन– होसियार ! होसियार...!!

कहिले किशोर फेरि तस्बिर हेरेको जस्तै मनको चिसो आँखाले कलेजका साथीहरूलाई हेर्न थाल्थ्यो । उसले विदेशमा पनि कलेजमा पढ्ने विद्यार्थीहरूको एउटा सङ्घ बनाएको थियो । जहाँ नाना विषयमा छलफल हुन्थे– प्रजातन्त्र,

मार्क्सवाद, स्वतन्त्रता, समाज र व्यक्ति आदि विषयहरूमा । सबै विद्यार्थीहरू युवकको उत्साहमा आआफ्ना मतमा अडिग भएर बहस गर्थे तर सबैको हृदयमा नेपाललाई उन्नतिको आधुनिक बाटोमा लग्ने इच्छा थियो र सबै नेपालको पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य चाहन्थे । हिंसा अहिंसाको पनि तर्क उग्र जोसका साथ हुन्थ्यो उनीहरूका बिच । कोही भन्थे– अहिंसाको मार्गले प्रजातन्त्र दिगो हुन्छ र कोही भन्थे– अहिंसालाई सफल प्रयोगमा ल्याउन पनि प्रारम्भिक हिंसा चाहिन्छ– बाटोलाई छेकेको तगारो हटाएको जस्तो । त कोही भन्थे– अहिंसाले राजनीतिक परिवर्तन गर्ने भए र त्यसरी दिगो प्रजातन्त्र कायम गर्ने मनसुबा भए अनन्तसम्म पर्खन पनि तयार हुनुपर्छ तर यत्रो द्रुत गतिमा बढिरहेको दुनियाँमा के हामी नेपालीले अनन्तसम्म पर्खिरहने...!

त्यहीँ एउटा सानो क्रान्तिकारी गोष्ठी पनि बन्यो जहाँ यो निर्णय लिइन्थ्यो कि राजनीतिमा हिंसाको पूर्णत: त्याग असम्भव छ त्यसो हुनाले प्रयत्न यसमा मात्रै गर्नुपर्छ कि हिंसा सीमित रहोस् र अनिवार्य भएमा मात्र अनिवार्य परिमाण प्रयोग होस् । बम फ्याँक्दा किशोरले मनमा निस्सङ्क भएर विश्वास गरेको थियो कि त्यसको यो कार्य अनिवार्य छ । उसलाई पुलिसले केर्दा या न्याय गोष्ठीमा सोद्धा उसले एकनाससँग भनेको थियो– मैले फ्याँकेको हो बम । तर हत्याका लागि होइन, चेतावनीका लागि कि युवकलाई स्थिति असह्य हुन लागिरहेको छ । ...तर हत्या हुन गएको भए त्यो अनिवार्य थियो, जनताका अधिकारका लागि ।

अन्तिम घडीमा एक एक गरेर सारा दृश्य उसका सामुन्ने आइरहेका थिए । सोच्दासोच्दै ऊ गुँडुल्किएर निदाएछ ।

अनि कालकोठरीको फलामे ढोका उघ्रियो– सिक्री डन्डीमा रगडियो । उसले लेटी लेटी सोच्यो– लिन आए ।

कस्तो अनुद्विग्न छ उसको मन– एकदम भावनाशून्य भएको छ उसको हृदय– धोइएर, पुछिएर चोखो ।

कमिस्नरको बोली सुनियो कोठामा– अब बाहिर आउनुपर्‍यो ।

उठेर बस्यो ऊ । कोठामा तिन-चार जना पसेका थिए– निलो पेन्ट र कोट लाएको डाक्टर, एउटा मिलिट्रीको सुबेदार र कुन्नि एक-दुई जना अरू । किशोरले कोठामा एकचोटि दृष्टिपात गर्‍यो । कोठाको अँध्यारो बाहिरको एउटा बल्बको प्रकाशले हटाइरहेको थियो । ढोकाको डन्डीको छाया एउटा भुइँमा सोऱ्हो, अर्को भित्तामा च्याप्टो र बाङ्गिएको परिरहेको थियो । कुनामा एउटा सानो माटाको पानीको घैला थियो जसको मुखलाई कचौराले छोपेको थियो र नजिकै धोएको थाल पनि भित्तामा ठड्याएर राखेको थियो । गिलास पनि घैलानिर नै थियो ।

राडीको बिछ्यौनामा एउटा खाँडीको चादर बिछेको थियो । एउटा तकिया, एउटा खाँडीकै बर्को र दोलाइँ पनि खाटमा थियो । तकियानिर तिन थान किताब थिए । किशोरले किताबहरूलाई मिलाएर तकियासँगै टाँसेर राख्यो– तल मोटो जातक कथाको पुस्तक, त्यसमाथि बाइबिल र सबभन्दा माथि भाषाटीका भएको गीता ।

उसलाई लिन आउने अफिसरहरू हडबडी गरिरहेका छैनन् । चुप लागेर उभिइरहेका थिए । किशोरले बिस्तारै किताब मिलायो र मनमा भन्यो– यी किताबहरूले के भने ? जीवनमा तिनका उपदेशहरूको प्रयोग त सम्भव छैन र यो पनि जान्न सकिएन कि उसको त्यो कार्यका प्रति के भनाइ छ यिनीहरूको ! अब अर्कै ठाउँमा गएर यिनमा सङ्केत गरिएका त्यहाँका बुँदाको भावार्थ बुझिएला ?

अनि किशोर बिछ्यौनाबाट उठ्यो । उसले खाँडीको कुर्ता र धोती लगाएको थियो । काठको किलाबाट स्वेटर झिक्यो र लगायो । जाडोले आङ काँपेको जस्तो भयो । कोट पनि काँटीबाट झिकेर लगायो । अनि फेरि एकचोटि कोठामा दृष्टि दिएर भन्यो– ल जाऊँ, म तयार भएँ ।

बाहिर आएर उसले भन्यो– त्यो कोठाका सामानहरू कसैलाई दिनुहोला ।

अनि अघिपछि मिलिट्रीहरूले घेरिएर त्यो हिँड्यो । अँध्यारो जाडोको राति । नबोलीकन त्यो सानो जुलुस जेलको दक्षिण-पश्चिम कुनापट्टि लाग्यो । किशोरले चिसो हावालाई तान्दै लामो सास लियो ! उसले जुत्ता लगाएको थिएन; पैतालामा ससाना ढुङ्गा गडिरहेका थिए । उसलाई हठात् लाग्यो– उसको मनमा कुनै किसिमको भावना छैन । केवल उसका आँखाले देखिएका दृश्यलाई अङ्कित मात्र गरिरहेछन्– कुनै रिकर्डरले मालहरूलाई सूचीमा टिकमारेको जस्तो । शरीरले जाडो अनुभव गरिरहेको थियो र त्यसबाट उसले सम्झ्यो यो माघको महिना हो– गोडाले कङ्कड गडेको अनुभव पनि गऱ्यो । बस, त्यत्ति । फेरि उसलाई लाग्यो– कस्तो सबै जना चुप छन्, एकअर्कोसँग वास्ता नभएको जस्तो । उसले सबैतिर हेऱ्यो– सबै एकनाससँग हिँडिरहेका थिए ऊतिर नहेरेर । उसले त्यसै आफैँलाई सम्बोधन गरेको जस्तो भन्यो– किन कोही बोल्दैन ?

किशोरले आफ्नै वाणीलाई अर्कोले बोलेको जस्तो गरेर सुन्यो । कमिस्नरको मसिनो बोली पो सुनियो– भनेको मानेनौ माफी माग भनेको...। के गर्नु आफ्नो ड्युटी गर्नै पर्ने भो...। किशोर मुस्कुरायो । भन्यो– मलाई पनि लागिरहेछ– म पनि ड्युटी गर्न गइरहेको छु ।

किशोरलाई लाग्यो, उसले मुस्कुराएको कुनै ठुलो व्यङ्ग्यको बोधले होइन । उसलाई ठुलठुला कुरा कहाँ आइरहेका थिए त्यस समयमा ? त्यही

क्षणका कुरामा मात्र उसको ध्यान थियो र उसको शरीरले पाउन थालेको अनुभव पनि त्यही क्षणसँग सम्बन्ध राख्थे ।

फेरि त्यो जुलुस शान्त भएर हिँडिरह्यो । अनि अचानक किशोरले देख्यो, यात्राको अन्त्य आइसकेछ– जेलको बाहिरिया र पर्खालको कापनिर सानो मञ्च जस्तो दायाँ बायाँ दुइटा लामा खाँबा खडा थिए र ती खाँबाका उपर तेर्सो गरेर एउटा अर्को खाँबो राखिएको थियो जसबाट एउटा डोरी झुन्डिरहेको थियो । डोरीको झुन्डिएको सिरानपट्टि मुन्द्रीको आकार बन्न गएको थियो जसमा एउटा गाँठोले अड्याएर राखेको जस्तो थियो । मञ्चमा एउटा अल्गो मोटो मानिस सुरुवाल र कालो स्वेटर मात्र लाएको उभिरहेको थियो । तल, पहिलेदेखि नै एउटा सानो डफ्फा सिपाहीहरूको पर्खिरहेको थियो ।

मञ्चतिर पुगेर त्यो सानो जुलुस टप्प अड्यो– किशोरले मञ्चको दुई खुड्किलो सिँढीका सामुन्ने आफूलाई पायो । उसलाई लागेन, कसैले केही भने; तर प्रयासहीन त्यसका गोडा त्यसै त्यसमा उक्लिँदै चढे ।

चारैतिर निष्पट्ट शान्ति थियो, टाढा कुनै दरबारको कुकुरको बाक्लो भुकाइले झन् त्यहाँको निस्तब्धतालाई घनीभूत पारिरहेको थियो । अन्धकार पनि आकाशमा निविष्ट– केवल मञ्चनिर पर्खालमा लागेको बिजुलीको प्रकाशद्वारा बन्न गएको एउटा उज्यालो केन्द्र । किशोरले मञ्चमाथि चढेर तल हेऱ्यो । उसलाई लाग्यो, उसको मस्तिष्क एकदम स्पष्ट भएको छ जसले त्यस क्षणका तमाम दृश्यलाई राम्ररी अङ्कित गर्दै गइरहेको छ– एउटा क्यामेराको मसिन जस्तो । तल मञ्चमा अर्धवृत्त बनाएर अफिसर र मिलिट्रीका मानिसहरू उभिएका थिए । उसले एक एक गरेर सबैलाई हेऱ्यो । सबै नबोलेर मुन्टो तल निहुराएर उभिरहेका थिए– डाक्टर, कमिस्नर, सुबेदार प्रभृति । उसले डाक्टरको पहिरनलाई लक्ष्य गऱ्यो– गाढा निलो पेन्ट र हलुको कालो रङको कोट उसले लाएको थियो । कमिस्नरको कोगटी टोपी तलको निधारमा दिनभरिको चन्दन र टीका जस्ताको तस्तै थियो । सुबेदारले लाएको ग्रे कोट र काने टोपीको रङमा भएको फरकपट्टि पनि किशोरको ध्यान गयो । उसलाई लाग्यो– कस्तो आश्चार्य कि अन्तिम बेलामा उसलाई यी साना साना कुराहरूको मात्र ध्यान आइरहेको छ ।

उसको गोडामा डोरीको छाँद हाल्न लाग्दा उसले यसो निहुरिएर हेऱ्यो । मञ्चमाथिको कालो स्वेटर लाउने मोटो अल्गो मानिसले स्वाँस्वाँ गर्दै झुकेर उसको दुवै गोडालाई जोरेर गोलीगाँठानिर बाँधिरहेको थियो । उसको गोडाले कसिएको गाँठोले किचेको पनि बोध गऱ्यो र पैतालाले खस्रो फल्याकको अनुभव ।

त्यसपछि घुँडानिर अर्को छाँद हालियो– त्यहाँ पनि डोरीले छालालाई किचेर दुखाए जस्तो किशोरलाई लाग्यो ।

एकदम शान्तिमा यी सब क्रिया भइरहेका थिए । केवल किशोरको मन र शरीर अत्यन्त चनाखो भएर यी सबै कुरालाई स्पष्ट किसिमले टिपिरहेका थिए । कालो स्वेटर लाउने मानिसले उसको टाँक फुकाल्न लाग्दा उसको मुखको गन्ध किशोरको घाँटीमा लाग्न गएको थियो । भावनाशून्य भएर किशोरले मनमनै भन्यो– यो के भएको ? किन ममा केही भावना आउँदैन– मन र शरीरले अनुभव मात्रै गरिरहेको छ, तत्क्षणका अर्थहीन क्रियाहरूको !

कोट फुकालेपछि उसको हातलाई पनि पछिल्तिर लगेर बाँधिदिन थालेको उसले थाहा पायो । कोट नभएको शरीरले बाहिरको चिसोको अनुभव गऱ्यो । शरीरमा ठन्डाले एउटा हलुका सिहरन ल्यायो । उसले टाउको उठाएर आकाशतिर हेऱ्यो– आकाश गहिरो, कालो र चिसो । तिनमा असङ्ख्य नक्षत्र असाधारण ज्योतिले टिलपिल गरिरहेका थिए । उसलाई लाग्यो– ती नक्षत्र ठुलठुला हिराका टुक्रा हुन् । अनि ऋल्याँस्स राधालाई सम्झ्यो– आकाश जस्तै गहिरो, कालो, स्निग्ध अनुहारलाई । उसको सुधो अनुहारका टल्किने दुई आँखालाई । उसलाई लाग्यो, ऊ देखिरहेको छ । उसले सम्झ्यो– राधा आमा भएकी छ । छोरो कस्तो होला !

आकाशमा ठुलो चमकसँग उदाएको शुक्र तारालाई उसले एकछिनसम्म हेरिरह्यो र मनको कुनामा सधैँको अनुभव जस्तो गरेर उसलाई लाग्यो, अब अरुणोदय हुन्छ– अनि सूर्योदय ।

त्यसै बखतमा पछिल्तिरबाट उसको टाउकोमाथि कालो खोल लगाइदिए– उसको घाँटी ठाडै उठेको थियो । तत्क्षण उसलाई लाग्यो, एउटा चिसो डोरी माला जस्तो उसको तानिएको घाँटीमा पऱ्यो र यसलाई अनुभव गर्दागर्दै उसलाई लाग्यो, पैतालाको खस्रो फलेक सऱ्यो र कसैले बेहद शक्तिले उसको घाँटीलाई तान्यो ।

त्यसपछि एउटा युवकको मृत शरीर बिहानपख आकाशमा हल्लियो । सबैले मुन्टो निहुराए ।

सुबेदारले त्यहीँ जेलको अर्कोपट्टिको उनीहरूको अस्थायी शिविरमा आफ्ना मानिसलाई मार्च गराउँदै फर्काएर ल्यायो । त्यही कामका लागि डिटेल भएर उनीहरू आएका थिए– एउटा ठुलो हरियो पाल गाडेर हिजोदेखि उनीहरू जेलमा बस्न आएका थिए– सुबेदार, हबलदार र तिन जना सिपाही । कसैले एक शब्द बोलेनन् । आएर बिस्तार बिस्तार आफ्नो बर्दी फुकालेर आफ्नो आफ्नो

बिछ्यौनामा सुते । जाडोको याम, मुख छोपेर सबैले रातभरिको थकानलाई निद्रामा मेटाउन चाहे ।

सुबेदारलाई पटक्क निद्रा लागेन । आँखा टुलुटुलु हेरेर धेरै बेरसम्म बिछ्यौनामा सुतिरह्यो ऊ ।

शरीर थाकेको त थियो तर निद्रा भने पटक्कै छैन । उसले देख्यो, अर्को खाटमा हबलदार पनि चटपटाइरहेको छ । उसले भन्यो– हबलदार, निद्रा लागेन ?

हबलदारले भन्यो– मरे निद्रा आउँदैन ।

सुबेदार उठेर बस्यो र भन्यो– सिगरेट फिक् न ।

हबलदार पनि उठेर बस्यो र तकियातलबाट सिगरेटको डब्बा फिक्दै भन्यो– आखिरी याममा मानिसको दृष्टि आकाशतिर हुँदो रहेछ ।

सुबेदारले सिगरेट सल्काउँदै भन्यो– मेरो एउटा छोरो ठिक्क त्यस्तै छ । ठिक्क...।

हबलदारले सिगरेट तान्दै भन्यो– मेरो भाइ पनि गाउँमा ठिक त्यस्तै छ– चञ्चल, हँसिलो...।

सुबेदारले भन्यो– होइन हबलदार, त्यसले यसो आकाशतिर हेरेर सबैलाई आशीर्वाद दिएको जस्तो तँलाई लागेन ?

तबसम्म तिनै जना सिपाहीहरू पनि उठेर आफ्ना आफ्ना बिछ्यौनामा टुक्रुक्क बसिसकेका थिए ।

एउटाले भन्यो– त्यस्तो अन्तिम घडीमा देउता चढ्छ मानिसलाई र त्यसले चिताएको कुरा पुग्छ ।

सुबेदारले सिगरेटको लामो कस तानेर सिगरेटलाई पालबाट बाहिर फ्याँक्दै भन्यो– ल, हेर पूर्वतिर झकमक्क उज्यालो भैसकेछ ।

उता डाक्टर कमिस्नरको जिपमा आफ्नो घरमा फर्केर आयो । उसको शरीर लगलग काँपिरहेको थियो; लाग्यो, कस्तो जाडो आज राति । ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । दुलही बिछ्यौनामा सुतिरहेकी थिई । उसले आफ्नो लुगा फुकाल्यो र बाथ रुममा गएर हात धुन थाल्यो । धाराको शब्दले दुलहीको निद्रा टुट्यो । उसले भनी– यति अबेर के गरेको ? कहाँ गएका थियौ ?

डाक्टर सुत्ने कोठामा आएर बिछ्यौनामा पस्यो । दुलहीले सरेर उसलाई ठाउँ बनाइदी । उसको देहसँग टाँसिँदा उसले भनी– कस्तो चिसो शरीर तिम्रो !

डाक्टर नबोली धरिनतिर हेरेर बसिरह्यो । दुलहीले भनी– किन नसुतेको ?

र एकछिनपछि डाक्टरको अनौठो व्यवहार देखेर फेरि भनी– के भो हँ, तिमीलाई ? कहाँ गएका थियौ भन । भन, भन न...।

डाक्टरले सुस्तरी भन्यो– नभन्नू है, मेरो मासु खाने, छोराहरूलाई । त्यही ठिटोलाई फाँसी दिलाउन जानुपरेको थियो ! नभनेस् है, छोराहरूलाई ।

दुलहीको मुखबाट केवल 'हाय !' भन्ने शब्द निस्क्यो र उसले आफ्नो हत्केलाले मुख छोपी ।

रात बितिसकेको थियो । ञ्यालको कापबाट पूर्वपट्टिको आकाश उज्यालो देखियो ।

कमिस्नर डाक्टरलाई पुऱ्याएर सोऐ दरबार गए । ढोकामा सिपाहीहरू ठुलो धुनी बालेर बात मारिरहेका थिए । कर्णेललाई उनले सबै वृत्तान्त भनेर उनी घर आए । आउनेबित्तिकै सोऐ पूजा कोठामा गए । ढोकैबाट पूजा गर्ने गरेको मूर्तिलाई हेरे । पूजा कोठाको बत्ती बलिरहेको थियो र उनको गोडाको चाल पाएर अक्षता टिपिरहेको एउटा मुसा दगुर्दै कोठैको एउटा प्वालमा पस्यो । त्यसै उनी मग्न भएर एकछिन हात जोडेर उभिरहे । अनि आफ्नो छोराको कोठामा गए । कलेजमा पढ्थ्यो त्यो छोरो । कोठामा किताबहरू यत्रतत्र छरिएका थिए । टेबलमा बत्ती बलेकै थियो । भित्तामा तस्बिरहरू थिए– एक-दुई सिनेमाका नायिकाहरूका र ९७ सालका सहिदहरूका पनि । ऊ उत्तानो परेर सुतेको थियो । कमिस्नरले धेरै बेरसम्म उसको मुख हेरिरहे । अनि बिस्तारै गएर उसलाई छोए । उसले चटपटाएर कोल्टे फेऱ्यो । कमिस्नरले ओढ्ने उसमाथि राम्ररी ओढाइदिए र बाहिर आए । सुत्ने कोठामा उनकी दुलही बेखबर सुतिरहेकी थिइन् तर उनलाई सुत्ने कहाँ टाइम थियो र ! बिहान भइसकेको थियो । सधैंको जस्तो वाग्मती र पशुपति जाने बखत भइसकेको थियो ।

[श्वेत भैरवीबाट]

लङ्काकाण्ड

राजेन्द्र विमल

"इनक्लाब– जिन्दाबाद !

मधेसी एकता– जिन्दाबाद !

पहाडे– मधेस छोड !"

वायु मण्डलमा गगनभेदी नाराहरू अझै गुञ्जित भइरहेछन् । नाराको चर्को स्वरले मलाई ब्युँतिन मद्दत गरे झैं लाग्छ । म आफूलाई अस्पतालको आपत्कालीन कक्षमा पाउँछु । चारैतिर इथरको गन्ध फैलिएको अनुभव हुन्छ । मास्क र एप्रोन लगाएका आकृतिहरू कोठाभित्र यताउति गर्दै छन् । बाहिर मान्छेहरूमा भागदौड भएको, चिच्च्याएको, लगातार गोली चलेको, रुवाबासी मच्चिएको ध्वनि सुनेर मेरो मुटु अझ छिटो छिटो ढुकढुक गर्न थाल्छ । उफ् ! यस्तो आतङ्कपूर्ण वातावरणमा कति नै पल सास फेर्न सकिएला ! म डराई डराई आँखा बिस्तारै उघार्छु ।

"पहाडे– मधेस छोड" को नाराले अझै वातावरणलाई भयाक्रान्त बनाउँदै छ ।

'आज कुन बार हो ?' म साउती गर्छु । म घाइते भएको दिन मङ्गलबार थियो । म अस्पताल बसेको दिन गन्न चाहन्छु ।

"आज कुन बार हो ?" म छेउमै उभिएकी नर्ससित सोध्छु ।

"शुक्रबार ?" नर्स छोटो उत्तर दिन्छे । म मनमनै गणना गर्छु– मङ्गल एक, बुध दुई, बिही तिन– ए चार दिनसम्म त म मुर्छै परेछु । यो चार दिन आमाले के गरी बिताउनुभयो होला ? बाबा त पहिलेदेखि नै सालिक । अहिले झन् अति गम्भीर हुनुभएको होला !

"आमा कहाँ हुनुहुन्छ ?" धेरै साहस बटुलेर म नर्ससित सोध्छु ।

"आमा, बाबा, नातागोता सबै बाहिर छन् चउरमा, चार दिनदेखि । आमा घरी घरी आकाशको छाती चिर्ने गरी डाँको छोड्नुहुन्छ । बाबा रुने मूर्ति बनेका

छन् । बुद्ध भगवान्का आँखाबाट तपतप आँसु तप्किएको जस्तो देखिन्छ ।" नर्सको उत्तर ।

मेरो मुटु फुट्ला जस्तो हुन्छ । आँखाबाट छचल्किने पानीको खोल्सीलाई म त्यसरी लुकाउन खोज्छु, जसरी मूलको पानी चट्टानमुनि लुकेको हुन्छ । पानी चट्टानको काप कापबाट भुलभुल निस्किरहन्छ, निरन्तर ।

कोल्टे फेर्न चाहन्छु । पाखुरामा असह्य पीडा हुन्छ, "ऐया आमा !"

"नहल्लिनुस् । तपाईंलाई दुइटा गोली लागेका थिए– एउटा देब्रे तिघ्रामा, अर्को दायाँ पाखुरामा !" नर्स मलाई नसिहत दिन्छिन्, हुकुमी स्वरमा ।

"तर मेरो अपराध ?" मुखबाट फुस्किन्छ । एप्रोन लगाएको एउटा पुड्को मानिस मतिर हेरी व्यङ्ग्यले मुस्काउँछ । कालो वर्णको अनुहार जबाफ दिन्छ, "अपराध ? धोती-टोपी काण्ड !" ओठभित्र थुनेको हाँसोको हावा फूँफूँफूँ गरी नाकका पोरा हुँदै निस्किन्छ । मोटे डाक्टरको भुँडी हल्लिरहन्छ ।

म टाउको हल्लाएर अड्कल काट्छु– टाउकोमा टोपी छैन । तिघ्रा उचालेर हेर्छु– धोती बेपत्ता छ । म मानौं आकाशसित प्रश्न गर्छु, 'खै मेरो धोती ? खै मेरो टोपी ?'

"तपाईंको धोती रगतले लतपतिएको थियो । टोपी चिल्था चिल्था भएको थियो । दुवैलाई हुलले नै फाल्यो ।" पुड्के जबाफ दिन्छ । मुटुमा तातो फिर रोपे झैं अनुभव हुन्छ । फेरि सोच्छु– 'राम्रै भयो । शुद्ध मानिस रहन गएँ । न धोती, न टोपी ।'

ooo

हजुरआमालाई सम्झन थाल्छु– लछमिनियाँलाई । हो, सबैले त्यही भनेर बोलाउँथे । मुसलमान लहेरीहरूको टोलमा फुसको एउटा झोपडी थियो । उत्तरतिर उत्तिमलाल मालिकको पर्खाल र बाँकी तिनैतिरबाट बाँसका भाटाहरूको छेकबार । आँगनमा मेवा, कटहर र अमलाका एक एक रुख आफैं उम्रिएर झ्याँगिएका । त्यति बेलाको जनकपुर अहिलेको एउटा सानो गाउँ जस्तो त थियो नि । कहाँ घरैपिच्छे पानीकल थिए र ! कुवाबाट पानी झिक्नुपर्थ्यो । ठुलाबडाका घरका छोरीबुहारी सार्वजनिक कुवासम्म कसरी जाने ? त्यसैले उनीहरू मैनावारी दिएर पानी ओसार्न पधेर्नी राख्थे । घर घरमा 'घैलची' (पानीका घैंटा राख्न बनाइएको माटो, पराल, भाटाले निर्मित अग्लो ठाउँ) राखिन्थे । मैनावारी पाउने पधेर्नीहरू घैलामा पानी बोकेर ल्याएपछि यिनै 'घैलची' मा राखेर जान्थे । मेरी आमाकी आमा, लछमिनियाँ बुढिया पनि यस्तै किसिमकी पधेर्नी हुनुहुन्थ्यो ।

मेरा बुबा कसरी, कहाँबाट लछमिनियाँ हजुरआमाकहाँ टुप्लुकिनुभयो, कसैलाई थाहा छैन तर मैले होस समालेदेखि नै आफूलाई त्यसै मेवाको रुख भएको आँगनमा खेल्दै-उफ्रँदै, हजुरआमाको सेतो भुवा जस्तो कपाल लुछ्दै, बुबालाई घोडा बनाई 'हट् घोडा हट्' भन्दै आएको छु– न जात बुझ्दै, न परजात । मधेसका बच्चा जसरी हुर्किन्छन्, म पनि हुर्किएँ । गलफुल्ला गुरुजीको पाठशालामा खरी समातेँ । गुरुजी राक्षसरूप हुनुहुन्थ्यो । 'चटिया' (पाठशालाका ससाना चेला) हरूलाई पाठ दिई दुई-तिन घण्टासम्म पर बोरामा बसेर हातमा लौरी लिई उँघिरहनुहुन्थ्यो । गुरुजी उँघ्न थालेपछि चटियाहरू उपद्रो गर्न थाल्थे ।

"माड्साप ! पाँच मिनट !" एउटा कुलेलम ।

"माड्साप ! दस मिनट !" अर्को सुइँकुच्चा ।

"माड्साप ! मेरो टुप्पी तान्यो ।"

"गुरुजी ! मेरो फ्रकमा सिँगान पुछ्यो !"

"मेरो सिलेट फुटाइदियो एँ..."

"तेरो गोडामा कोर सल्किन्छ, ऊँ..."

"तेरो मुखमा किरा फल्छ, याँ..."

फेरि कुटाकुट, पिटापिट, लछारपछार । उसले उसलाई कोपर्ने, उसले उसलाई टोक्ने । पूरा महाभारत मच्चिएपछि गुरुजी उठ्नुहुन्थ्यो र लहरै सबैमाथि लौरी बर्साउन थाल्नुहुन्थ्यो । त्यसपछि छुट्टी । हामी बाँधेको राँगा फुके झैँ भाग्थ्यौँ । मुक्तिको त्यो अतुलनीय आनन्द जीवनमा फेरि कहिल्यै फर्किएन ।

हाम्रा गुरुजी ब्रह्माजीको अपत्यारिलो रचना हुनुहुन्थ्यो । जिउडाल सामान्य भए पनि टुमुक्क परेको भुँडीले गर्दा उहाँ गजबका गणेशावतार देखिनुहुन्थ्यो । प्रकृतिले जन्मैदेखि उहाँको देब्रे गलामा मासुको पिण्ड जस्तो थुपारेर त्यसमा एकबित्ते सुँढ जस्तो झुन्ड्याइदिएको थियो । नित्य प्रातःस्नान गरी पूजा गरेपछि निधारमा भस्मको त्रिपुण्ड लगाउनुहुन्थ्यो । गालामा झुन्डिएको रुद्राक्षको माला प्रायशः ऊर्ध्ववस्त्रहीन चौडा छातीमाथि सर्प झैँ दायाँ-बायाँ गरिरहन्थ्यो । काँधमा गम्छा, घुँडासम्म धोती, कन्दनीमा सानो बटुवा (जसमा सुपारी, सरोता, नसदानी आदि रहन्थे) झुन्ड्याउनुहुन्थ्यो । घरी घरी नस (सुर्तीको धुलो) नाकको एक एक पोराबाट पालो पालो गरी तान्नुहुन्थ्यो । रिसाउने बानीले गर्दा उहाँ हाम्रा लागि साक्षात् यमदूत हुनुहुन्थ्यो । हातमा एउटा लौरी नचाई रहनुहुन्थ्यो र कुरैपिच्छे केटाकेटीलाई सुम्ल्याउनुहुन्थ्यो । स्कुलमा उहाँले पाइला टेक्नासाथ मानौँ सिङ्गै धर्ती-आकाश डगमगाउन थाल्थ्यो र उहाँबाट मुक्ति पाएर पनि भोलिको प्रलयकारी दृश्यको कल्पनाले हामी कम्पित रहन्थ्यौँ । तर केही यस्ता गनिएका अवसर थिए,

जसमा उहाँका ओठमा जमेको रिसको भयावह चट्टान एक्कासि पग्लिन थाल्थ्यो । तीमध्ये एउटा थियो– सनेचरी पूजा (शनिबारे पूजा) ।

शनिबार हामी सबै चटियाहरू बडो उत्साहपूर्वक 'चटिसार' (पाठशाला) लाई गोबरले लिप्थ्यौं । आआफ्ना घरबाट दुई-चार मुठी चामल र एउटा सानो डल्लो गुँड ल्याउँथ्यौं, दुवैलाई मुछ्थ्यौं, प्रसाद बनाउँथ्यौं । लाममा उभिएर प्रार्थना गर्न थाल्थ्यौं– 'ठिक ठिक दुपहरिया, नाचे चौधरिया, गुरुजीके आसन डोले, भुख मरे चटिया !' आहा ! सनेचरीको त्यो आनन्द मोक्षको आनन्दभन्दा ठुलो थियो । पढाइ र पिटाइ, दुवै यातनाबाट पूर्ण मुक्तिका ती क्षणहरू । हो, छुट्टीभन्दा अगाडि 'चाटी लिने' (दुवै हत्केलामा लौरी हान्ने चलन) कुरा त केही होइन । घर घरबाट आएको चामल पोको पारी, कुनै चेलाको टाउकोमा बोक्न लगाई, गुरुजी मुसुमुसु हाँस्तै जब घरतिर लाग्नुहुन्थ्यो, त्यो आनन्दमूर्ति हेरिरहूँ झैं लाग्थ्यो ।

अर्को अवसर हुन्थ्यो– 'चौरचन्ना' अर्थात् गणेश चतुर्दशी । एक महिनाअगाडिदेखि नै लुहारेलाई भनेर चटियाहरूले काठको एक जोर 'गोलडन्डा' बनाउन लगाउँथे । गोरुगाडाको सिरपाइका दुई छेउका प्वालमा हालिएका दुईबित्ते डन्डा जस्ता । काठको सानो मण्डपमा गणेशको सानो मूर्ति हाली चटियाहरूको दलबल लिएर गुरुजी एक एक गरी चटियाहरूका घर पुग्थे । जुन चटियाको घर पुगिन्थ्यो, त्यसका आँखामा पट्टी हालिन्थ्यो । बम्बईको 'डान्डिया नाच' जस्तै 'गोलडन्डा' बजाउँदै हामी गीत गाउँथ्यौं, "मैया मैया आँख मूँदी है, आकर तू खुलबा दो... गुरुजी माङे दान रुपैयाँ, झटपट झटपट ला दो ।" आँखाको पट्टी त्यतिखेर मात्र खोलिन्थ्यो र गीत रोकिन्थ्यो जतिखेर गुरुजीलाई सन्तुष्ट हुने गरी सिधा, घडी, पैसा आदि दक्षिणामा दिइन्थ्यो । तृप्त हुने गरी दान-दक्षिणा पाएपछि गुरुजीका अनुहारमा छिन छिनमा जुन बिजुली चम्किन थाल्थ्यो, त्यो पनि हेर्न लायक हुन्थ्यो । पाठ नबुझाउने चेलाचेलीमाथि राक्षस भएर डन्डा बर्साउने, स्कुलबाट भाग्दा 'मुर्गा' बनाउने, दस मिनट गएर ढिलो आउनेलाई पाता फर्काई कुट्ने, फर्सीको सुकेको लहराको डाँठ सल्काएर बिँडी तान्नेलाई छानोमा बाँधी उल्टो झुन्ड्याउने हिरण्यकशिपुका अवतार आज साक्षात् द्रोणाचार्य देखिन्थे– कोमल, कृपालु, महर्षि प्रज्ञामूर्ति !

पाठशाला भिरखी साहुको खलिहानमा लाग्ने गर्थ्यो । सामुन्नेबाट सडक जान्थ्यो । रामनवमी, विवाहपञ्चमी, पूर्णिमाका ठुलठुला मेला भर्न त्यसै बाटोमा मान्छेहरू लर्को लाग्थे । सतनारायण ठेठर, बजरङ्ग ठेठर आउँथे । कक्कू, रेहाना, मीना बाइका डान्स, करीम खाँको जोकऱ्याँइँ... ओहोहोहो । सर्कसमा

खेलहरू... बाघ, हात्ती र ठिटीहरूका कमाल... रामहिँडोला, मौतका कुँवा.... जमपुरीका नाच... पहाडे गाछीमा पहाडबाट आउने नरनारीले लगाएका पिङ... दोहोरी, नाचगान... मादलको घिन्ताङ... माया पिरती... रामरमिता... के देखिएन ! ...तिरहुतिया गाछीमा मैथिली बटगबनी, सोहर, समदाओन जस्ता मधुर गीतहरूको कर्णप्रिय अनुगुञ्ज ! विवाहपञ्चमीको नशामा जनकपुर भेकको मानौं दुबो र घाँससम्म पन्ध्र दिनजति झुम्मिन थाल्थे ।

हजुरआमाले 'पहाडिया' भनेकाले सिङ्गो टोलले नै मलाई 'पहाडिया' भनेर बोलाउँथ्यो । मलाई यो प्रिय लाग्थ्यो । मेरो त नामै 'पहाडिया' थियो, जसरी कसैको नाउँ रामे वा श्यामे हुन्छ । बुबाले माया गरी ल्याइदिनुभएको सुरुवाल र टोपी लगाउँथे र अरू धेरै केटाभन्दा भिन्न देखिएर घमन्ड गर्दै हिँड्थे । स्कुलमा मलाई देख्नासाथ सबैले 'पहाडिया, पहाडिया' भनी बोलाउँथे । म खुसी हुन्थें । 'कसैले नभनेर पनि यिनीहरूले मेरी हजुरआमाले जुराउनुभएको नाउँ कसरी थाहा पाए, सोचेर मेरो अबोध मन जिल्ल पर्थ्यो । फेरि मेरो लुगाले होला भनेर म दङ्ग परें । पाठशालामा त मेरो नाउँ रामबहादुर पो लेखिएको थियो ।

विवाहपञ्चमी मेलामा पहाडे मान्छेहरूको ठुलो ओइरो लाग्थ्यो । कछाड, टोपी, अस्कोट वा मयलपोस सुरुवाल लगाएका मान्छेहरूको कमिला ताँती ! पिठ्युँमा डोको, डोकोमा टम्म भरिएका सुन्तला । हामी कराउँथ्यौ– "ओइ पहाडिया ओइओइ, चिल्लर मारे टोइटोइ, अपने भरे पानी, बहुके कहे नानी... ।" मेरो स्वर सबभन्दा ठुलो हुन्थ्यो । केटाहरू मैले जोरजोरले यो फलाकेको देखेर मरी मरी हाँस्थे । तर केही दिनपछि मलाई देखेर थपडी बजाई बजाई फलाक्न थाले 'ओइ पहडिया ।' म पनि थपडी मार्दै स्वर मिलाई फलाक्थें र नाच्थें । केटाकेटी झन् पेट मिची मिची हास्थे । एक दिन मलाई कसोकसो अर्थ लाग्यो– यिनीहरूले मेलामा डोको बोकी आउने पहाडे र ममा फरक देख्दैनन् क्यारे । म रुन थालें ।

पाठशालामा सरस्वती पूजा थियो । गुरुजीले हामीलाई पसल पसलमा गई चन्दा मागेर ल्याउन पठाउनुभयो तर पसलमा मलाई देख्नासाथ पसलेहरू 'भाग पहाडिया' भनेर धपाइदिन्थे । तैपनि थेत्तरो भएर सय रुपैयाँसम्म पुऱ्याएँ र गुरुवचन पालन गरें । मप्रतिको यस्तो निष्ठुर व्यवहारको कारण मेरो कुन अपराध थियो ? मेरो मनले पहिल्याउन सकेन । मुटुमा ठुलो चोट पऱ्यो । मेरो साथी बौआ लालले मलाई उसको घर लिएर गयो । उसकी आमाले सोध्नुभयो, "को हो यो पहाडिया ?" मैले सहन सकिनँ । म कसरी पहडिया हुन सक्थें ? डाँको छोडी रुन थालें । उहाँसित प्रश्न गरें, "आमा ! मलाई सबैले पहडिया किन भन्छन् ?" बौआ लालकी आमा हाँस्नुभयो, "पहडियालाई पहडिया नभने के भन्छन् ?" मलाई

उहाँले दिनुभएको खाना खान मन भएन । घर पुगी हजुरआमालाई लुछ्न थालें, "हजुरआमा ! मलाई सबैले पहडिया किन भन्छन् ? के म पहाडे हुँ ?" प्रश्न सुनेर हजुरआमाले केही नबोली धेरै बेरसम्म मतिर टुलुटुलु हे रिरहनुभयो । मेरा बाबु पनि अवाक् भएर मतिर टुलटुल्ती हेरिरहेका थिए । आमा जुरुक्क उठ्नुभयो र आँचलले मलाई छोपेर रुन थाल्नुभयो, रोइरहनुभयो ।

त्यो दिन पहिलोचोटि थाहा पाएँ, मेरा हजुरबा दोलखाबाट आएर औलो खप्दै मधेसको तातो गाउँमा बसेका रहेछन् । उनी मोतीलाल मारवाडीका नोकर थिए । मेरा बाबुलाई उनैले म्याट्रिकसम्म गराए । मेरा बाबु हजुरआमाकै घरमा जन्मिएका थिए । हजुरआमालाई सबैले लछमिनियाँ भन्थे । उनी बडो दयालु, उदार र सोझी थिइन् । विवाहको सातौँ वर्षमा विधवा भइन् । दुइटी कलिली छोरी थिए । घरमा न्यास्रो पन्छाउन कोही थिएन । त्यसैले हाम्रो तिन पुस्तालाई पालेर उनी जिन्दगी भरिएको अनुभव गर्न खोज्थिन् । हजुरआमा अर्थात् लछमिनिया बुढिया, नोनिया जातिकी रहिछन् । पुर्खाहरू नुनथर माटोबाट नुन बनाउने पेसा गर्थे । मेरा बुबा मानबहादुरलाई आफ्नै छोरो भनेर तिनले पालिन् । उनका दुइटी छोरीमध्ये जेठीको नाउँ फेकनी थियो । छोराछोरीहरू बाँच्दैनथे । त्यसैले उनले छोरीको नाउँ पनि फेकनी राखिन् । फेकनी अर्थात् फालिएकी । हजुरआमा आँचल उचाली उचली सूर्य देवताको प्रार्थना गर्थिन्– 'भगवान् ! यो मेरी छोरी होइन, यो फालिएकी छोरीलाई पाल्दै छु, यसलाई नलैजानुहोला । अर्को पटक छोरो पाउने आशा थियो तर जन्मिई छोरी, त्यसैले न्वारन गरियो– मनतोरिया अर्थात् मन चुँडाउने । मनतोरिया मानबहादुरकी दौँतरी थिई । सँगै खान्थी, सँगै खेल्थी । तोते बोलीमा भन्थी, "म त मानबहादुरसित बिहा गल्छु ।" मानबहादुर पनि भन्थ्यो, "मेली दुलहीको नाउँ हो मनतोलिया ।" दुवै जब तन्नेरी भए, लछमिनियाले साँच्चै बिहा गरिदिइन् । आफैँले पालेका बेहुलाबेहुली । घरकी इष्टदेवी भगवतीलाई नैवेद्य चढाइन् र उनैलाई साक्षी राखेर विवाहका विधिहरू पूरा गरिन् । जातविरादर र छरछिमेकीहरूले पानी बाराबार गरे तर बुढियालाई वास्ता भएन । पहाड जस्तै त्यस्तो जिन्दगी उसले के गरी बिताई ? कहिले कसैले एक वचन सोध्यो ? आज उसले किन तिनको वास्ता गर्ने ?

यी कथाहरू सुनेर पहिलो पटक मलाई ज्ञान भएको थियो– मेरा बाबु पहाडे हुन् र आमा मधेसी; पहाडे-मधेसीमा फरक हुन्छ; यी दुई थरीका मान्छे हुन् इत्यादि ।

म आँगनमा बसी रुँदै थिएँ । मैले सोधेको प्रश्नको जबाफ कसैसित थिएन । रुँदारुँदै मैले आमासित प्रश्न गरें, "आमा मलाई प्रस्ट बताउनुहोस्, म कुन

कित्ताभित्र छु– पहाडे कि मधेसी ?" जबाफमा आमा झन् क्वाँक्वाँ रुन थाल्नुभयो । बुबा मुन्टो फर्काएर जुरुक्क उठ्नुभयो र त्यहाँबाट जानुभयो । हजुरआमा आँचल उचालेर मेरो चित्त दुखाउनेहरूलाई सराप्न थाल्नुभयो, तिनलाई आँठोमा पार्न कराई कराई भगवान्सित बिन्ती गर्न थाल्नुभयो । त्यसै बेला आँगनमा मङ्गला ठुलोबा प्रवेश गर्नुभयो । मङ्गला ठुलोबा अर्थात् फेकनी आमाका दुलहा ।

अलकत्रे कालो, चिल्लो, होचो जिउका मङ्गला ठुलोबा । गर्मी याममा पनि घाँटीमा मफलर बेरेका । जुल्फीबाट सर्स्युंको तेल तपतप चुहिरहेको । पसिनाले कालो रङ झन् टल्किने । जुँगा-दाह्री अलपत्रसित फैलिएका, आँखा चौबिसै घण्टा पाकेका जस्ता राता देखिने । बाक्लो निरमा बेसरी चोपलिएर निलो परिसकेको धोती घुँडामा गएर अड्किएको । नयाँ जुत्ता लगाउनाले खुट्टामा घाउ भएको हुँदा जुत्तालाई लट्ठीमा गम्छाले बाँधी काँधमा कुनै देशको झन्डा झैं बोकेका ।

ठुलोबालाई देख्नासाथ मानौं बाक्लो तुँवालो उघ्रियो र घाम झुल्कियो । एकछिनका लागि वातावरण फेरियो । ठुलोबाले हजुरआमालाई ढोग्नुभयो । मैले ठुलोबालाई ढोगें । आमा हात जोडेर ङिच्च हाँस्नुभयो, "पहुना, गोर लगै छी !" त्यस बेलासम्म बुबा पनि फर्किसक्नुभएको थियो । भलाकुसारीको क्रम थालियो । थाहा पाइयो– ठुलोबा साह्रै दुःखी प्राणी हुनुहुँदो रहेछ । ठुलीआमाको भाग्यमा आमा भन्ने शब्द सुन्ने सुख छैन । धामीझाँक्रीहरूले कुमारी अवस्थामै कसैले कोख लिएको कुरा सुनाउँछन् । हजुरआमा फेरि गनगन गर्न थाल्नुभयो । कोख लिने बोक्सीलाई सराप्तै केही बाँकी राख्नु भएन । वातावरण एकछिन फेरि बोझिलो भयो । एक त निर्वंश हुने पीडा, त्यसमाथि छरछिमेकीबाट छुट्ने र मर्माहत गरिरहने 'निपुत्तर' 'निपुत्तरी' (बाँझोँबाँझी) जस्ता शब्दका विषाक्त बाण । ठुलाबा र ठुलीआमा कुनै प्राणान्तक ग्याँसले गुम्सिएको कोठाभित्र निसासिँदै-छटपटाउँदै मृत्यु निम्त्याउँदै थिए ।

चार जनाको कचहरीमा फैसला भयो– म उहाँहरूको सन्तानहीन जीवनमा सन्तान बनेर धरहरबा गाउँ जाऊँ ।

सात वर्षको उमेरमा बाह्र घण्टाको पैदल यात्रा गर्नुपर्‍यो । धरहरबामा ठुलीआमा मलाई देखेर दङ्ग पर्नुभयो । लोहोटाभरी पानी ल्याएर मेरा गोडा धोइदिनुभयो । सर्स्युंको तेलले जिउभरि मालिस गरिदिनुभयो । काखमा राखेर म्वाइँको अविरल वर्षा गरिरहनुभयो । त्यो दिन पहिलो काम त के गर्नुभयो भने मेरो पहाडे लुगा– मयलपोस, सुरुवाल, टोपी फेर्न लगाएर ठुलाबाको धोती पहिराइदिनुभयो । भोलिपल्ट कुनै मालिक भनाउँदा मानिसको घरबाट जडाउरी हाफ पाइन्ट ल्याएर लगाउन दिनुभयो ।

महन्थी बाबु गाउँका जमिनदार। ठुलीआमा त्यसै हबेली (महल) मा चाकर्नी हुनुहुँदो रहेछ। मालिक, मालिक्नी र भुराभुरीहरूले गिजोलगाजाल पारी छोडेको जुठो मासुभात जब घरमा ल्याउनुहुन्थ्यो, घरमा उत्सवको वातावरण हुन्थ्यो। ठुलाबा पटनामा रिक्सा चलाउनुहुन्थ्यो। ताडीदारुको व्यसन थियो। दुई महिना, चार महिनामा गाउँ आउनुहुन्थ्यो।

धरहरबा गाउँमा आएपछि मैले चैनको ठुलो सास फेर्न पाउने कारण के थियो भने म पहाडे हुँ भन्ने सुइँको कसैले पाएन र मलाई पहाडे भनेर कसैले होच्याएन। मालिकहरूका जडाउरी हाफ पाइन्ट, कमिज र धोती कुर्ता वा पाइजामा कुर्ता लगाउँथें। धुलोमा लोटिने, कुस्ती, सुर्रा-कबड्डी, घुच्ची पिलन्त (खोपी), इलौटिया सिलौटिया, झिझिरकोना जस्ता थरी थरीका खेल खेल्न टोलभरिका नाङ्गा काला केटाहरूसँग दिनभरि बरालिन्थें। वैशाख-जेठको टन्टलापुर घाममा जब गाउँभरिका मानिस गर्मीले फत्र्याकफत्र्याक भएर हातमा गम्छा र ताडको हाते पङ्खा लिई ओछ्यानमा छटपट गरिरहन्थे, हामी मिरचैयाका झाड लिएर आँपघारी र करेसाबारीहरूमा डुल्ने पुतलीहरू समात्न झुन्ड बाँधेर घुमिरहन्थ्यौं। हाम्रो विश्वास थियो– पुतलीले घमौरा फुटाउँछ र त्यसलाई निको पार्छ। हामी धागोमा पुतलीको माला गाँसेर घमौरामाथि घण्टौं राख्थ्यौं तर कुनैले कसैको एउटासम्म घमौरा फुटाएन। फेरि हामी मालासुद्धै तिनलाई उडाएर भुर्र उडिरहेको हेर्थ्यौं। यसरी हजारौं पुतलीको ज्यान लियौं हामीले।

गाउँमा एउटा पोखरी थियो– पुरनी पोखरी। पोखरीको डिलमा चारोटा जामुनका, दुइटा इमलीका र अनेक आँपका रुख थिए। हामी जामुन, इमली र आँपका चिचिला माटाका डल्लाले झारिरहन्थ्यौं। दाँत, जिब्रो, धोती, कमिज जामुनले कालै भइसकेका हुन्थे। घरबाट कागजका पुरियामा नुनका ढिका लैजान्थ्यौं र त्यसैमा चोपेर आँपका चिचिला खान्थ्यौं। सूर्यास्तसम्म पोखरीमा डुबुल्की मारेर एक-अर्कालाई समात्ने खेल 'उजीउजी' खेल्थ्यौं। धोती च्यातेर त्यसमा मरबा-पोठिया र चिङरा माछाहरू छानेर ल्याउँथ्यौं। दिनभरि पानीमा पौडी खेल्ने, डुबुल्की मार्ने गर्दा आँखा लालगेडी जस्तै पारेर, धोती च्यातिएको टुक्रामा चिङरी, पोठिया लिएर जब घर पुग्थें, ठुलीआमा मलाई देखेर छाती पिट्न र गाउँभरिका मेरा दौंतरीहरूलाई सराप्न थाल्नुहुन्थ्यो। मैले नेपाली भाषा बिर्सें र मैथिली फर्र बोल्न थालें। मेरो अतीत विस्मृतिको गर्भमा हरायो।

म धरहरबामा रमाएँ। रिस भने मलाई ठुलीआमाका मालिकसित मात्रै उठ्थ्यो। महन्थी बाबुको दलान दिनभरि उनका चम्चाहरूले भरिभराउ हुन्थ्यो। उनका दुवै नाति– ननटुन र टुनटुन मेरा दौंतरी थिए। मालिकका पुर्खाले नै

खोलेको स्कुलमा ती मेरा दौँतरी पनि पढ्थे– दुई कक्षामा । एक जना मास्टर घरमै राखी दुवै नातिलाई पढाउँथे । ननटुन र टुनटुनमा लाल्टिनको सिसा खरानीले टलक्क पार्ने प्रतिस्पर्धा चल्थ्यो । म टुलुटुलु हेर्थें । टोलभरिका गरिब विद्यार्थी त्यसै एउटा लाल्टिनको उज्यालोमा पढ्थे । मलाई पनि पढ्ने रहर हुन्थ्यो तर मास्टरले हपारेर धपाउँथे । जमिनदारका दुवै नाति मन्द बुद्धिका थिए तर चम्चाहरू मालिकलाई खुसी पार्न तारिफका पुल बाँधिरहन्थे । मास्टरले सवाल सोध्दा ती लाटा हुन्थे । मलाई आउँथ्यो तर बोल्ने साहस थिएन । एक दिन दुवै नातिमध्ये एउटाले पनि जबाफ दिन नसक्ता मैले बिचमै प्वाक्क जबाफ दिएँ । चम्चाहरूले गाली गरेर त्यसरी मलाई धपाए, जसरी भुस्याहा कुकुर धपाउँछन् ।

जेठो ननटुन उपद्रचाहा थियो । एक दिन ऊ अग्लो बार्दलीबाट यसरी हाम फाल्यो कि घोप्टो परी भुइँमा बजारियो । चम्चाहरू खुसी हुँदै कराए, "वाह ! वाह ! बाबुहरूले त जङ्गबहादुरलाई जित्ने भए ।" फेरि मोहित साहु बुढाले लट्ठीले लङ जम्प गरेको भुइँ नापे– एक लट्ठी र आधी ! मालिकतिर हेर्दै गर्वले भने, "मालिक ! बाबुले कमालै गर्नुभयो । ठुलठुला सर्कसका केटाहरूले पनि यत्रो लामो हाम फाल्ने आजसम्म देखिएन । बाबुले त संसारै जित्छन् ।" त्यहाँ बसेका साराले थपडी मारे । मलाई ईर्ष्या भयो । मैले मेरो करामत देखाउन त्यसै बार्दलीबाट दुई लट्ठी बराबर हाम फालेँ र लडिनँ पनि, तर पुरस्कारमा जमिनदारको भृकुटी बाङ्गो भयो । चम्चाहरूका आँखा रिसले आगो ओकल्न थाले र सार्वजनिक घोषणा गरियो, "आबुइ, यो मोरो त एक दिन ठुलै डाँका वा गुन्डो भएर निस्कन्छ, हजुर !" त्यसपछि उनीहरूले मलाई कुट्न लागे । म भागेको देखेर ननटुन र टुनटुन खिलखिलाएर हाँस्न थाले । 'मालिकका नातिले हाम फाल्दा ठुलो मान्छे बन्ने लक्षण हुने, त्यसै गरी मैले हाम फाल्दा ठुलो डाँका र गुन्डा बन्ने पूर्वाभास हुने– किन ?' मेरो दिमागले अब एउटा नयाँ प्रश्नको जबाफ खोज्न थालेको थियो ।

अर्को वर्ष ठुलाबाले मलाई पनि त्यसै मिडिल स्कुलमा भर्ना गरिदिनुभयो, जहाँ जमिनदारका नातिहरू पढ्थे । म फस्ट भएँ र ननटुन सेकेन्ड । यो कुरा मालिकलाई सह्य भएन । उनले घरमा पालेर राखेको मास्टरलाई घोक्र्याएर निकाले । सात क्लाससम्म मैले त्यसै स्कुलमा पढेँ तर फेरि मलाई फस्ट गराउने हिम्मत कुनै मास्टरमा भएन । यसबिच फागु, जुडशीतल, चौठचन्द जस्ता चाडबाडमा घर जाने-आउने क्रम चलिरहेकै थियो तर मलाई धरहरबा

जनकपुरभन्दा बढी मन पर्न थालेको थियो । कहिलेकाहीँ बुबाआमा पनि आउनुहुन्थ्यो– कहिले ठकुवा, पुडी, पेरुकिया लिएर, कहिले सेलरोटी वा दहीको ठेकी लिएर ।

भगवान्‌ले पनि जीवनका रङ फेरिरहन्छन् । जब म पाँचौँ कक्षामा गएँ, मेरो जीवनको रङ फिका पर्न थाल्यो । अकल्पित रूपमा ठुलीआमाले छोरो पाउनुभयो । छिमेकीले भन्यो, "अनुहार काटिकुटी महन्थी मालिकसित मिल्छ ।" ठुलीआमा दिनरात भाइकै स्याहारमा व्यस्त । म अब केन्द्र होइन, किनारमा हुत्त्याइएको थिएँ । नवजात भाइ अकलु अब केन्द्रमा थियो । घरको आम्दानीको अधिकांश भाग भाइकै लागि तेल, पाउडर, लुगाफाटा र खेलौनामा खर्च हुन थाल्यो । अब मेरा लागि चार आनाको कापी किन्दा पनि ठुलाबा र ठुलीआमालाई व्यर्थको खर्चले घोच्थ्यो । म छाकका छाक भोकै हुँदा पनि कसैलाई याद हुँदैनथ्यो । किताबको अभावमा स्कुलमा दिनहुँ कुटाइ खानुपर्थ्यो । अब फेरि दिन दिनभरि गुलेली लिएर चरा मार्ने, गाछीहरूमा बरालिने, केटाहरूसित नाक, कान फुट्ने गरी पिटापिट गर्ने दिन आए । ठुलाबा पटनाबाट गाउँ आउँदा कटिया (सानो घैँटो) लिएर ताडी किन्न जान्थेँ, चामल भुटेर सितन तयार पार्थेँ, तैपनि खटनमा रिट्ठो बिराएँ भने घर फर्काउने घुर्की सुन्नुपर्थ्यो । केही दिनपछि किन हो कुन्नि, उहाँहरूले कुरैपिच्छे निहुँ फिकी फिकी, घिसारी घिसारी लात्तैलात्तले खाँद्न थाल्नुभयो । आफ्नो यो अवस्था आमाबाबुलाई भन्ने आँट मलाई आउँदैनथ्यो ।

बल्लतल्ल सातौँ कक्षासम्म पुगियो । यो वर्ष दुइटा दुर्घटना खेप्नुपर्‍यो । ठुलाबा पटनाबाट सधैँका लागि फर्किनुभयो, ज्यानमा टिबी लिएर । अर्को घटना भयो, स्कुलमा सातौँ कक्षाभन्दा माथिको पढाइ नै नभएकाले धरहरबा बस्ने औचित्य गुमाउनुपर्‍यो ।

असारको बेला थियो । ठुलाबा मालिकको रोपाइँका लागि जानुभएको थियो । ठुलीआमाले फरियाको छेउमा एकाउन्न रुपैयाँका नोट गाँठो पारी बाँध्नुभएको थियो । त्यो कतै झर्‍यो कि ठुलाबाले चोरेर दारु खानुभयो तर ठुलीआमाले चोरीको आरोप मैलाई लगाउनुभयो । अर्को दिन एकाबिहानै मेरो जुल्फी समातेर ओछ्यानबाट घिसार्दै ठुलाबाले मलाई घरबाहिर ल्याउनुभयो र बाँसका भाटा डोरीले बाँधेर बनाएको ढोकामा मेरो टाउको ठोक्न थाल्नुभयो । त्यो दिन भोकै बस्नुपर्‍यो । बाह्र बजेको घाममा पुरनी पोखरीको डिलमा एक्लै बसेर रोएँ । झर्को लाग्ने गरी बोल्ने कागहरूको ध्वनि र आँखा तिरमिराउने टन्टलापुर घामबाहेक केही थिएन । मभित्र भने एउटा विद्रोह थियो । जुरुक्क उठेँ । महन्थी मालिकको

बगैंचामा लटरम्म फलेका कलकतिया आँपहरूमाथि इटाका टुक्राटाक्री खोजी खोजी हान्न थालें । गुलेली बनाउन म ठुलाबाको पुरानो चक्कु लिएर हिँड्थें । त्यसले आँप ताछेर खान थालें । उतातिरबाट मेरो बालसखा बिरिछिया आयो । मलाई अनेक कथा सुनायो । भन्यो, "था'छ, हाम्रो देशमा एउटा वीर थियो भगतसिंह । त्यसले आफ्नो पाखुरामा छुरीले चिरेर 'जय हिन्द !' लेखेको थियो ।" मैले भनें, "मेरो देशमा वीरैवीर छन्, था'छ ?" अनि मैले गोजीबाट चक्कु झिकें, मेरो पाखुरा चिरेर लेखें, 'जय नेपाल !' रगत तर्र बग्न थाल्यो । संयोगले त्यसै बेला आमाबुबालाई सडकमा हिँडिरहेको देखें । हत्तपत्त गन्जी च्यातेर पट्टी बाँधें । आमालाई समातेर क्वाँक्वाँ रोएँ । अलि सन्चो भएपछि आफ्ना दुखेसाहरू पोखें । भनें, "आमा ! म नेपाल जान्छु ।" आमाले मेरो घाउमा ठुलो पट्टी बेर्नुभयो । मैले दुखाइ सहन सकिने अनुभव गरें ।

जनकपुर स्कुलमा मलाई आठ कक्षामा भर्ना लिइयो । एक जना मास्टर हुनुहुन्थ्यो– चौधरी सर । गान्धीको जादु दुनियाँमै चलेको थियो । चौधरी सर भन्नुहुन्थ्यो, "गान्धी भन्थे– कसैले एउटा गालामा थप्पड हान्यो भने अर्को गाला पनि थापिदिनू । ऊभित्रको द्यौता अवश्य ब्युँझने छ । महावीर आफू चढेको घोडालाई थाकेको देखेपछि ओर्लिहाल्नुहुन्थ्यो र त्यसलाई स्याँलमा लगेर मायाले सुमसुम्याउनु हुन्थ्यो । बुद्धले एउटा किसानले गोरुलाई निर्ममतापूर्वक पिटेको देख्दा उनको पिठ्युँमा डाम बसेको थियो ।" करुणा, प्रेम, त्याग, भक्ति, क्षमा जस्ता श्रेष्ठ मूल्यका अनेक कथा । यी कथाहरूको छाप हाम्रो दिमागमा नमेटिने गरी बस्यो ।

कौशल र म आफूलाई गान्धी भन्थ्यौं । कौशलले बुबालाई हत्ते गरी खद्दरको पाइजामा र कुर्ता सिलाएको थियो । म खद्दरको धोती र नेपाली टोपी लगाउन थालें– नेपाली गान्धी भएर । धोती मातृकुल र टोपी पितृकुलको गौरव थियो । यो भेष देखेर आमाबुबा खित्का छोडी हाँस्नुहुन्थ्यो । चौधरी सरका प्रभावले कौशल र म अति भावुक प्रकृतिका थियौं । एक दिन हामी विषहरा पोखरीतिर जाँदै थियौं । त्यहाँ एउटा अनौठो फल फल्थ्यो– खिरियापुरिया । जसले पनि टिपेर खान सक्थ्यो । त्यही खाने लोभले हामी उता लागेका थियौं । धर्मशालानेर पुगेपछि कुन्नि कताबाट हामीसँगै पढ्ने सलिल फुत्त निस्कियो र बाटो छेकेर उभियो, "ए गान्धीका बच्चाहरू, कता निस्किएका ? मोरा हो ! पख, असली गान्धी हौ कि नक्कली, जाँच्छु ।" उसले फलामको सिक्रीले पालैपालो हाम्रो शरीरमा स्वामस्वाम हिर्काउन थाल्यो । हामी बेहोस नहुन्जेल

अडिग थियौं– मानौं अङ्ग्रेजका अगाडि उभिएका साक्षात् गान्धी हौं । लुगा चिल्थ्र चिल्था भए । टोपी फालियो । जिउभरि घावैघाउ भए । सलिलभित्रको द्यौता किन जागेन ? होस आउँदा झमक्क साँझ परिसकेको थियो । धर्मशालाको पर्खालमाथि अझै बसेको खाकीको हाफ पाइन्टधारी त्यो सलिलले कराएर भन्यो, "जाओ साले पहाडेहरू !"

आमाबुबा घरबाहिर आएर चिन्ता गरी बाटो हेर्दै हुनुहुन्थ्यो । मलाई कराएर सोध्ने इच्छा भयो, 'तपाईंहरूले मलाई जन्माउने अपराध किन गर्नुभयो ? किन ? म पहाडे हुँ कि मधिसे ? के मान्छे भएर बाँच्न सकिन्न ?' तर बक फुटेन । पहाडे र मधिसेबिच जताततै झगडा हुन्थ्यो, म मानवता र राष्ट्रिय एकताको पक्षमा उभिन्थें तर दुवै पक्षले मेरो नियतमा शङ्का गर्थे । पहाडेले भन्थे, "यसको आमाको रगत बोल्छ ।" मधिसेहरू भन्थे, "सर्पको बच्चा सर्प नै हुन्छ ।" तर के गरूँ ? पहाडेले कुटाइ खाँदा पनि चोट मलाई लाग्थ्यो, मधिसे अन्यायमा परे हृदय मेरै विद्रोह गर्थ्यो ।

ooo

"तपाईं किन रुनु हुन्छ ?" मोटी नर्सले सोध्दा म झस्कन्छु र आफू अस्पतालमा भर्ना भएको सम्झन्छु । ऊ रुमालले मेरो आँसु पछी रगतको बोतल हल्लाइदिन्छे र त्यहीं एउटा टुलमा बस्छे । म आफू अस्पताल पुगेको कारण सम्झन्छु ।

नेपालमा राजनीतिक परिवर्तनको हुरी आयो । कुन्नि कसले घरभित्र आगो सल्काइदियो । नेपालगन्जको हावामा फिलिङ्गाहरू उड्न थाले । मधेसको इतिहासका पाना पल्टिए । एउटा प्रश्न जताततै देखियो, 'के यो पहाडेहरूको मात्र देश हो ?' कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सबै ठाउँमा पहाडेकै वर्चस्व ! अन्याय हो !' यस्ता प्रश्नले ठुलै अग्निकाण्ड मच्चायो । मधिसेहरू मर्न-मार्न उद्यत भए । लासैलासको थुप्रो लाग्यो । मधिसे मारिएका दर्दनाक दृश्य भएका क्यासेट मधेसमा र पहाडे मारिएका दृश्य भएका क्यासेट पहाडमा पठाइयो । एउटै परिवार भई बसेका पहाडे र मधिसेहरूले कसरी एक-अर्काका छातीमा भाला रोप्न सकेका होलान् ! उफ् ! सिङ्गो मधेस कसरी युद्धभूमिमा परिणत भयो ? घर घरबाट बच्चाबच्ची निस्किएर शिरमा गम्छा बाँधी भाला, बर्छा, बन्दुक, छुरी नचाउँदै पागल झैं उफ्रन थाले, 'मधेसी एकता– जिन्दाबाद ! भिख होइन– अधिकार चाहियो !' लुटपाट, आगजनी, रक्तपात, टायरहरूको बाक्लो कालो धुँवामा दिउँसै रात परको मधेस !

"पहाडे चोर– देश छोड !" नारा गुन्जियो । यो के भयो ? छाती चिरियो । अनिष्टको आशङ्काले मुटु ढुकढुक गर्न थाल्यो । एक एक शब्द मेरो मुटुमा बम भएर पड्किँदै थिए । कुन्नि कुन दैवीशक्तिले डोऱ्याइएर म बाहिर निस्किएँ । भिडमा हल्ला सुनियो– "साथी हो ! खस शासकीय अहङ्कारवादलाई माटोमा मिलाऔँ । जनकपुरको पवित्र माटोबाट भानुभक्तको सालिक मटियामेट (नामेट) पारौँ ! पहाडे निरङ्कुशता– मुर्दाबाद ! मुर्दाबाद !, हिटलरशाही– मुर्दाबाद ! मुर्दाबाद !"

भिड भानुचोकस्थित आदिकविको प्रतिमानिर नारा लगाउँदै थियो । मभित्र एउटा विद्युत् तरङ्ग जस्तो उठ्यो । म भिड पुग्नुभन्दा अगाडि नै भानुचोक पुगेर भानुको प्रतिमाअगाडि उभिएँ । भिड आइपुग्यो, प्रतिमा भत्काउन अगाडि बढ्यो । मैले प्रतिरोध गरेँ, "प्रतिमा भत्काउन पाइँदैन ! यो पुर्खाको अपमान हो ।" भिडबाट हल्ला भयो, "ए, कुट्कुट् ! साले पहाडे !" पछाडिबाट गोली चल्यो ! गोली मेरो देब्रे तिघ्रामा लाग्यो । रगतको फोहोरा छुट्यो । म लडेँ । सयौँ हतौडाहरू भानुको प्रतिमामाथि बज्रिरहेका थिए कि मेरै हृदयमाथि ! मलाई होस भएन । नाराहरू ऊन् चर्का भएका थिए । मेरो धराशायी शरीरलाई अनेक पैतालाहरू कुल्चेर गए । आफ्नै रगतको आहालमा सुतेको मलाई अस्पतालसम्म पुऱ्याइदिने दया कसैमा जागेन । ममा उठ्ने साहस थिएन । तैपनि बल गरी उठेँ र भिडबाहिर, नगरपालिकाको गल्लीसम्म पुग्न सफल भएँ । गल्लीबाट पहाडेहरूको अर्को हुल आउँदै थियो ।

"धोती चोर– नेपाल छोड !"

"विदेशी दलाल– मुर्दाबाद !"

फेरि भाषण आरम्भ भयो, "साथी हो ! विदेशी तत्त्वहरूको चलखेल अब चल्न सक्तैन । मुट्ठीभर सतुवालाई बोडरपारि पठाऔँ । यिनले भानुभक्तलाई ढाले, हामी विद्यापतिलाई ढलको गुहुमा फाल्छौँ । लौ, हिँडौँ !"

"हो-हो-हो" को भयानक आवाजले धरती र आकाश काँप्न थाल्यो । म बल गरेर भिडअगाडि उभिएँ । रगत अझै बग्दै थियो, "विद्यापति मधेसी होइनन् । मानवताका विभूति हुन् । म सालिक भत्काउन दिन्नँ ! सालिक..." मेरो वाक्य पूरा पनि भएको थिएन, भिडबाट हल्ला भयो, "ए, कुट्कुट् ! साले मधिसे ! अर्को गोली आयो– स्वाइँय्य ! गोली मेरो दायाँ पाखुराको वारपार भयो । आकाश, धरती, घर, मान्छे सबै फन्न घुमे झैँ लाग्यो । फेरि अन्धकार भयो । म लडेँ । एम्बुलेन्सको मधुरो स्वर कानमा छिरे जस्तो लाग्छ । अनि के भयो, केही थाहा छैन ।

स्ट्यान्डमा फुन्ड्याइएको रगतको बोतल हेर्न कम्पाउन्डर आउँछ । सोध्ने मन हुन्छ, 'हजुर, मेरो शरीरमा अहिले जुन रगत जाँदै छ, त्यो पहाडेको हो कि मधिसेको ?' तर सोध्दिनँ, मुसुक्क हाँस्छु मात्र । घाउ अझ बल्झिन्छ । ऐय्या ! कम्पाउन्डरले लट्ठिने सुई दिन्छ र जान्छ ।

भोलिपल्ट नर्स खुसीको खबर सुनाउँछिन्– म अब घर जान सक्छु रे । आमाबुबालाई यो खबर दिइसकेको छ । उहाँहरू भित्र आएको देख्छु म । मेरो मुखबाट अकस्मात् फुस्किन्छ, "आमा, मेरो धोती र टोपी ?" उहाँहरू एउटा पोको दिनुहुन्छ । म बेडबाट ओर्लिन्छु र रगतका टाटैटाटा बसेका, चिथ्रा भइसकेका धोती र टोपी लगाउँछु । फेरि सोध्न मन लाग्छ, 'आमा, दुवैतिरका गोली खाने हजुरहरूको छोरो कुन कित्ताभित्र पर्छ ? पहाडे कित्ताभित्र कि मधिसे कित्ताभित्र ? के कित्ता मन नपराउने मानिस अब बाँच्नै पाउने छैन त ?'

हामी सडकमा आइसकेका छौं । सडकमा नारा र जुलुसको क्रम जारी छ । टायरको धुवाँले नेपालै अन्धकारमा डुबेको जस्तो लाग्छ– ठाउँ चिन्न गाह्रो, मान्छे चिन्न गाह्रो, आफैंलाई चिन्न गाह्रो । प्रत्येक अनुहारमा कालो मोसो दलिएको जस्तो देख्छु । बुबा बरबराउनुहुन्छ, "अब नेपाल लङ्का भइसक्यो । भाइ भाइमा विभेद भएपछि यस्तै हुन्छ– लङ्कादहन !"

म केके सोच्न थाल्छु, आफैंलाई थाहा छैन । फेरि आँखाबाट पानी बग्न थालेको छ– नुनिलो पानी, जसको मोल छैन । बुबालाई सोध्छु, "बुबा, पहाडमा हाम्रो घर कस्तो थियो ?" बुबा मेरो अनुहार पढ्न थाल्नुहुन्छ एकनासले टुलुटुलु !

[समयका आँखाबाट]

आरुको बोट

पद्मावती सिंह

"हेर, अब छिट्टै यो बोटमा आरु फल्नेछ।" रश्मिले बगैंचाको पश्चिमपट्टि ऱ्याँगिएको आरुको बोट औंल्याउँदै भनिन्।

"कहिले हो कहिले ?" मुनाले भनिन्।

"यसमा फल्ने आरु निश्चय नै मिठा हुनेछन्; ठुलठुला, खुब रसिला..."

"आरु नै नफली कसरी भन्न सकिन्छ र ?"

"अँ, थाहा पाइहालिन्छ नि..." रश्मि उत्निखेरै प्रतिवाद गर्छिन् तर मनमनै भने मुनाले भनेको कुरा ठिक्कै हो जस्तो पनि लाग्छ उनलाई।

साँऱ्पख बगैंचामा डुल्दाडुल्दै दुई अभिन्न सँगिनीहरूबिच यस्ता कुराकानी भइरहन्छन्।

अघिल्तिर ऱ्यालबाट एक जोडी आँखा उनीहरूलाई नै चिहाइरहेका हुन्छन्, जसबाट ती दुई अनभिज्ञ तथा लापर्बाह देखिन्छन्।

तरकारी केलाउँदाकेलाउँदै टक्क अडिएकी रश्मिकी बज्यैका अनुभवी आँखा उनलाई गहिरिएर नियाल्दै उनकी आमालाई भनेको कुरा रश्मिका कानमा पर्छ– "दुलही, अब रश्मि छिट्टै पर सर्छे है !"

रश्ममाथि गहिरो दृष्टि फ्याँकेर बज्यैको कुरामा सहमति जनाए झैं आमा खिसिक्क हाँसेकी पनि उनी देख्छिन्। रश्मिलाई अप्ठ्यारो पनि होइन, नरमाइलो भनुँ भने, त्यस्तो ऱ्हन् हुँदै होइन, यस आकस्मिक प्रसङ्गले भित्रभित्रै उनलाई कस्तो कस्तो काउकुतिको आभास हुन्छ।

सुने नसुने झैं गरी उनी पल्लो कोठामा लुसुक्क पस्छिन् निरुद्देश्य।

कोठाभरि साँऱ्पखको रमाइलोपन छरिएको थियो। अन्यमनस्क भावमा उनले पूर्वपट्टिको बार्दलीबाट आकाशको पल्लो छेउसम्म आँखाले भ्याउन्जेल एकपल्ट हेरिन्। आकाशभरि छरपस्टिएका बादलका टुक्रा विभिन्न स्वरूप लिएर

सललल बगे झैं देखिन्छन् । सूर्यास्तले पश्चिमपट्टि क्षितिजभरि सुन्तला रङ पोतेर वातावरणलाई झन् रमणीय र आकर्षक तुल्याएको थियो । रमणीय दृश्यहरूमा डुब्दै उत्रँदै उनको दृष्टि झट्ट आरुको बोटमा गई अल्झिन्छ ।

बोटभरि फूल हुन आँटेका कोपिला रहेछन् । हिजोसम्म उनको दृष्टि त्यहाँ नपरेकाले उनी छक्क पर्छिन् ।

त्यतिनै खेर उनको कोठामा आमा प्रवेश गर्छिन् ।

"आमा, आरुको बोटमा त फूल फुल्न थालेछ" रश्मि प्रफुल्ल मुद्रामा भन्छिन् ।

"हो त नि, आरुको बोटमा बैंस चढ्यो । अब यसपालिदेखि आरु फल्नेछ ।"

"अँ त साँच्चि...?" शरीरभरि उन्माद छाए झैं हुन्छ रश्मिलाई ।

अघिल्तिर घरको झ्यालमा आँखा पर्नासाथ मुख कच्याककुचुक पारेर आमाले भनिन् ।

"आइज भित्र, के बार्दलीको डिलमा कुहिना टेकेर बिनसित्तिको फाल्तु कुरा गरेर बसेकी ?"

आमाले प्रफुल्ल अनुहारलाई एक्कासि अमिलो पारेर अर्कै प्रसङ्ग समातेको देख्दा रश्मि छक्क पर्छिन् ।

त्यसको कारण पत्ता लगाउन उनको दृष्टि स्वत: अघिल्तिर झ्यालमा पुग्यो ।

साँझको झिसमिसे अँध्यारोमा पनि झ्यालमा एउटा पुरुषको पिठ्युँ स्पष्ट ठम्याउन सकिन्थ्यो ।

"आमालाई देख्नेबित्तिकै उसले पिठ्युँ फर्काएको हुनुपर्छ ।" यस्तो अड्कल काट्नेबित्तिकै उनको अनुहार रातो भई घोप्टियो ।

"हिँड् भित्र, बज्यैको पूजाको सामान माथि लगिदे ।" आमाको स्वरमा आदेशभन्दा रिसको मात्रा बढी मुछिएको हुन्छ ।

रश्मि चुपचाप आमासित भित्र पसिन् । उनका अङ्गप्रत्यङ्गमा सरसरती आँखा दौडाउँदै आमा फेरि फतफताउँछिन्– "केटाकेटी भनुँ भने केटाकेटी रहिन । तरुनी भनुँ भने लुगा लगाउनेसमेत ढङ्ग छैन, न हाँसको चाल न कुखुराको चाल !"

अब भने आमाको आफूप्रतिको नौलो दृष्टि, नौलो व्यवहार र बेफ्वाँकको फतफत सुनेर रश्मिलाई झर्को लागेर आयो । उनी मनमनै झर्कंदै पूजा सामान लिएर फरक्क के फर्केकी थिइन्– "ए पख् त, पर सरिस् कि क्याहो ?"

आमाको उत्तेजित स्वर सुनी अगाडि बढेका उनका खुट्टा भुइँमै टाँसिन्छन् ।

"खै त..." आमा हाम फालेर रश्मितिर आइपुगिन् ।

"लौन न नि... हो त रैछ । कस्तो चाल नपाएकी हरे शिव !"

आमाको घोषणा सुन्नासाथ शरीर स्थिर पारेर उनले आमालाई हेरिन् अन्यमनस्क भावले । उनको मुटु ढुकढुक भइरहेको थियो ।

"के एकोहोरिएकी ? आइज ऋट्ट ।" आमाले उनलाई हात समातेर तान्दै अर्को कोठामा लगेर थुनिन् । अब बाह्र दिनसम्म सूर्यको प्रकाश र कुनै पुरुषको अनुहार हेर्न नहुने कुरा पनि उनले आमाबाटै जानकारी पाइन् ।

अचानक आफूलाई नौलो स्थितिमा पाएर रश्मिलाई आफूभित्र के के भत्के, के के बने जस्तो लागेर त्यसै त्यसै रुन मन लाग्यो ।

एक घण्टा एक ठाउँमा बसेर बिताउन गाह्रो मान्ने रश्मि जस्ती चनमतेलाई एउटै कोठामा पूरा एघार दिन बिताउन कम गाह्रो पर्ला त ! सोच्दासोच्दै उनलाई विरक्त लागेर आयो । गुफा कोठामा धुमधुमती बसेर उनका दिनहरू मनमा नानाथरीका कुरा खेलाई बित्न थाले– 'म अब तरुनी भएँ । अब म त्यो अवस्थामा छैन, जुन अवस्थामा पहिले थिएँ । ममा एकाएक यस्तो परिवर्तन कसरी, किन आयो ? आउने दिनहरू मेरा कस्ता होलान् ?'

उनीभित्रको जिज्ञासा क्षणभरमै आकाशको विशालता बोकेर फैलिन्थ्यो । 'आकाशलाई अब छुनुपर्छ र समुद्रमा डुबुल्की मार्नुपर्छ' उनको अन्तरात्माले साउती गरे झैँ लाग्छ ।

जति जति गुफाभित्रका दिनहरू बित्दै जान्छन्, उनीभित्रका जिज्ञासाहरू बोझ बनेर उनको मनमस्तिष्कमा छाइरहन्छन्– नरम भुवा बनेर, उनको सर्वाङ्गलाई बिस्तारै सुमसुम्याएर ।

"संयोग पनि कहिलेकाहीँ कस्तो अद्भुत भइदिँदो रहेछ ! आरुको बोटमा फूल फुल्नु र ममा यौवनको फूल फुल्नु, त्यो पनि एउटै महिना र एउटै साल...।" विस्मय उनीभित्र अग्लिँदै जान्छ नापिनै नसकिने गरी, बडेमानको आकार भएर । जुन बेला बार्दलीमा बसेर आरुको बोटका हाँगाभरि कोपिला फक्रेको दृश्य मुग्ध भएर हेरिरहेकी थिइन्, त्यसै बेला अगाडिको घरको झ्यालबाट एक जोडी आँखाहरू लोलुप घुराइ बोकेर उनलाई हेरिरहेको उनले देखे पनि नदेखे झैँ गरेकी थिइन् । अहिले तिनै आँखाहरू र त्यसभित्र छरिएका आकर्षणहरूबारे सोच्न उनले अवकाश पाएकीले सोच्न थाल्छिन् ।

सोच्दासोच्दै मानौँ रहस्यैरहस्यका गुजुल्टाहरूबाट एउटा कुराको रहस्योद्घाटन भए झैँ उनी एक्लै मुस्कुराउँछिन् ।

उनी जुरुक्क उठ्छिन्, एक्कासि केही सम्झे झैं गरी आफ्नो वरिपरि विभिन्न प्रसाधनका साधनहरू चारैतिर छरेर आफूलाई सिँगार्न तल्लीन हुन्छिन् ।

उनले पहिले दुई चुल्ठा सलक्क बाटिन् । त्यसपछि गाजल लगाइन् । दुई आँखीभौंको बिचमा टुपुक्क रातो टीका लगाइन् । ओठमा अनकनाउँदै लिपस्टिक लगाइन् । ऐना हातमा लिएर त्यसभित्र देखा परेको आफ्नो प्रतिबिम्बलाई टोलाएर हेरिरहिन् । धेरै बेरसम्म उनी आफ्नो रूप तथा सौन्दर्य देखी त्यसै मुग्ध भइरहिन् । पहिलोपल्ट आफ्नो सौन्दर्य तथा रूपको आभास पाई घमन्ड पनि बढ्यो उनीभित्र । त्यत्तिकैमा कसैले ढोका खोलेर भित्र प्रवेश गरेको पदचाप सुन्नेबित्तिकै हतपत ऐना लुकाइन् ।

आफ्नो अघिल्तिर आमालाई देख्नासाथ चोरी गर्दागर्दै समातिए झैं अनुहार बनाएर अकमकाउँदै उनले भनिन्, "कोही साथी आएनन् आज । मुना पनि आइनन् । नरमाइलो लागेकाले सिँगार गरेर बसेकी ।" स्पष्टीकरण दिँदै ङिच्च हाँसिन् रश्मि ।

तर आमाको अनुहारमा हाँसोको झिल्कोसमेत देखिएन । प्रतिक्रियास्वरूप बरु उनको अनुहारमा पहिले बिस्मय, त्यसपछि क्रमशः प्रशंसा, हर्ष तथा ईर्ष्या मिसिएका भावहरू ओइरिन थाले ।

"रश्मि, मलाई उत्ताउलो पाराले सिँगार गरेको पटक्कै मन पर्दैन ।" आमाको स्वर कठोर थियो ।

केही बेर कोठामा मौनता छाइरह्यो । दुवै मनमा कुरा खेलाउँदै चुप लागिरहे ।

विषयान्तर गर्दै आमाले सोधिन्, "चिया खान्छ्यौ ?"

चियाको तलतल लागेको भए तापनि रश्मिले भनिन्, "खान्न आमा !"

आमा केही नबोली फर्किन् । कोठाबाट आमा निस्कनासाथ रश्मिले जुरुक्क उठेर पहिले ढोकाको छिड्की लगाइन्, त्यसपछि उदास अनुहार पारेर एकपल्ट आफ्नो अनुहार ऐनामा हेरिन् । अब रिसैरिसमा उनले गाजल, टीका तथा लिपस्टिक रगडी रगडी पुछिन् । दुवै आँखाबाट केही थोपा आँसु चुहाउँदै मनमनै कल्पिन्, 'अघिको शृङ्गार गरेको आफ्नो रूपलाई पर झ्यालसम्म एकपल्ट पुऱ्याउन पाए ऊ कति मुग्ध हुन्थ्यो होला...!"

सोच्दासोच्दै अनायास उनका आँखा घडीमा परे । ठिक पाँच बजेको रहेछ । यतिखेर सायद ऊ झ्यालमा उभिएर बार्दलीतिर र बारीको यताउति आँखा दौडाइरहेको होला ।

रश्मिलाई त्यसै त्यसै नरमाइलो लागेर आयो । मनभित्र कता कता के के छरे जस्तो, के के पोखिए जस्तो एकतमासको खल्लो भएर आयो ।

बाहिर एकनाससित कराइरहेको चराको आवाज उनको कानमा पऱ्यो । सायद त्यो आरुको बोटको हाँगामा बसेर कराइरहेको होला । फेरि उनले आरुको त्यही बोट सम्झिन्, जसमा अहिले ढकमक्क फूल फुलिसकेको होला ।

ढमक्क फुलेको आरुको बोट आफ्नो रूप तथा लावण्य प्रदर्शन गरी बाटोको पश्चिमतिर कुनामा उभिएको दृश्य फैलिन्छ उनका आँखासामु । हेर्दाहेर्दै त्यस बोटले एउटा सिङ्गो पुरुषको रूप लिन्छ । चौडा छाती, बलिष्ठ जिउडाल, आँखाभरि त्यही लोलुप हेराइ छरेर बिस्तारै उनीसित आँखा जुधाएर मुस्कुराउँछ ।

बिस्तार बिस्तार पाइला सार्दै ऊ आफूनजिक बढे झैं रश्मिलाई आभास हुन्छ । उनी श्वास रोकेर चुपचाप उसका अघि बढेका पाइलाहरू हेरिरहन्छिन् । उसको श्वासको स्पर्श आफ्नो अनुहारमा परेको आभास हुनासाथ उनको सर्वाङ्ग एकाएक सम्मोहित भए झैं लट्ठिएर आउँछ । लाजले हो कि केले हो कुन्नि ? उनका दुवै आँखा बिस्तारै बन्द हुन्छन् ।

निमेषमै उसले उनीलाई कसेर अँगालोमा बाँधिसक्छ । उनको प्रत्येक फुत्किने प्रयासमा उसको अँगालोको शक्ति बढ्दै जान्छ ।

"आहा ! तिमी कति राम्री छ्यौ– भर्खरै कोपिलाबाट फक्रेको फूल जस्ती । एकपल्ट मजासित तिमीलाई पिउन मन लागिरहेछ ।" उसले कानैमा मुख ल्याएर फुसफुसाए झैं लाग्छ ।

ढोकामा एकनासको हिर्काइले एकाएक उनी एउटा गहिरो सम्मोहनबाट ब्युँझिन् । उनको स्थिति पहाड चढ्दाचढ्दै एक्कासि हुत्तिएर भुइँमा बज्रे झैं निरीह भयो । निधारबाट बगेर परेली भिजाउन आइपुगेको पसिनाको थोपालाई पछ्यौरीले पुछेर उनले ढोका खोलिन् ।

"निदाइरहेकी थिइस् कि क्याहो ? अहिले हो र ढोका पिटिबसेको...?" मुनाले भित्र पस्दै सोधिन् ।

उनी चुप लागिरहिन् मुनालाई एकोहोरो हेरेर ।

"किन त्यस्तो अनुहार लाएर हेरेको ? कुनै सपना त देखिनस् ?"

"सपना त हैन, बरु अर्कै एउटा..." बोल्दाबोल्दै रश्मिले बिचैमा कुरा चपाइन् । मात्र उनका ओठका कुनाहरू सगबगाइरहे ।

"आज तेरो छाँट निको छैन है !" नभन्दै रश्मिले मुनालाई हठात् अँगालोमा हालेर एउटा गहिरो निःश्वास लिइन् ।

केही बेरपछि रश्मि सामान्य स्थितिमा आइन् ।

"के भो तँलाई ? सन्चो छैन कि क्याहो ?" मुनाले सोधिन् ।

ओठभरि कलिलो मुस्कान लिएर रश्मिले भनिन्, "मुना ! हाम्रो बारीको आरुको बोटमा फूल फुलिसक्यो, देख्यौ ?"

"देखें ।"

"अब त्यसमा चाँडै फल लाग्नेछ ।"

रश्मिका आँखा स्वप्निल हुँदै आए । कहिले गुफाबाट निस्कूँ र आरुको बोटलाई आँखाभरि हेरूँ जस्तो लाग्यो उनलाई– "यी बाँकी दुई दिन पहाड जस्तै भइसक्यो मलाई...।"

जसोतसो बाह्र दिन पनि बित्यो । अब रश्मिका साँझहरू आरुको बोटमुनि बित्न थाले । उनी किताब लिएर त्यही बोटमुनि बस्छिन् र पढ्ने बहाना गर्छिन् । त्यहाँ बस्ता उनलाई एउटा अलौकिक सुख प्राप्त हुन थाल्छ ।

अघिल्तिर ञ्यालबाट चिहाउने आँखाहरू निर्धक्क उनीसम्म आइपुग्छन् । बिस्तार बिस्तार मौन मुस्कान तथा सङ्केत आदानप्रदानको क्रम सुरु हुन्छ ।

दिन प्रतिदिन नियाल्दानियाल्दै बोटमा फल लागेर आउँछ । जति जति फल आफ्नो स्वाभाविक आकारमा आउँछ, त्यति त्यति त्यसलाई खाने आतुरी पनि उनीभित्र बढ्दै जान्छ ।

केही समयको अन्तरालमा आरुले आफ्नो पूर्ण स्वरूप लिन्छ । पाकेको आरुको बास्ना बगैंचाभरि फैलिन्छ । रश्मिको मनमस्तिष्क चौबिसै घण्टा त्यही बास्नाले आकर्षित भई त्यसलाई खाने एक असीम रहर उत्पन्न भइदिन्छ ।

आरुको बोटमा फूल फुलेदेखि हजारपल्ट उनकी बज्यैले दिनहुँ झैं "देउतालाई नचढाई पहिलोपल्ट आफ्नो बारीमा फलेको फल टिपेर खानु हुँदैन है" भनिसकिन् । बज्यैको डरले उनले आरु टिप्ने साहस गरेकी छैनन् ।

एकपल्ट बज्यै र आमा कीर्तनमा जाँदा उनले झन्डै आरु टिपेर खाइसकेकी तर कुन्नि के मनमा आएर उनले टिप्न बढाइसकेको हात पनि रोकेकी थिइन् ।

सधैं झैं आरुको बोटमुनि उनी अल्झिरहेको बेला बतास चलेर एक दाना पाकेको आरु उनका खुट्टैमुनि खस्यो । खस्नासाथ आरु हातमा लिएर उनी एकछिन अन्यमनस्क भइरहिन् ।

एक मनले 'देउतालाई चढाउन बज्यैलाई दिनुपर्छ' भन्छ । अर्को मनले 'यसलाई कसैले नदेखीकन खानुपर्छ' भन्छ ।

त्यसै किङ्कर्तव्यविमूढ भइरहेका बेला परबाट मुनालाई आफूतिर आउन लागेको देखी उनले आरुको दानो पछ्यौरीभित्र लुकाइन् ।

बज्यैलाई पनि यतैतिर आउन लागेको देखेर उनको मन एकपल्ट ढक्क फुल्यो ।

उनले एक निरीह दृष्टि अघिल्तिर ञ्यालमा फ्याँकिन् । ञ्यालबाट आफ्ना गतिविधि नियालेर हेरिरहेका आँखाहरूतिर उनको दृष्टि पुग्नासाथ उनीभित्र हराइसकेको आत्मविश्वास फेरि ब्युँझिन्छ ।

उनी पछ्यौरीभित्र लुकाइराखेको आरुको दानो बेसरी समात्छिन्– उनलाई यो आरुको दानो आफू जस्तै आफन्त लागेर हो कि ?

[कथादिबाट]

पछबरिया टोल

ऋषिराज बराल

मान्छेपिच्छे यस टोलको अलग अलग नाम छ। मुसहरहरूको सङ्ख्या धेरै भएकाले यो टोललाई मुसहर टोल भन्नेहरू पनि छन्। प्रधानपञ्च रामदेव मण्डलले यस टोलको नाम पञ्चायत टोल राखेको थियो। एक जना मन्त्रीले यसको उद्घाटन गरेका थिए। बहुदल आएपछि अनवर अख्तरले सबैलाई उछिन्यो। एक जना नयाँ नेतालाई बोलाएर उसले त्यहाँ भाषण गराएको थियो। विकासे भाषणपछि नेताले ताली पिटाउँदै घोषणा गरेका थिए– आजदेखि यो टोलको नाम राम लक्ष्मण टोल !

तर विलट बुढाले भन्यो,

धनेसरी पासवानले भनी–

"अयँ गे ने एतय राम लछुमनक मूर्ति छइ, ने हनुमानक, ने एतय राम मीना होइछइ, त अइ टोलक नाम राम लछुमन टोल कोना भेलइ !"

"हँ तो कोना भेलइ !"

बरु नयाँ टोल भएकाले मान्छेहरूले यसलाई लबका (नयाँ) टोल भने।

मूल टोलभन्दा पश्चिमतिर भएकाले कतिले यसलाई पछबरिया टोल भन्न थाले। मान्छेहरूलाई यही नाम सजिलो लाग्यो, अहिले धेरैले यसलाई यसै भन्छन्।

अहिले यो टोल बडो चर्चामा छ–

पुलिस थानामा चर्चा छ।

चिया पसलमा चर्चा छ।

गाविस कार्यालयमा चर्चा छ।

पार्टी अफिसहरूमा चर्चा छ।

एक, दुई, तिन, चार... जम्मा सत्तरी-असी घरहरू छन् त्यहाँ। केही घर पहाडियाका छन् र केही घर मधेसियाका। यादव पनि छन्, श्रेष्ठहरू पनि छन्,

अन्सारी पनि छन्, ततमा पनि छन् । संयोगले कसैको नाम कुनै राष्ट्रिय वा क्षेत्रीय नेतासित मिल्न गयो भने भिन्नै कुरा हो अन्यथा अधिकांशलाई आफ्नो नाम पनि पूरा थाहा छैन ।

यो हरिकङ्गालहरूको बस्ती हो ।

यो तन्नमहरूको बस्ती हो ।

जगदीशवाको तिन कट्ठा जमिन छ– कागजमा । पानी जम्छ बाह्रै महिना । जगदीशवा त्यसलाई गड्ढा भन्छ, गड्ढा अर्थात् खाल्डो । पटुवा गाड्न काम दिन्छ । त्यो पनि पटुवा भए न हो ! किस्नबहादुर कुन काकताली परेर हो, सायद बहादुर भएकाले होला गोल्छाको मिलमा चौकीदारीको काम गर्छ ।

साँच्चै यो मरियलहरूको बस्ती हो ।

र पनि यो टोल बडो चर्चामा छ । यो टोलको पाँच सय एकाउन्न भोट कसको छापमा जान्छ ? अहिलेको गरमागरम विषय यही हो । साँच्चै यो टोलको भोट कसको छापमा जान्छ होला ?

छाप नं. १ ढुक्क छ– आखिर गरिबहरूको भोट उसकै छापमा ।

यसपल्ट फागुनमा पानी परेन, चैतमा पनि, वैशाखमा पनि; जेठमा पनि पानी परेन । यो तातो हावा । कामताम केही छैन । खेतबारी छैन । यो महँगी ! महँगी पनि चुनावपरस्त छ । एक सय कड्कडिया बराबर– एक ।

छाप नं. २ सित चुनावी अनुभव पूरा छ । 'न बातको न जातको मोहर लगार्बे हाथको ।'

छाप नं. ३. पनि दङ्ग छ । ऊसित पछबरिया टोलको आफ्नै किसिमको तथ्याङ्क छ ।

अब माइक बज्न थाले । चुनावको चहलपहल देखिन थाल्यो । पर्चा, पोस्टर, झन्डा, जुलुस मेरीबास्सै ! मेला लाग्न थाल्यो, मेला । को जाओस् अब सुन्दरी मठको मेला । अनवर अख्तरले कटिहारबाट नाचपाटी मगाउने घोषणा सुनाएको छ गाउँमा । खाना फ्री, नाच फ्री ।

कोभन्दा को कम ।

"घर नहुनेलाई घर... जग्गा नहुनेलाई जग्गा, साथीहरू हो ! गरिबको भोट..." छाप नं. १ ले मुट्ठी कस्यो ।

छाप नम्बर ३ ले पाँच औंला ठड्यायो । कसैले यसलाई पाँच रुपियाँ भने कसैले पाँच सय ।

तर पानी, बिजुली, नाच, खाना, जग्गा जमिन, पहाडिया, मधेसिया; अहँ कतैबाट पनि जोड घटाउको समीकरण मिलेन ।

छाप नं. १ ले लामो श्वास फेऱ्यो ।

छाप नं. २ ले थाप्लोमा आफ्नै हातले ठोक्यो ।

छाप नं. ३ पनि खैनी मल्दै घोरियो– 'फुलमतियालाई किस्नबहादुरले बहिनी मान्छ... त्यो पनि भएन ।'

सवाल छ हजुर ! पाँच सय एकाउन्न भोटको सवाल छ ।

पछबरिया टोल फेरि चर्चामा छ, नयाँ नयाँ चर्चा ।

किस्नबहादुरले छाप नं. १ छोड्यो ।

जगदीशवाले छाप नं. २ छोड्यो ।

... ...

टोलमा छापैछापको होहल्ला छ ।

चिया पसलमा बाजी चलेको छ–

पछबरिया टोलको सारा भोट छाप नं. १ मा ।

पछबरिया टोलको सारा भोट छाप नं. २ मा ।

पछबरिया टोलको सारा भोट छाप नं. ३ मा ।

पछिल्लो हल्ला त झन् सनसनीपूर्ण थियो ।

"पछबरिया टोल केकरो भोट नहीं देतौ" –गरमागरम छ चिया पसलमा ।

शुकदेव पनि यसै भन्थ्यो ।

शिवशरण पनि यसै भन्छ ।

"बाह्र वर्ष भयो यहाँ बसेको । हामी बसेको जग्गा दर्तामा छैन । चुनावको बेला सबै यसो भन्छन्, उसो भन्छन्; छैन भोट । केको भोट ?" किस्नबहादुरले घोषणा गरिदियो चिया पसलमा । धनपतले पनि कुरा मिलाए । "हे अब हमु तब केकरो भोट नहीं देव" –कैलाशवाले पनि साथ दियो ।

"एकर मतलब भेलइ बहिष्कार" –विन्देश्वर मास्टरले अर्थ लगायो ।

"जे बुझ" –किस्नबहादुरले उत्तर दियो ।

"तब हि सब बहिष्कारवादी भेलइ" –चौधरी मास्टरले झन् आफ्नो चासो देखायो ।

"तब हाम्रो टोलमा पनि मसाल घुस्यो" –रातिको दारुले अहिलेसम्म छोडेको छैन झैं अनुहार पारेर अघिदेखि कुरा सुनिरहेको अनवर अख्तरले नाक फुलायो ।

"तुँ सब कथी मसाल कहै छौ रे सार् सब" –उताबाट आउँदै गरेको छुट्टै अनवरले डाँट्यो अर्थात् हकाऱ्यो ।

सबैले मुखामुख गरे ।

"मसाल जुलुसको कुरा गरेको" –कैलाशवाले आँखा झिम्क्याउँदै भन्यो ।

"चिया पसलमा मसाल जुलुसको कुरा ?" –हबलदारले लट्ठी बजाऱ्यो ।

साँच्चै, हरिकङ्गालहरूको बस्तीले सबैलाई चिन्तित तुल्यायो ।

छाप नं. १, २, ३ सबैलाई । हबलदारलाई, थानालाई । निद्रा हराम, भोक हराम । पाँच सय एकाउन्न भोट कसको छापमा जान्छ ? सर्वत्र चिन्ता लागेको छ ।

"साथी हो ! राम लक्ष्मण टोल हाम्रो हो, हाम्रो भोट हाम्रो छापमा ।"

"हो, हाम्रो छापमा ।" योजनामाथि योजना; मिटिङमाथि मिटिङ, रातभरि मिटिङ ।

पछबरिया टोल त्यति सन्चोले किन निदाउन पाउँथ्यो । यो तातो हावामा पछबरिया टोल किन निदाउन पाउँथ्यो । रातको अन्धकारमा डुबेको पछबरिया टोलमा एक्कासि हल्लीखल्ली मच्चियो । पछबरिया टोल हावामा हुरहुर बल्न थाल्यो । केटाकेटीहरूको रुवाबासी, ठुलाहरूको गुहार ! गुहार ! "ए फुलमतिया !, ए जगदीशवा !" उफ् ! गाईवस्तु कराउँदै छन् ! कुदा रे कुद ! रुवाबासी ! होहल्ला !

"मारो मारो पहाडिया को पहाडिया ने" एक हुल मान्छे लिएर छाप नं. ३ त्यतातिर कुद्यो ।

"आगो लगाउने छाप नं. १ मुर्दाबाद" –छाप नं. २ पनि लट्ठी, भाला र खुकुरीसहित लाग्यो त्यतातिर ।

"आगो लगाउने छाप नं. २ मुर्दाबाद ! साथी हो, हामी आगो झैं भएर..." –छाप नं. १ पनि कुद्यो त्यतातिर ।

चल्यो । त्यहाँ पनि खुब चल्यो ।

आगो कसले लगायो ? टोलमा खुबै टीकाटिप्पणी चलेका छन् ।

"राम लछुमन टोला मे कत से हनुमान् घुस गइल रे" उडाउने पनि भए ।

आगो सर्प बनेर लठारिँदै छ, अकासिँदै छ, बतासिँदै छ । बुढाबुढीहरू कराइरहेका छन्, बिलौना गरिरहेका छन् । रातको बेला; कुकुरहरू भुकिरहेका छन् । "हमार बच्चा", शिवशरणकी जहान छाती पिटी पिटी रोइरहेकी छ । कस्तो हृदयविदारक दृश्य !

कसले लगायो आगो ? कसले ? कसले ? आँखाहरू छन् । प्रश्नहरू छन् । छाप नं. २ को अफिस रातभर खुला थियो– एउटा टिप्पणी ।

छाप नं. ३ को घरको ढोका खुलै थियो– अर्को टिप्पणी ।

फेरि होहल्ला ! आरोप प्रत्यारोप । जिन्दाबाद ! मुर्दाबाद ! "मारापिटी भेलइ रे मारापिटी" –मान्छेहरू होहो र हाहा ! गर्दै कुद्न थाले ।

उज्यालो हुन नपाउँदै सारा टोलमा चर्चा; टीकाटिप्पणी । चिया पसलमा चर्चा, थानामा चर्चा, पार्टी अफिसमा चर्चा ।

आगो कसले लगायो ?

त्यति नै बेर फेकुले कुद्दै खबर ल्यायो– "आगो लगाउनेलाई पुलिसले समात्यो ।" सबै मान्छेहरू चौकीतिर कुदे । नभन्दै जुँगे हबलदार रामधनलाई घोक्र्याउँदै सोधिरहेको थियो– "भन् रामधन, तँलाई कसले अरायो यसो गर्न ?"

"किन यसो गर्नुहुन्छ हबलदारसाब ! म मेरै टोलमा किन आगो लाउँथें, जुट मिलमा मेरो नाइट ड्युटी छ...।"

"अऊ कराउँछस्" –हबलदारले लट्ठी उचाल्यो ।

"हो, हो नाइट ड्युटीबाट रामधन भर्खर आउँदै छ" –मान्छेहरूले पनि सही थापे ।

यतिकैमा पुलिसले अर्को मान्छेलाई घोक्र्याउँदै ल्यायो । "यही हो आगो लगाउने मान्छे" –उसले सइलाई सलाम ठोक्दै भन्यो । त्यो मान्छेको हातमा एउटा झोला थियो र छाता पनि । रङ लगाएको सेतो कमिज लगाएको थियो उसले ।

"मालिक ! म इन्डियाको मान्छी, बिरादरीमा...।"

"हो, हो, रामरतनको बिरादरी हो, पल्लो टोलको रामरतनको ज्वाइँ, देशमा छ घर" –भिडबाट आवाज आयो ।

"उसो भए भन् आगो कसले लगायो ?" हबलदार गर्जियो ।

"अरे हबलदारसाब ! यो प्रजातन्त्र विरोधीको काम हो" –अनवर अख्तरले कैलाशवातिर आँखा सन्कायो ।

"कसलाई भनेको हो ?" –भिडबाट चर्को आवाज आयो ।

"हामीलाई पनि थाहा छ रातभरि कसको अफिस खुला थियो" –कैलाशवाले भिडलाई चिर्दै औंला ठड्यायो । अनवर अख्तर र हबलदारका आँखा जुधे ।

"मारु, तँलाई थाहा हुने भए हामी किन चाहियो ?" –हबलदारले कैलाशवाको टाउको ताक्तै लट्ठी उज्यायो ।

"हे, हे, हे," –भिडबाट सामूहिक आवाज आयो ।

"कसलाई प्रजातन्त्र विरोधी भन्या हो ?" –भिडबाट चर्को स्वर आयो ।

"आगो लगाउने को हो हामीलाई थाहा छ" –झन् चर्को स्वर आयो ।

होहल्लाका कारणले मान्छेहरूको भिड झन् बढ्यो । अनवर अख्तरले आफूवरिपरि हेऱ्यो । हबलदारले सइतिर । मान्छेको भिड चारैतिर देखेपछि उपरखुट्टी लगाएर कुर्सीमा बसेर तमासा हेरिरहेको सइले सिटी ओठमा राख्यो– "के यहाँ मेला लागेको छ र तिमीहरू यसरी घेरिएका...?"

पुलिसहरू सतर्कमा देखिए । मान्छेहरू पनि बिस्तारै पर पर हटे । कोही पछबरिया टोलतिर लागे, कोही मूल टोलतिर र कोही चिया पसलतिर ।

यतिखेर घाम अलि माथि आइसकेको थियो र मान्छेहरूको भिड अब चिया पसलमा ओइरिएको थियो । 'आगो कसले लगायो ?' प्रश्न पनि छ, उत्तर पनि छ । खासखुस, फासफुस पनि चल्दै छ । चिया पसले सरेश्वर कसैको नाम कानमा पर्छ कि भनेर कान ठाडा पार्दै छ । अनवर अख्तर पनि आइपुग्यो । मान्छेहरूका आँखा जुधे ।

"ए सरेश्वर ! तनिक रेडियो..."

"ठुलो पार्छु सर ठुलो पार्छु..." –सरेश्वरले चौधरी मास्टरतिर हेर्दै जबाफ दियो । समाचार सुन्न सबैका कान त्यतैतिर केन्द्रित भए । समाचारको क्रममा रेडियोले फुक्यो– "...पछबरिया टोलमा उग्रवादीद्वारा भीषण आगलागी... अपराधी फरार... मन्त्रीद्वारा राहत बाँडिने... ।" समाचार सुन्नेबित्तिकै अनवर अख्तर तिन हातमाथि उफ्रियो– "देख्यौ, देख्यौ हाम्रो रेडियोले पत्ता लगाइछाड्यो... अब मन्त्रीज्यूबाट राहत...।" अनवर अख्तरले नाचुँला झैं गऱ्यो ।

मान्छेहरूले मुखामुख गरे । अलिकति व्यङ्ग्यात्मक हाँसो पनि । अनवर अख्तरले कैलाशवातिर हेरेर नाक फुलायो ।

"होइन, होइन, उहाँ नेताजीको रेडियोलाई पछबरिया टोलमा कति बेर कसले आगो लगाउँछ भन्ने कुरा पहिले नै थाहा थियो ।" कैलाशवाको कुरा सुनेर सबै गलल्ल हाँसे ।

त्यति नै बेर सुन्दरवा वेगले हानिएर स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै आइपुग्यो । सासकै भरमा उसले सुनायो– "अनर्थ भगेल हो ! धनेसरी माई...।" मान्छेहरू सबै एकैसासमा त्यतातिर कुदे । आफू मात्रै चिया पसलमा रहेको थाहा पाएपछि कुर्ताको खल्तीमा हात घुसार्दै अनवर अख्तर पनि चौकीतिर लाग्यो । हिजो रातिको मारापिटीमा घाइते भएको धनपतले घरभित्रबाटै थुक्यो– थुक्क ! अनवर अख्तरले पुलुक्क पछाडि फर्केर हेऱ्यो र छिटो छिटो पाइला चाल्यो ।

पछबरिया टोलमा आगो निभे पनि धुवाँ आइरहेको थियो । मान्छेहरूको होहल्ला परैबाट सुनिन्थ्यो । यही होहल्लाकै बिचबाट यसलाई चिर्दै एउटा नारी

आवाज, फेरि सामूहिक आवाज सुनियो– "गे माई गे... माई गे ।" कठै धनेसरी ! फुलमतियाको घरमा धनेसरीसिवाय अरू को थियो र !

मूल टोलबाट मान्छेहरू त्यतातिर कुद्दै थिए । "आगो लगाउनेको भस्म खरानी होस्" –गाली पनि गर्दै थिए । त्यति नै बेर फेरि माइक बज्यो । नाचपाटी लिन पूर्णियातिर लागेको भोला चौधरी तिन वटा गोरुगाडासहित आइपुग्यो । आइपुग्नेबित्तिकै उसले घोषणा गऱ्यो– "आज राति... नाचपाटी, सब फ्री, टिकट फ्री... नामी पाटी... चोलीके पिछे... ।" भोला चौधरी आफैं नाच्न थाल्यो– गीतसँगसँगै ।

"थुक्क कुकुर ! गाउँमा यस्तो छ तँलाई चोली के... ।" धनपत लट्ठी खोजेको अभिनय गर्दै कुटुँला झैं गरी मुट्ठी उज्याउँदै सकी नसकी उठे– "रे सार तुँ आदमी छै कि जानवर ।" उनले भुइँमा थुके– थुक्क ! त्यतिले अझै चित्त नबुझेर भित्रबाटै खकारेर थुके– थुक्क !

"काका, म हिँडैं" कैलाशवा हातमा रातो कपडा लिएर पछबरिया टोलतिर कुद्यो । आँसुले डम्म भरिएका आँखा दुई हत्केलाले सफा गर्दै धनपतले हातमा रातो कपडा लिएर कुद्दै गरेको कैलाशवालाई हेरिरहे, हेरिरहे !

[वनमान्छेको कथाबाट]

गाउँमा गीतहरू गुन्जिँदैनन्

महेशविक्रम शाह

धेरै वर्षपछि, करिब पाँच-छ वर्षपछि होला, अचानक म आफ्नो गाउँ पसेँ ।

पहिले म गाउँ जाँदा राजमार्गसम्म गोरुले तान्ने लहणु आइपुग्थ्यो । लहणुमाथि बसेर म गोरुको पुच्छर निमोठ्थेँ र तिघ्राको बिचमा खुट्टाका औंलाहरूले कोतर्थेँ । काउकुती लागेर हो कि लहणुमा नारिएका गोरुहरू बेतोडले कुद्थे गाउँको धुलाम्मे गोरेटामा । म हाँस्दै चिच्च्याउँथेँ । मेरो चिच्च्याहटमा गाउँको खोलाको कलकल गुन्जन्थ्यो । मलाई देखेर गाउँलेका अनुहार उज्यालिन्थे । "गाउँ फर्केछ सानो बाबु ।" तिनका ओठहरूमा वात्सल्यपूर्ण शब्दहरू फुर्थे ।

तर यस पटक म पूर्व-पश्चिम राजमार्गमा बसबाट ओर्लेर जङ्गल, खोला र बस्तीहरू छिचोल्दै गाउँ पुग्दा कसैले थाहा पाएन । म लुक्दै गाउँ पुगेँ अपरिचित वेशमा । त्यो गाउँ जहाँको माटोको रस मेरा रक्तनसाहरूमा प्रवाहित छ, जहाँको जमिनमा टेक्दै मेरा खुट्टाहरू बलिष्ठ भए र जहाँको अन्न खाएर मेरा अवयवहरू विकसित भए ।

यस पटक म आफैँ आफ्नो गाउँका लागि अपरिचित बनेँ । मेरो चाहना थियो– सकेसम्म कसैले थाहा नपाऊन् कि म गाउँ आएको छु ।

मलाई आमाले सन्देश पठाएकी थिइन्– "तँ गाउँ नआएको धेरै वर्ष भयो बाबु ! सक्छस् भने एक घण्टाका लागि भए पनि कसैलाई थाहा नदिई गाउँ आइज । तेरा हजुरबुबा र हजुरमुमा सायद अर्को वर्ष देख्नु हुन्न होला । एकचोटि तँलाई हेरेर मर्ने धोको छ उहाँहरूको ।"

आमाको सन्देशले मर्माहत बनाएको थियो मलाई । म सानो छँदा भुइँमा खुट्टा टेक्न नदिई सधैँ काखमा राखेर माया गरिरहने मेरा हजुरबुबा र हजुरमुमालाई जिउँदो हेर्न नपाउने भयले मैले दृढ अठोट गरेँ कि म जसरी भए पनि एक पटक गाउँमा पुग्नै पर्छ ।

यही प्रेरणाले नै मलाई आतङ्कको तुवाँलोले छोपिएको गाउँमा आफ्ना पाइलाहरू बढाउने साहस दिएको थियो ।

गाउँ पुग्न अझै दुई अन्य गाउँहरू छिचोल्नुपर्दथ्यो । म गाउँले ठिटो छँदा यही बाटो भएर कैयौँ पटक ओहोरदोहोर गरेको थिएँ । रानी खोलाको जङ्गलमा मौरीको चाका खोज्न होस् वा जुम्लाबाट मलवार झरेका जुम्लीका भेडाका बथान हेर्न वा कर्नालीको तीरमा अवस्थित चिसापानीको हाट बजार चहार्न होस्, म यो धूलिधूसरित बाटोमा नै आफ्ना पाइलाका डोबहरू बनाउने गर्थें । यो धुले गोरेटो अहिले बिच बिचमा खण्डित थियो र बाटाको दुवै किनाराका जङ्गली घाँस र बेसारेका बोटहरू बढेर आधी बाटो ढाकेको थियो । सम्भवत: गाउँलेहरूले यो बाटो हिँड्न छोडेका थिए ।

अनुहारमा खस्रा दाह्री र जुँगा उमारेको मैले निधारसमेत छोप्ने गरी टोपी लगाएको थिएँ । कहीँ बोल्नुपर्दा पनि गम्भीर आवाज बनाएर बोल्न लागेको थिएँ, जसले गर्दा गाउँलेहरूले मलाई सजिलैसँग चिन्न गाह्रो थियो । आफ्नो गाउँ जाने क्रममा बाटोमा पर्ने अन्य दुई गाउँका बस्तीहरूभित्र प्रवेश गरेको थिएँ । एक किसिमको शून्यता व्याप्त थियो त्यहाँ । गाउँमा मान्छेहरूको जमघट देखिनँ मैले । फाट्टफुट्ट मान्छेहरू आआफ्नो काममा व्यस्त देखिन्थे । कसैले आश्चर्यपूर्ण नजरले मतिर हेर्दै अँध्यारो मुख लगाए । बाटोमा हिँड्दै गर्दा दुई-चार जना मान्छेहरू मसँग नठोकिएका पनि होइनन्, तर तिनीहरू पनि केही बोलिहाल्नुपर्छ कि झैँ गरी मुन्टो बटार्दै मबाट तर्केर पर लागेको देख्दा मेरी आमाले चिठीमा गाउँको अवस्थाको सही चित्रण गरेकी रहिछन् भन्ने अनुभूति भयो मलाई ।

आफूले धेरै पटक ओहोरदोहोर गरिसकेको बाटो भए पनि मलाई त्यस दिन लाग्यो कि म कुनै अपरिचित भूमिमाथि हिँडिरहेको छु । त्यहाँ बस्तीहरू थिए, घरहरू थिए, खेत-गराहरू थिए, हरियो जङ्गल थियो, कुलो कुलेसाहरू थिए तर त्यहाँ जीवनको गति थिएन । मान्छेहरू थिए तर ती यन्त्रमानव जस्ता थिए । तिनीहरूका अनुहारमा कुनै उत्सुकता, जिजीविषा र आत्मसन्तुष्टिका भावहरू थिएनन् । गाउँ चकमन्न थियो । कोही रोइरहेको थिएन, कोही हाँसिरहेको थिएन, कोही गीत गाइरहेको थिएन । सबै चुपचाप यन्त्रचालित मानव झैँ आआफ्नो काममा लीन थिए । आआफूमा सीमित थिए जुन गाउँको मौलिक चरित्रभन्दा सर्वथा भिन्न थियो । म पनि अपरिचित मान्छेको वेशमा अपरिचित भावभङ्गिमाको आवरण ओढेर एकलास बाटोमा टेक्दै गाउँहरू छिचोल्दै अगाडि बढिरहेँ । गाउँको माटोको स्पर्शले मेरो मनमा विगतका स्मरणहरू तरङ्गित हुन थाले ।

हामी साइकलमाथि थच्चिँदै मच्चिँदै बेतोडले हुइँकिँदै गाउँहरू छिचोल्दै स्कुल जाने गर्थ्यौं । गाउँका हरेक घरका लागि हामीहरू प्रिय अतिथि थियौं । घर घरको कुवाको पानी पिउँदै हामी आफ्नो शरीरमा नयाँ ऊर्जा भर्थ्यौं । भोक लागेको बेला बार नाघ्दै करेसा बारीमा छिर्न र घरको ग्यालबाट भान्सामा के पाक्दै छ भनी चियाउन धक मान्दैनथ्यौं । यस्तो अनुभूति पालेर बस्थ्यौं मानौं हामीहरू गाउँलेका प्रिय सन्तान हौं र सबै घरहरू हाम्रा आफ्नै हुन् । यही भावनाले नै होला हामी सबैमाथि आफ्नो हक जताउँथ्यौं । कसैको घरको चुलोमा खानेकुरा पाकेको रहेछ भने हामी घरकी माउसँग लाडिएर मागी मागी खान लाज मान्दैनथ्यौं ।

मैले आफ्नो गाउँमा प्रवेश गरेको थिएँ । खरले छाएका भुइँतले घरहरूको झुरुप्प बस्ती थियो मेरो गाउँ । मेरो नाकमा हरर्र गाउँको चिर परिचित महक ठोकिएको थियो । प्राणायाम गरे झैं एकैचोटि लामो श्वास तानेर फोक्सोभरि गाउँको स्वच्छ र स्वस्थ हावा भरेको थिएँ मैले । मेरो गाउँ शान्त र सुन्दर देखिन्थ्यो । गोधूलिको रङ्गी बिरङ्गी छटाले गाउँलाई चुमिरहेको थियो । पश्चिम दिशाबाट धुलो उडाउँदै गाउँतिर आइरहेका गाईगोरुको बथानको दृश्यले साँझलाई झन् मोहक बनाएको थियो । मैले मनमनै कामना गरें– मैले पहिले छोडेर गएको झैं होस् मेरो गाउँ अहिले पनि । तर मैले कामना गरेको झैं थिएन मेरो गाउँ । गाउँको मुखमा नै मैले बालक कालमा बाह्रखरी सिकेको स्कुल थियो । मैले आफ्नो नाम लेख्न सिकेको स्कुल एउटा भत्केको खण्डहरमा परिणत भएको थियो । त्यहाँ बाल बालिकाहरू बाह्रखरी रटिरहेका थिएनन् । धुरी भाँचिएको छतमाथि बसेर केही कागहरू काऽकाऽ गरिरहेका थिए भने कक्षाकोठाहरूभित्र भुस्याहा कुकुरहरू लम्पसार परेर उँघिरहेका देखिन्थे । स्कुलको दूरवस्थाले मनमनै पिरोलिएँ म ।

स्कुलको आँगन नाघेर एक फड्को मार्नेबित्तिकै अर्को मार्मिक दृश्यले मेरा आँखाहरू जलमग्न भए । गाउँलेहरूको अथक प्रयास र परिश्रमबाट खडा भएको टेलिफोन टावरको कार्यालयमा क्षतविक्षत फलामको टावर मात्र खडा थियो । यही टावरबाट नै मेरी आमा छोराहरूको कुशल क्षेम सोधेर सन्तोषको सास फेर्ने गर्थिन् । तर अहिले यो ठाउँमा डढेका वस्तुहरूको थुप्रो मात्र देख्न सकिन्थ्यो । टेलिफोन टावरमा बम विस्फोटनले सल्काएको डढेलोसँगै कतिका मनहरू हनहनी जले होलान्, यसको कल्पनाले मात्र पनि मनमनै अतालिएँ म ।

मनको पीडालाई मनभित्रै अनुभूत गरेर अगाडि बढें म । गाउँको सिरानमा नै हरेरामको घर थियो । हरेराम र म बालक कालका साथी थियौं । म सहर

पसेपछि ऊ पढाइ छाडेर खेतीपातीमा लागेको कुरा सुनेको थिएँ । हरेरामका काकाले हरेरामका बाबुसँग 'तिम्रो छोरो स्कुल जाने, मेरो छोरो भने गोठालो हुने ? कि दुवैलाई स्कुल पठाऊ नत्र दुवैलाई गोठालो बनाऊ' भनेर विरोध जनाएपछि हरेरामले पनि पढाइ छाड्नुपरेको थियो । सधैँ कक्षामा अब्बल आउने हरेरामले त्यसपछि स्कुलको झोला थन्क्याएर हलो समात्नुपरेको थियो । हरेरामलाई नदेखेको नभेटेको धेरै भइसकेको थियो । म उसलाई एकछिन मात्र भए पनि भेटेर भन्न चाहन्थेँ– 'हरेराम, कैसन हो सँगरिया ? सब ठिक तो बा !' मैले कर्के आँखाले उसको घरवरिपरि हेरेँ । घरवरिपरिको वातावरण सामान्य थिएन । फुसको छतलाई झारपातले छपक्कै ढाकेको थियो । घरका भित्ताको लिउन उप्केको थियो । घरअगाडिको आँगन जहाँ हामीहरूले धेरै पटक उछलकुद गरेका थियौँ र माघीमा मादल ठटाउँदै नाचेका थियौँ, खाडलै खाडलहरू थिए । घरको दक्षिण दिशामा करेसा बारी थियो । त्यहाँ हुर्कन नपाई सुकेका बोटहरूले हरेरामको वास्तविक गाथा बताइरहेका थिए । मैले अचम्मित हुँदै ढोकामा हेरेँ, त्यहाँ ताल्चा झुन्डिएको थियो । घरमा हरेराम थिएन । सम्भवत: गाउँमा नै थिएन मेरो बालसखा हरेराम । ऊ कहाँ गयो ? किन गयो ? कता लाग्यो उसको परिवार ? केही अनुमान गर्न सकिनँ मैले ।

मैले आफ्ना बोझिल कदमहरू अघि बढाएँ । हरेरामको घरसँगै बुधरामको घर थियो र बुधरामको घरसँगै जोडिएका अन्य दुई घरहरू रेसम र चुन्नुका थिए । ती घरहरूमा ढोका ढप्केका थिएनन् तर मान्छेको उपस्थितिका लक्षणहरू पनि थिएनन् । गोबरैलो माटोमा लडीबुडी गर्दै बरु मरन्च्याँसे कुकुरहरू भुकिरहेका थिए । यहाँ मान्छेहरू किन देखिँदैनन् ? आफ्नो तीव्र जिज्ञासाको समाधान गर्न म आँगनमा छिरेँ । मलाई अनौठो वस्तु ठानेर होला गोठमा बाँधिएका गाईवस्तुहरू स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै दाम्लो चुडाउँला झैँ गर्न थाले । गाईवस्तुको हलचल सुनेर होला चुन्नुको घरबाट एउटी बुढी आइमाई बाहिर निस्किन् । उनले आत्तिएको मुद्रामा मेरो अनुहारमा हेरिन्, त्यसपछि उनको दृष्टि सर्दै गएर मेरो हातमा स्थिर भयो । मेरो हातमा बाँसको लट्ठी थियो । उनले हतारिँदै भनिन्– "चुन्नु नहीँ हो । वो परदेश गइल बा, कित्नी बार कहुँ मैँ ये बात !" उनी झर्को मान्दै यस्तो भांवले भनिरहेकी थिइन् मानौँ म पटक पटक चुन्नुको नाम लिएर उनलाई पिरोल्न यहाँ आइरहने मान्छे हुँ । चुन्नुकी आमाको थरथराएको स्वरले व्यथित बनायो मलाई । मलाई दुवै हात फैलाएर भन्न मन लाग्यो– 'माई, मइन नहीँ चिन्लो ? मैँ तोर छावा चुन्नुके सँगरिया सानु बाबु ।' तर मैले सोच्न नभ्याउँदै आमा घरभित्र छिरिसकेकी थिइन् । उनले जोडले ढोका ढ्याम्म लगाइन् । घरभित्रबाट आग्लो

ठोकेको आवाज पनि प्रस्टसँग मेरा कानमा पऱ्यो । कोही अपरिचित व्यक्ति गाउँमा आयो भने सबै जना झुम्मिएर अतिथिको हाल खबर सोध्ने, एक लोहोटा चिसो पानीले भए पनि आतिथ्य दर्साउने र वास दिनुपरे पनि आफू पिँढीमा सुतेर पाहुनाका लागि आफ्नो ओछ्यान छाड्ने गाउँलेको निश्छल, निर्मल र निश्चिन्त भावनाले नेटो काटिसकेको थियो अहिले ।

मैले अनुमान गरेभन्दा पनि बढी सशङ्कित र भयले ग्रसित थियो मेरो गाउँ । गाउँको महकमा अब हरियो खुर्सानीको रगरग मिसिएर नाक चिथोर्न थालेको थियो । गरिबीले बिचमै पढाइ छाडेर आफ्ना बाबुबाजेले आर्जेको खेतमा हलोफालो चलाएर जीवन यापन गरिरहेका मेरा बालसखाहरू बुधराम, रेसम र चुन्नु पनि आफ्नो हातको हलो र कुटो कोदालो जहाँको तहीँ मिल्काएर मुगलान भासिएछन् । उफ्, कति विडम्बनापूर्ण नियति ! आफ्नो गाउँको दुर्गति देखेर मेरो हृदय आर्तनाद गर्न थाल्यो ।

म गाउँका लागि अपरिचित बने पनि मेरा लागि भने मेरो गाउँ परिचित मात्र नभई मेरो भावनामा समाहित थियो । गाउँको वर्तमान परिवेशले मलाई अपरिचित बनेर रहन दिएन । अब मलाई आफू पनि गाउँसँग चिनिन मन लाग्यो । घर घर चहार्दै कुद्न मन लाग्यो । दिनमा पनि रात परे झैँ गरी ढप्केका ढोकाहरूमा हातले ठोक्दै भन्न मन लाग्यो– 'म सानो बाबु हुँ ।' सानो बाबुका रूपमा घरभित्र छिरेर उधुम मच्चाउँदै विगतका रमाइला र मन मोहक क्षणहरूको सम्झना दिलाउँदै तिनका भावहीन अनुहारहरू खित्का छाड्दै हाँसेको देख्न मन लाग्यो । मैले हतार हतार आफ्ना कदमहरू बढाएँ । मैले मनमनै आफैँसँग भनेँ– 'म सानो बाबु हुँ ।' अब कोही परिचित मान्छेसँग भेट भएको खण्डमा आफ्नो वास्तविक परिचय दिनमा मलाई कुनै सङ्कोच थिएन, न त डर नै थियो । आफ्नो गाउँसँग सानो बाबुका रूपमा आत्मसात् हुन म तयार भइसकेको थिएँ ।

गाउँको बिचमा सुरजरामको घर थियो । ऊ पनि मेरो बालसखा थियो । उसकी बहिनी थिई फुलवा । उसलाई म पनि आफ्नी बहिनीसरह माया गर्थेँ । सुरजराम र मबिच जहिले पनि फुलवालाई को बढी माया गर्छ भन्ने होड चलिरहन्थ्यो । फुलवा पनि अचाक्ली बाठी थिई । ऊ हामीसँग अनेक फर्माइसहरू गरिरहन्थी र जसले उसको फर्माइस पूरा गर्न सक्थ्यो उसैलाई "ए मेरो प्यारो दाजु" भन्दै अँगालो मार्थी । आजकल कहाँ होला त्यो सुरजराम र कहाँ होली त्यो फुलवा ? उनीहरूसँग भेटेर सुखदु:खका कुराहरू गर्ने तीव्र आकाङ्क्षा पलायो मेरो मनमा ।

जब म तिनीहरूको घर नजिक पुगें, आँगनमा कोही थिएनन् । बाबियोको डोरीले बुनेको खटिया भित्तामा ठड्याएर राखिएको थियो । घरभित्रबाट गनगनको आवाज आइरहेको थियो । ढोकानिर उभिएर मैले आवाज दिएँ– "सुरजराम, ए सुरजराम ! देख तो कौन आइल बा ?" मेरो पहिलो सम्बोधनको फलस्वरूप घरभित्रको गनगन एकाएक बन्द भयो । मैले दोस्रो पटक आवाज दिंदा घरभित्र मान्छेहरूले दबेको आवाजमा कुरा गरेको सुनें, तर ढोकासम्म कोही मान्छे आइरहेको थिएन । मैले तेस्रो पटक आवाज दिएँ– "सुरजराम नहीं हो का ? मैं सानो बाबु, काठमान्डु से आइले रहुँ ।" मेरो नामले सायद जादुमय आकर्षण गऱ्यो । "सानो बाबु !" भित्रबाट एउटी आइमाईको मसिनो आवाज गुन्ज्यो । केही छिनपछि नै घऱ्याक्क ढोका खुल्यो र एउटा नारी अनुहार मेरा सामु प्रकट भयो । ऊ अरू कोही नभई मेरी प्यारी फुलवा थिई जो मलाई सुरजराम जत्तिकै माया गर्थी । उसका ठुलठुला आँखा र सुलुत्त परेको नाकबाट उसलाई नऊुक्किई ठम्याउन सकिन्थ्यो, नत्र भने उसको अनुहारमा चाउरीहरू गुजुल्टिन थालिसकेका थिए । मलाई सशरीर आफ्ना अगाडि उभिएको देखेर ऊ अक्क न बक्क भई । करिब छ वर्षको अन्तरालपछि पहिलो पटक हामीहरूले एकअर्कालाई भेट्ने सुअवसर पाएका थियौं ।

"फुलवा, मैं सानो बाबु !"

"हाँ, मैं चिन सक्नु । इतने बरस बाद कहाँ से आइलो ?"

मलाई आफ्ना अगाडि पाएकोमा ऊ भावविभोर भएकी थिई ।

"सहर से आइनु, अपन गाउँ देखेक लाग ।" मैले मुस्कुराउँदै जबाफ दिएँ ।

ऊ मेरो पैतालादेखि शिरसम्म सूक्ष्म निरीक्षण गरिरहेकी थिई या भनौं मेरा शारीरिक अङ्गप्रत्यङ्गहरूको नापतौल गरिरहेकी थिई । सम्भवत: ममा आएको परिवर्तनका बारेमा ऊ मनमनै विश्लेषण गरिरहेकी थिई । मलाई आभास हुन थालेको थियो कि उसको हँसिलो अनुहार खुम्चिंदै, चाउरिंदै मलिन भइरहेको थियो । ऊ धेरै कुराहरू बोल्न चाहेर पनि सकिरहेकी थिइन । पहिलेकी हँसिली, रसिली र चञ्चल फुलवा लामो समयको अन्तरालपछिको भेटमा पनि खुल्न सकिरहेकी थिइन । सायद ऊ पनि अन्य गाउँलेहरू झैं त्रसित, भयभीत र आतङ्कित थिई ।

"पहले जैसन नहीं रहल हमार गाउँ सानो बाबु ! आजकल गाउँ मैं कोई मर्द नरहैल । तुम काहेक लाग आइलो ?"

फुलवाका ओठहरू काँपिरहेका थिए । 'हाम्रो गाउँ पहिलेको जस्तो रहेन, कोही लोग्ने मान्छेहरू बस्दैनन् गाउँमा, तिमी किन आयौ सानो बाबु ?' फुलवाले थारू भाषिकामा भनेका शब्दहरूको अर्थ यही थियो । अघि मात्र एकअर्कालाई भेट्दा प्राप्त भएको खुसी अहिले फुङ्ङ उडेको थियो ।

"फुलवा ! सुरजराम घर मैं नहीं हो का ?" मेरो प्रश्नले फुलवा झस्की । उसले मेरो अनुहारबाट आँखा हटाई र भुइँतिर हेर्दै भनी– "सुरजराम तो जङ्गल मैं चलगैल । वो कहलके गइल कि हम उसको भुल जावे ।" फुलवालाई बढी प्रश्नहरू सोध्नु आवश्यक थिएन । सुरजराम विद्रोही बनेर जङ्गल पसेको कुराले मलाई मर्माहत बनाएको थियो । सम्भवत: फुलवालाई पनि थाहा छैन ऊ अझसम्म जिउँदै त छ ! "सानो बाबु, काहेक लाग गाउँ मैं आइलो, चले जाओ ।" म फर्कने बेला रुन्चे स्वरमा फुलवाले भनेका शब्दहरू यिनै थिए ।

सुरजराम र फुलवाको घर नाघेपछि माघुराम, लछुमन, चमेली र फेरुवाका घरहरू दृष्टिगोचर भए मेरा आँखाअगाडि । ती घरका कुनाकाप्चाहरूमा चोर पुलिस बन्दै कुदेका थियौं हामीहरू । ती घरहरू पनि जीर्ण अवस्थामा थिए, दसैंको बेलामा पनि लिपपोत नगरे जस्ता । मैले बाहिरबाटै जोडले आवाज दिएँ– "माघुराम ! लछुमन ! चमेली ! फेरुवा !" तर प्रत्युत्तरमा तिनीहरूको आवाज गुन्जेन । मैले अनुमान गर्न सकिनँ– आखिर तिनीहरू कहाँ गए ? सुरजराम झैं विद्रोही बनेर जङ्गल पसे वा जङ्गल पस्नु पर्ने त्रासले देशै छाडेर कालापहाड भासिए ? तिनीहरूको अनुपस्थितिले मलाई विक्षिप्त तुल्याएको थियो ।

अन्तत: गाउँ र बस्तीहरू छिचोल्दै म आफ्नो घरमा पुगेको थिएँ । घरमा पुग्दा शारीरिक र मानसिक रूपमा थकित भइसकेको थिएँ म । धेरै वर्षपछि घर पुग्दा उत्साहित बन्नुपर्नेमा म गाउँको नयाँ परिदृश्यले चिन्तित र आतङ्कित थिएँ । घरमा एक प्रकारको खोक्रोपन थियो । वरिपरि रुखैरुखको कुञ्जभित्र अवस्थित मेरो घरमा कुनै चहलपहल र आवाजको खनखनाहट थिएन । घरभित्र बलिरहेको टुकीको मधुरो उज्यालो बाहिर चियाउने प्रयासमा झ्यालका प्वालहरूमा निसासिइरहेको थियो ।

"आमा !" मैले ढोका ढकढक्याउँदै आमालाई बिस्तारै पुकारें ।

"को हो हँ ?" भित्रबाट आमाको टाठो तर मसिनो स्वर गुन्ज्यो ।

"म आमा ! सानो बाबु ।"

"को ? सानो बाबु, मेरो सानो बाबु !"

आमाले ढोका खोलिन् । म उनलाई ढोग गर्न खोज्दै थिएँ कि उनले मेरो हात समातेर जोडले भित्रपट्टि तानिन् र तीव्र गतिमा ढोका ढप्काएर भित्रबाट आग्लो लगाइन् । त्यसपछि मेरी आमाले मलाई अँगालो हालिन् र मेरो निधारमा चुमिन् ।

"मेरो छोरा ! तिमी कसरी गाउँ आइपुग्यौ बाबु ?" मेरो उपस्थितिले आमालाई द्रवित तुल्याएको थियो । उनी आफ्ना भिजेका आँखाहरू पुछिरहेकी

थिइन् । टुकीको उज्यालोमा मैले आमालाई हेरें । उनी धेरै बुढी भइसकेकी थिइन् । उनको अनुहार रुग्ण र चिन्ताग्रस्त देखिन्थ्यो । आफ्ना पति, छोराछोरीहरू र नातिनातिनाहरूबाट टाढा गाउँको निर्जन परिवेशमा एक्लै बस्नुपर्दा मानसिक तनाबले दिन प्रतिदिन गल्दै गइरहेकी थिइन् मेरी आमा । आफ्ना नङ्ग्रा खियाएर जोडेको सम्पत्ति र वृद्ध सासूससुरालाई त्यत्तिकै लथालिङ्ग छाडेर सहरमा बस्ने कुरामा विमति थियो मेरी माताको । उनी आफ्नो पसिनाले सिञ्चित धरती नै आफ्नो कर्मभूमि भएको कुरालाई बारम्बार भनिरहन्थिन् । त्यसैले नै अरूले गाउँ छाडेर सहर झरे पनि उनी भने एक्लै गाउँको सिङ्गो घर रुँगेर बसिरहेकी थिइन् ।

मेरा वृद्ध हजुरबुबा र हजुरमुमाका चाउरी परेर झोलिएका अनुहारहरू मेरो आगमनले तन्किएका थिए । बुढ्यौलीले थला परेको उनीहरूको थिलथिलो शरीरलाई निकै बेर सुमसुम्याएँ मैले ।

"तँ कसरी गाउँमा आइस् बाबु ? हामीले त आशा मारिसकेका थियौं । तँ जन्मेको, हुर्केको, खेलेको यो गाउँ त परदेश जस्तो भइसक्यो बाबु !" हजुरबुबाले तोते बोलीमा आफ्नो चिन्ता प्रकट गरे । "गाउँमा आफूले देखेका चिनेका मान्छेहरू पातलिँदै जान थाले बाबु ! नचिनेका नयाँ मान्छेहरू मात्र बन्दुक बोकेर घुमिरहन्छन् यहाँ ।" हजुरबुबाले मेरो कपाल स्पर्श गर्दै भने । उनका आँखाभरि टम्म आँसु थियो । हजुरमुमाले मेरो चिउँडो मुसार्दै बरबर आँसु झार्दै भनिन्– "अब हामी सन्तोषले मर्न पाउने भयौं बाबु !" म पनि हजुर मुमालाई अँगालो हालेर धेरै बेरसम्म रोइरहें । त्यस रात मेरी आमाले मलाई पनि चुलो नजिकै राखेर रोटी पकाइन् । तातो तावामाथि एउटा रोटीलाई सेक्दै आगाको भुङ्ग्रोमा रापिएर पुक्क उक्सेको अर्को रोटी मेरो थालमा राखिदिँदै आमा बोलिरहेकी थिइन् निरन्तर, मैले मुख नचुठुन्जेल– "गाउँमा त्राहिमाम छ बाबु ! कोही पनि गाउँमा बस्न चाहँदैनन् । जग्गाजमिन हुनेहरू आफ्नो गाउँको सरसम्पत्ति बेचेर सहर झरे, केही नहुनेहरू कालापहाडतिर कुदे । तर मलाई आफ्नो गाउँको माया लाग्छ बाबु ! जति नै डर भए पनि म यो घर, बगैंचा, खेतीपाती र गाईवस्तुलाई चटक्क छाडेर सहरमा जान सक्दिनँ । सहरमा जतिसुकै सुख भए पनि म खुसी हुन सक्दिनँ । गाउँको माटो, गाउँको हावा र गाउँको पानीमा नै मेरो सानो संसार रमाउँछ बाबु !" मेरी आमाले भावुक मुद्रामा आफ्नो मनको बह पोखेकी थिइन् ।

राति म आफ्नै पुरानो कोठामा सुतेको थिएँ । कोठा पुरानो भए पनि त्यस कोठासँगको मेरो लगाब र अपनत्व पुरानो भएको थिएन । मैले कोठाको झ्याल खोलें । शीतल हावाको एक झोक्काले हतार हतार मेरो अनुहारमा म्वाइँ खायो ।

मेरा नसाहरूमा अलौकिक आनन्दको तरङ्ग प्रवाहित भयो । मैले ऋयालबाट बगैंचातिर दृष्टि घुमाएँ । बगैंचाका पातहरू अचानक हल्लन थालेका थिए । बगैंचाबाट फूलहरूको स्निग्ध र सुरुचिपूर्ण बास्ना श्वास हुँदै मेरो फोक्सोमा प्रवाहित भइरहेको थियो । अँध्यारोमा पनि म बगैंचाको सुन्दरतालाई अनुभूत गरिरहेको थिएँ ।

रात छिप्पिँदै थियो तर म सुत्न सकिरहेको थिइनँ । ऋयालबाट आएको शीतल हावाले मेरो अनुहार स्पर्श गर्न छाडेको थिएन । म कोल्टे फेर्दै आफ्नो गाउँ सम्झिरहेको थिएँ, जहाँ म शुद्ध गाउँले थिएँ र गाउँले हुनुमा नै मलाई गर्व थियो । मेरा आँखामा आए विभिन्न दृश्यहरू । ती दृश्यहरूले मलाई आफ्नो विगततिर फर्काए । म फुच्चे सानो बाबु बनेको थिएँ । गाउँभरिकै चञ्चल र चपल सानो बाबु ।

X X X

मेरो साथमा मेरा साथीहरू थिए– हरेराम, बुधराम, रेसम, चुन्नु, सुरजराम, फुलवा, चम्पी र फेरुवा । गाईगोरुको पुच्छर निमोठ्दै हामी वनजङ्गल चहार्थ्यौं, खोलानालामा हवाई पुल्टुङबाजी मार्थ्यौं । वनमा पाकेका बयरले गोजी र पोल्टा भर्थ्यौं । ऋरीले गाउँघर रुझाउँथ्यो, हामी आफैं रुझेर ऋरीलाई थकाउँथ्यौं । पहेँलपुर धानका बालाको माला बनाएर घरका ढोकाहरू सजाउँथ्यौं । तराईमा दसैं लाग्नेबित्तिकै घर घरमा मादलहरू घन्किन थाल्थे । गाउँ गाउँमा रामलीला नाचहरू सुरु हुन्थे । हामीहरू लौरो टेक्दै रामलीला नाच हेर्न टाढा टाढाका गाउँहरू चहार्न पनि डर मान्दैनथ्यौं । रातभर खुला आकाशमुनि शीतले भिजेको कपाललाई रुमालले छोपेर भए पनि हामी नाच नसिद्धिउन्जेल बसिराख्थ्यौं । बिहान घर घरमा ढिकी कुटेको आवाज गुन्जन थालेपछि मात्र हामी बल्ल घर फर्कने सुरसार गर्थ्यौं । पुस-माघका जाडोका दिनहरू हाम्रा लागि ऋन् आह्लादकारी र विस्मयकारी हुन्थे । बिहानी तुसारोले गाउँलाई छोपेको बेला हामीहरू खलियानमा जम्मा हुन्थ्यौं र धानको भुसमा आगो बालेर मकै फुराएर खान्थ्यौं । कसको घानमा कति धेरै मकै फुर्छन् भनेर हामीमा होड मच्चिन्थ्यो । जाडो यामका पहारिला दिनहरूमा बाखाको बगाल हाँक्दै जङ्गल जान पाउनुलाई हामी अहोभाग्य सम्झन्थ्यौं । कहिले बयरका पोथ्राहरूभित्र बसेर पाकेका बयर चपाउँदै हामी बालवयले झेल्न सक्ने माया र पिरतीका रागहरू अलाप्थ्यौं त कहिले बगरमा तातेको बालुवामाथि लडीबुडी गर्दै जिउभरि बालुवा दल्थ्यौं र दौडँदै निलो पानीको दहमा डुबुल्की मार्थ्यौं । तोरीका फूलहरूमा मौरीहरू भुँभुँ गर्थे । हामीहरू भने जामुन र कुसुमका रुखहरूमा चढ्दै मौरीका चाकाहरूमा धुवाँ

ठोस्थ्यौं । धुवाँको आक्रमणले मौरीहरू उडेर भागेपछि महले रसाएको चाकालाई हातले लुछ्दै मह चुस्न थाल्थ्यौं । ओहो, कति रोमाञ्चकारी थियो मेरो बालापन, मेरो गाउँले जीवन !

गाउँले जीवन जहाँ गीतहरू जीवनका प्रतीक हुन्थे । बाह्रै मास आफ्नो दिनचर्यासँग घनीभूत गीतहरू गुन्जन्थे गाउँलेका ओठहरूमा । साउने झरीमा छुपुछुपु गर्दै धानका बेर्ना रोप्ने रोपाहार हुन् वा मकैबारीमा सुगाको बथान धपाउँदै गरिरहेका गाउँका युवतीहरू हुन्, तिनका ओठहरूमा सधैं सुकोमल भावनाका गीतहरू फुर्थे । खेतमा हलो जोत्दा होस् वा करेसा बारीका डल्ला फोर्दा होस्, गीतको लयमा तिनका हातका औंलाहरूले बयली खेल्थे । गाउँघर, बाटोघाटो, मेलापात, खेतका आलीगरा, नदीनाला र रनबन जताततै गीतहरू थिए । गीतमा सत्य, शान्ति र सुन्दरता थियो । गीतहरूले नै जनाउँथे कि यहाँ मानव बस्तीहरू छन् । गाउँको दृश्य पटलमा हुने परिवर्तनलाई गीतको भाका र भावले डोऱ्याउँथ्यो । गीत र तालको सुरमा नै ऋतुहरू फेरिन्थे । गीत मान्छेको जीवनको प्रतीक थियो । गीतको प्रतीकले सन्देश दिन्थ्यो कि मान्छेको जीवनमा गतिशीलता छ । म उकुसमुकुस हुन थालें । ज्याल बाहिरको परिवेश शान्त प्रतीत भए पनि मेरो मनभित्र ज्वाला दन्किरहेको थियो । म भुल्न चाहन्थें कि म गाउँमा केही दिनको अतिथि बनेर आएको हुँ । म फर्कन चाहन्थें त्यो परिवेशमा जहाँ मेरो वास्तविक गाउँ थियो, म थिएँ, मेरा चञ्चल सँगीहरू थिए र जीवनका गीतहरू थिए । म फेरि गाउँको धूलिधूसरित गोरेटोमा धुलो उडाउँदै दौडन चाहन्थें, खेतका हरिया फाँटहरूमा कुद्दै पहेंलपुर बालाहरूलाई चुम्न चाहन्थें, वन जङ्गल चहार्दै चराहरूको मिठो सङ्गीत सुन्न चाहन्थें । रातभर शीतले छपक्क रुझेर बोटको फेदवरिपरि झरेका महुवाका रसिला फलहरूलाई डालोमा भर्न चाहन्थें । बाह्रै मास गाउँका हरेक घर घरमा मादल घन्केको र सबैका ओठहरूले उत्सव गीत गाएको देख्न चाहन्थें । म नाच्न चाहन्थें साथीहरूका हात समातेर आँगनमा, खलियानमा र गौचरनमा । ओहो ! मेरो गाउँ, कति प्यारो छ मेरो गाउँ ! अब म विस्थापित हुन्नँ आफ्नो गाउँबाट । अब सधैं साँझ परेपछि यसै गरी बगैंचाबाट फूलहरूको सुगन्ध बोकेर शीतल हावा ज्याल हुँदै मेरो अनुहारलाई स्पर्श गर्न आइपुग्ने छ र म आफ्ना पङ्खहरू फिँजाउँदै उड्ने छु सिमलका भुवाहरू जस्तो कञ्चन र कोमल बादलु देशमा ।

X X X

"सानो बाबु, सानो बाबु !" मेरी आमा ढोकाबाहिरबाट चिच्च्याइरहेकी थिइन् । मेरा आँखाका ढकनीहरू सपनाको संवेदनाले टाक्सिएका थिए । सायद

मैले आमालाई पनि सपनामा देखिरहेको थिएँ । "सानो बाबु !" आवाज फेरि आएको थियो ढोकाबाट । मेरी आमा वास्तवमा नै ढोकाबाहिरबाट मेरो नाम लिँदै चिच्च्याइरहेकी थिइन् । म हतपत ओछ्यानबाट उठेँ र ढोका खोलेँ । अस्तव्यस्त अवस्थामा मेरी आमा ढोकामा ठिङ्ङ उभिएकी थिइन् ।

"आमा !"

"सानो बाबु, तिमीले बन्दुकको आवाज सुन्यौ ? हरे, गाउँमा बन्दुकहरू पड्किन थालेका छन् । सम्भवत: बन्दुकेहरू फेरि छिरे यस गाउँमा । ती बन्दुकहरू पड्कँदै हाम्रो घरमा आइपुग्दासम्मन् तिमी भागिहाल मेरो बाबु ।" आमा भय र त्रासले काँपिरहेकी थिइन् ।

"आमा, म साँझ मात्र गाउँमा आएको हुँ । आजै किन गाउँ छाडेर जाऊँ आमा ?" गाउँ छाड्नुपर्ने कुराले मात्र पनि मेरो छातीभित्र भक्कानो छुटेको थियो ।

"हामीलाई जे भए पनि मलाई तिम्रो जीवनको माया छ बाबु ! तिमी अब धेरै प्रश्नहरू नगर । हाम्रो गाउँ पहिलेको गाउँ रहेन अब ।" बन्दुकको डरले गाँजेको थियो मेरी आमालाई र उनी मलाई छिटोभन्दा छिटो गाउँबाट भगाउन व्याकुल भइरहेकी थिइन् ।

ड्वाङ... ड्वाङ... ड्वाङ...। बन्दुकहरू फेरि गर्जन थालेका थिए । बन्दुकको पछिल्लो आवाज धेरै नजिकबाट आएको प्रतीत हुन्थ्यो । गाउँमा मान्छेहरूका मृदुल ओठहरूले जीवनका मङ्गल गीतहरू होइन, बन्दुकले विध्वंस र विनाशका अशुभ गीतहरू गाइरहेका थिए ।

"सानो बाबु, यो झोला समात र छिटोभन्दा छिटो यो गाउँ छोडिहाल बाबु !" आमाले ठुलो डाँको छाडिन् ।

मैले गह्रौं मनले झोलालाई काँधमा भिर्दै ऊ्यालबाट बगैंचातिर चियाएँ । मैले रोपेका बोटहरूले ऊ्याम्मिएको बगैंचा अहिले पनि अन्धकारमा डुबेको थियो । बगैंचाबाट प्रवाहित शीतल हावाले अहिले पनि मेरो अनुहार सुमसुम्याइरहेको थियो । धेरै वर्षपछि गाउँमा आएर मैले आफ्नो बगैंचालाई पनि धीत मरुन्जेल हेर्न सकिनँ । बिहानी अरुणोदयसँगै भुकभुके उज्यालो फैलिएपछि कोठाको ऊ्यालबाट बाँसको झाङमा कराइरहेका सारौंको आवाज सुन्ने, बाटोनिरको कुवाबाट घैंटामा पानी भरी फर्कदै गरेका गृहिणीहरूको लाम हेर्ने, काँधमा हलो बोकेर गोरु हाँक्दै खेततिर लम्किरहेको किसानको दर्शन गर्ने र झुन्ड झुन्डमा काममा हिँडिरहेका युवतीहरूले स्वत:स्फूर्त गाएका सुमधुर गीतका पङ्क्तिहरू सुन्ने मेरो आकाङ्क्षा केवल सपनामा नै सीमित रह्यो । अँध्यारोमा नै मैले आफ्नो घर छोडेको थिएँ ।

म आतङ्कित हुँदै भागेँ आफ्नो गाउँबाट । गाउँको परिवेशमा आफ्नो

जीवनको सार्थकता देखिरहेकी मेरी आमालाई आतङ्कको आँधीबेहरीले कहिले गाँज्ने हो ? भावी दुर्घटनाको आशङ्काले काँपिरहेको छु म । गाउँमा गीतहरू गुन्जिँदैनन् किनकि हाम्रा ओठहरू बन्द छन्, गीतहरू गाउन डराएका छौं हामीहरू । बन्दुकले छेडेको मृत्युको कर्कश सङ्गीतले बहिरो बनाएको छ हाम्रा कानहरूलाई । गीतहरू जीवनका मित हुन्, भुलेका छौं हामीहरूले । तर मैले गाउँमा गएर जीवनका मधुर गीतहरू गाउने सपना देख्न भने छाडेको छैन ।

समयको चक्रमा ऋतुहरू फेरिने छन् । शीत लहरको चटारोले निखेका बन्जर रुखहरूमा पालुवाहरू टुसाउने छन् । रुखका हाँगा हाँगामा चराहरू चिरबिर गर्ने छन् । वनफूलको महकले रङमङिने छ गाउँको वातावरण । गाउँमा वसन्त फर्कने छ । गाउँलेका ओठहरूले जीवनका वासन्ती गीतहरू गुनगुनाउन थाल्ने छन् । र, त्यस बेला निडर, निश्चिन्त र निस्फिक्री भएर म पनि सुसेली हाल्दै गाउँको धुलाम्मे डगरमा धुलो उडाउँदै आफ्नो गाउँ गइरहेको हुने छु ।

[छापामारको छोरोबाट]

निबन्ध

के नेपाल सानो छ ?

गोधूलि संसार

टाउको

सुखसत्ता

के नेपाल सानो छ ?

लक्ष्मीप्रसाद देवकोटा

नेपाल !

सुन्दर, शान्त, विशाल !

मैले आफैंले एक दिन लेखेथें, 'विशाल' को भावना कसरी आयो म भन्न सक्तिनँ ।

भूमण्डलको नक्सा पल्टाउनुहोस् र हेर्नुहोस् त नेपालको परिमाण कत्रो छ । यो सानो बुँद महासागरमा त्यसै बिलाए जस्तो देखिन्छ । यो सानो टुक्रा हिमालय पहाडको रेखामा सानो कोठा जस्तो लाग्दछ । कति देश र जातिले यसको नामै सुनेका होओइनन् । यो शान्तिको हरियो राजधानी जस्तो पृथ्वीको सानो प्यारो टुक्रालाई अघि बढेर देखाउनुभन्दा आफूलाई छिपाउनमा ज्यादा रुचि देखाउँछ । यसलाई एकान्त मन पर्दछ । संसारको घच्चा घमासानमा पसिना काढी हिस्सा लिनुभन्दा ध्यान र ज्ञानको गङ्गातीर र हिमगिरि शिला यसलाई ज्यादा मन पर्छ । आधुनिकतामा जिज्ञासा राखे तापनि यो प्राचीनको पुजारी हो । आजसम्म लुकामारी खेलेर, हिजोको सुनौला प्रभातको सपना देख्न चाहन्छ । सानो छ तर स्वर्ग छ; अल्प छ तर आँखो छ; छुट्टा छ तर आफैं विश्व छ; दूर छ तर दूरताको दिव्य जादु । यो भारत माताको मुटु फेला पार्ने थोरै छन्, किनकि यो पर्वत स्तनको भित्र गहिराइमा छिपेको छ ।

हिरा सानो हुन्छ; मोती सानो हुन्छ; मणि सानो हुन्छ; मिष्टभाषी, निर्मल शिशु सानो हुन्छ; आँखाको नानी सानो हुन्छ; मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ । यो पृथ्वीको सानो शिरोबिन्दु नै होस् तर ॐकारको बिन्दु झैं परमान्द घनीभूत छ । सानो भनेको के, ठुलो भनेको के ? यो दुनियाँमा तारालाई ठुलो भनौं भने अनन्त आकाशका जूनकिरी जस्ता देखिन्छन् । बालुवाका दानालाई साना भनौं भने एक कणमा सूक्ष्मदर्शी यन्त्रले र विज्ञानले विश्वको झिलिमिली जादुगरी

दर्साइरहेछन् । संसारमा सानो र ठुलोका दुई दृष्टिकोणका भेद छन्– एक भौतिक, एक आध्यात्मिक । नेपालभन्दा चीन ठुलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठुलो भनेको सुन्दा हाँस्न मन लागे जस्तो लाग्छ । माटोको परिमाणले खेत ठुलो म गन्दिनँ : त्यसको गुण, अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र । ब्रिटिस म्युजियमका लर्ड म्याकालेले निलेका सबै पुस्तकहरूको डङ्गुरभन्दा कालिदासको **शकुन्तला** धेरै जस्तो ठुलो लाग्छ ।

'धत्, नेपाली पनि पढ्नु ? हाम्रा ठिटा लेखक कनीकुथी बोक्रा लेख्छन् !' भनी नाकठाडे मिजासको अङ्ग्रेजी बाज चस्मा झल्काएर भन्दछ । मलाई रुनाको अवकाश नभए पनि दयाको भावले त्यस्ताको देखासिकी उल्टो पाखण्डीपन हेर्न मन लाग्छ । अङ्ग्रेजीका लवजहरूउपर सूर्य नअस्ताऊन् तापनि म नेपाली शब्दमा त्यो जादु पाउँछु, जो ग्रीष्म गरम विदेशबाट फर्कंदा शीतल झरनादार पहिलो चढाउको पहाडी वनमा प्रथम स्वागतवासी मधुर हावाको लहरसँग 'को हो ! को हो !' को सौन्दर्य संसारमा नवजाग्रत प्रश्नका साथसाथै नेपाली वनको फुट्दो सुगन्धमा मिसिएर आउँछ । सेक्सपियर, मिल्टन, गेटे इत्यादिका कल्पना र महाकाव्यहरूभन्दा मलाई नेपाल पहाडको सरल भाव वाहिनी, व्याकरण विरोधी, हृदय निनादिनी प्राकृतिक कविता धेरै आनन्द दिने हुने छ । म 'वाल्ज' सुन्न चाहन्नँ तर पहाडको सानो कुनामा झोपडी बनाएर वसन्त कोकिल झैं कता कताबाट तिनतारे सारङ्गी बोकेर झुलुक्क देखा पर्ने गाइनेको 'रानी वनैमा' सुन्न चाहन्छु । विदेशले कति घिच्याएको छ हामीलाई; हामी अरूको नक्कलमा मातृभाषाका शब्द तोडफोड गरी ककनो झोक्कामा रबाफ देखाउन चाहन्छौं, यद्यपि हामीलाई प्रकृतिले यस्तो सङ्गीत सरल मुख र नासिका दिएको छ, जो अरूको दोषी रबाफले कहिल्यै नक्कल गर्न सक्तैन, अङ्ग्रेजीका लवज र टोनमै केही यस्तो छ, जो हृदयमा खिरखिराउँछ, जो तारमा मिल्दैन तर किरिङमिरिङ गर्दछ; अप्राकृतिक नक्कलीपनमा रबाफ राख्न खोज्नाका प्रवृत्तिले हामी अरू स्कुले ठिटाको 'कम्ती छु' भन्ने भाव पोषण गर्दछौं भन्ने स्पष्ट देखिन्छ । कोही हिन्दी भन्दछन्, कोही बङ्गाली; म भन्दछु– निला पहाडहरूको प्राकृतिक भाषा, झरनाहरू घुसेका मिठा लवज, हिमालयको झल्का पसेका शब्द, अमरवल्लरीहरू ढल्केका बाइमात्रा, चरा चुरुङ्गीसँग उड्ने र बोल्ने अक्षरहरू । मेरो भाषा ज्यादा नफैलेको होस्, तर मेरो इन्द्राणीको झरना यही हो ।

सानो, मिठो, शान्त, सुगन्धी, अनुपम– बस् ! मेरा निमित्त त्यही हो नेपाल ! यहाँ वाग्नर कोदाली खनिरहेछन्; सेक्सपियर हलो जोत्ता हुन्; टिसियन र

टर्नर भेडा चराउँदा हुन्; सोक्रेटिज गुफामा घोत्लिरहेका होलान्; कालिदास आषाढको पन्धमा धारा प्रवाह गीत गाइरहेका होलान् । मकहाँ सान्डोले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन केलरहरू गीत गाउँछन्; यहाँ कति सावित्रीहरू छन्, जसका कथा संसारले सुनेकै छैन; यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिने छ । नालाहरूका प्राकृतिक वेद बुझ्ने आजकल कति हृदय होलान् ! यहाँका सूर्योदयका सुनौला दृश्य कान्तिपुरीमा के जान्ने छैनन् ? के साना चराहरू हृदयाकाशमा अमरवेली कुञ्जमा बोल्दैनन् ? के गुलाबका छातीमा टप्केका रजनी घनीभूत मोतीदाने शीतलव जस्ता प्रेमका कणहरू जो मभित्र खँदिलो भइरहेछन्, के ती साना छन् ?

सच्चा आर्य भावना जसलाई भनिन्छ, त्यस्ता मानव भावनाहरू उत्पादन गर्न सक्ने र हरहमेसा हृदयमा देव संस्कार जागरण गर्ने वाग्मती तुहिन तरल निर्मल शिशु तरङ्गहरूको मनोहर कलकले पवित्र शैशवावस्थाको शान्त तरल भाव प्रवाहमा खेलाएर राख्ने भूमि यदि संसारमा कुनै छ भने नेपाल छ । किनकि यहाँ कारखानाको धुवाँले दूषित वायु मण्डलमा सभ्य माकुराको जालो जस्ता तरङ्गहरू खेल्न पाउँदैनन् । यहाँ प्रशस्त शैशव नवीन खोज र त्यसको जादु नेपाली हृदय, नेपाली आबहवाको र खानपानका असरले गर्दा सच्चा आर्य भावहरूको स्पन्दन र आर्य सपनाले सजीव छ र अरू देशमा मैले कहिले पनि भावुक नैर्मल्य र सरलता पाउन सकिनँ । यहाँ मनुष्य मनुष्यलाई मनुष्यको दृष्टिले हेर्दछन्; सभ्यमानी देशहरूमा मनुष्य मनुष्यलाई हिंस्रक जन्तुका दृष्टिले हिंस्रक जन्तुलाई हेरे झैँ हेर्दछ । जो नेपाली होइन र नक्कलपन चाहन्छ, उसलाई सरलता राम्रो लाग्दैन, पहाडका शिशुहरू सन्तोष अनुभव गर्दछन्; मैदानका ताता मगजहरू खालि असन्तोषमा उम्लिरहेछन् । जहाँ नेपाली नजर देवता देख्दछ, उहाँ अरूको नजर ढुङ्गो देख्दछ; प्रकृतिमा ईश्वर लीला देखेर स्वदेशी हृदय गदगदाउँछ, त्यहाँ विदेशी खालि विज्ञानको अँध्यारो भुलभुलैयाभित्र पस्दछ । यहाँ ईश्वरका झल्काझल्की जतातै छरिएका छन्, ज्ञान विवेकको अँधेरीमा पाइन्न । विज्ञानभन्दा ज्ञान मूल्यवान् छ, मान्छे जडमा अन्ध यन्त्र लगाएर अन्धो विवेकले बोक्रे नियम पत्ता लगाउन आफ्नो गौरव सम्झँदैन, अन्ध विश्वास भन्नेले आफ्नो अन्ध विश्वासउपर आँखा चिम्लिरहेछ, तर हाइ ! हाइ ! नेपाली हृदय ! तँभन्दा सुन्दर, शान्त, सजीव कुरा संसारमा के होला ?

म त्यहाँ सब चिज पाउँछु, जहाँ जीवन पाएथें, उहाँ मेरो आत्मा जागरित भएर मानव जीवनको जादुका निमित्त आँखा खोलेर उठ्यो । म त्यहीँ मानव संसारको सम्पूर्णता देख्दछु, म केही सौन्दर्यको चिज देख्दिनँ, जो म नेपाल संसारमा

पाउन्नँ । यो हिमालयको पवित्र जादु भने नेपाली माटोको मूर्ति जो मै हुँ– जो स्वर्गको झिल्काले घिच्किएर जीवन भन्ने ज्योतिले सजीव भएर जागेथ्यो– यो मनुष्यलाई नेपालमा अनन्तता छ । यहाँ पृथ्वी मण्डलमा हुन सक्ने र भएका समस्त चिजहरूको सूक्ष्म प्रतिबिम्ब टनाटन छ । हिउँदको दृश्यमा ध्रुव प्रदेशको नमुना, ग्रीष्म वर्षाको दृश्यमा नैर्ऋत्यिक मुलुकहरूको नमुना यही नजर सामुन्ने छ । यहीँ सब आबहवा पाइन्छन्, यहीँ छन् बेबिलोनका ह्याङ्गिङ गार्डेन्स– झुलन बाग, यहीँ छन् तिन सय नायग्रा फल्स; चीनका पर्खाल सात आश्चर्यमा गन्नेले यी नेपाली किनारका महान् पर्खालमा चमत्कार नदेख्नु नेपाली नहुनुको अन्धता हो । चाँदीको झलझलाउँदो गौरी शङ्कर महल नजर सामुन्ने नै छँदै छ । यहाँ के छैन ? मलाई आश्चर्य लाग्छ, के छैन ? स्वर्ग यसैमाथि छ, नरक यसैतल छ । परमेश्वर यहीँ भरि भरि र मानव आत्मा यहीँ वरिपरि, आकाशको अनन्ततामा विशाल नक्षत्रहरू यसकै अगाडि जूनकिरी झैँ नाचिरहेका छैनन् ? तब म फेरि दोहोऱ्याउँछु यहाँ के छैन ? स्वर्गको चमत्कार कि पृथ्वीको परिपूर्णता ?

मैदानी देश चिच्याट लाग्दो हुन्छ; त्यहाँ आँखालाई शीतलता केही पाइन्न; जता हेऱ्यो उस्तै । कतै निचा कलात्मक चुनाउ, चित्रात्मक रेखाहरू, रङ्ग, छाया र फाहरू, शिखर लहरका झलमलाहट, पृथ्वी त्यसै हर्षले उम्लिएर चुलिँदै चुलिँदै स्वर्ग छोएर टुप्पामा सुनौला मुस्कुराहट लिएर हाँसिरहेकी, पाटा, छविछाया, वनको मिमिरे मधुर नीलिमा, यो मिठास र मोहनी मैदानमा पाइन्न । मैदान बोधो छ एकनासे लाटो जस्तो, मैदान चित्रकारी हुन सक्तैन, तस्बिरको भुइँ जस्तो हुन्छ, जसबाट सच्चा तस्बिर झिकिदिएको छ, तर पहाडी देशको दृश्यमा विभिन्नताको माधुरी छ, यहाँका रङ्ग गाढा र रसिला छन्, यहाँ सूचनात्मकता छ, जो कविता र सङ्गीतको मुटु हो; यहाँ जीवन एकोहोरो गाढा सडक जस्तो देखिन्न । यहाँ औपन्यासिकता छ, कतै उचाइ, कतै निचाइ चढ्नाको जादु, हेर्नाको मोहनी, सुन्नाको माधुर्य । भारत मैदान पहाडको माटोले उब्जनीको सेखीसम्म गर्दछ, तर रित्तो पट बिछ्याए जस्तो मात्र छ, यहाँ हरएक पटमा सच्चा चित्रकारी छ । एक पहाडका कुनामा बसेर हेर्नु, दुई-तिनतर्फ दृष्टि दिँदा, उही ठाउँबाट दुई-तिन संसार देखिन्छन् । म कहिले हेर्दाहेर्दै देखिरहेछु, एकै पहाडमा चार किसिमका चित्रहरू छाया, घाम, सिमसिमे पानी, कुहिरो ।

जुन पृथ्वी यस्ती शस्य शालिनी छन्, जसमा यस्ता सौन्दर्यका विभिन्नताहरू रङ्गदार छन्, जहाँ एक पहाड एउटा सजीव दुनियाँ छ; चरा, मृग र बाघहरूले परिपूर्ण संसार, जसलाई हेर्दा मानव मुटु विचित्र त्रासले ढक्क फुल्दछ, जहाँ

ढुङ्गामा चाँदीजिभ्रा छन्, ञ्याउका मोती छरिएका छन्, जहाँ नालामा दिव्य भाषण, जहाँ पत्रहरू सजीव दुनियाँका हलचल झैं हमेसा बोलिरहेछन्, जहाँ प्रकृति रङ्ग रङ्गका दृश्यचित्र रची रची रङ्ग रोशनी परेका कुशलता प्रदर्शन गरिरहेकी छन्, जहाँ लहराहरू राष्ट्रिय झन्डा झैं प्राकृतिक पर्खालमा फरफराइरहेछन्, अनेकौं फूलहरूले सुशोभित बनेर जहाँ सर्वोच्च हिमालय शासन गरिरहेछ, के त्यहाँका मनुष्यका कल्पनामा बालरेखा चित्र र कार्यहरू बनिरहेका होओइनन् ?

मलाई किन किन यस्तो लाग्दछ कि हिमालयको विशाल उचाइका नजिक रहेको जाति तिनको गौरव र तिनको उच्चतासँग भित्र भित्र गाँसिएको हुन्छ, शस्याढ्य भूमिका पुत्रहरूका मगजमा उब्जनी प्रतिभा हुन्छ र उनका कल्पना चित्रहरू विपिन प्रचुर हुन्छन् । ज्यादाजसो कविहरू फूलबारीको नजिक जन्मन्छन्, महापुरुषहरू पहाडको नजिक । दुधमुखे शावकहरूका चेहराले मान्छे धेरैजसो साधु बन्छन्, बाघ पाल्ने वनका नजिक वीरका झोलुङ्गालाई प्रकृति माताले हल्लाइरहेकी हुन्छिन्, धेरै चराहरू बोल्दा देशसँग म कविताको सम्बन्ध देख्तछु, वनका गम्भीर गोधूलिमा मलाई विवेकको अँधेरी र ज्ञानको पूर्ण उज्यालोको दोसाँधमा रहने भावनाहरू व्यक्त हुँदै आउँदछन् । म नेपालमा हुँदा वनकालीमा आनन्द पाउन सक्तछु, तर कलकत्ता जाँदा बिर्सन्छु । पहाड र गानाको नित्य सम्बन्ध छ, जस्तो वाक् र अर्थको । स्वर्ग बर्सन्छ त्यहीं, पहाडी अविरल झरझरको सङ्गीतद्वारा भावना दोष सुधार हुन सक्तछ, किनकि सङ्घर्ष विकृत मानव हृदयहरूका प्राथमिक सुर मिलाउने प्रभावहरू त्यहाँ पाइन्छन् । यी पातहरू सब हरिया भाव बन्दै छन्, यी सरसर हृदयमा दगुर्दै छन् ।

तब म 'विशाल' किन नलेखूँ ? 'विशाल' को भावना हिमालयको श्वासमा थियो; पहाडहरूको निलो रङ्गमा, प्रकृतिको प्रचुर उदारतामा, अनेक नन्दनहरूको चिरबिरमा प्रेमको भूमि, आत्माले रोजेका आनन्द र अन्वेषणको आफ्नो विश्व, जहाँ म पशुभावको मनुष्यबाट पूरा मनुष्य भएर विकसित भइरहेछु, जसलाई शैशव सम्पूर्ण अनन्त सम्झन्थ्यो, म यसको मार्मिक अंश बनेर ब्युँझेको थिएँ, यसको तातो रातो गुलाबी कलिलो चैतन्य ! जब पहाडको पिपलको गानादार बोटमुनि म बसूँ, तब मलाई विशालताको चैतन्य स्फुरण हुन्छ, जब म वनकालीमा गएर एकछिनसम्म मौन आनन्दमा टोह्लाउँछु, तब म साथीलाई भन्दछु, 'आहा ! क्या विशाल भावना मलाई फुरेर आयो, जता हेऱ्यो विशालभन्दा ज्यादा टङ्कारो नेपालमा केही पनि छैन !'

जति सानो भए पनि आफ्नो मातृभूमि जस्तो ठुलो चिज दुनियाँमा केही हुँदैन ! हाम्रो हृदयको स्नेह सानो केन्द्रमा तीव्रता लिँदो रहेछ जस्तो घामको

स्वभाव छ । जति क्षेत्रफल बढायो उति पतलाउनु प्रेमको प्रवृत्ति रहेछ जस्तो ख्याल हुन्छ । म विश्वप्रेम मातृभूमिमा सिक्तछु, न कि विश्वमा । मातृभूमि प्रेम नेपालको महत्त्व मेरा मगजका गिर्खागिर्खीहरू थाहा पाउँछन्, मेरो हृदयमा होऊ, झिलिक्क झिलिक्क नेपाल, म विश्वको अनन्त दूर कुनामा अहिले भएको भए "तँ को होस् ?" भन्ने कुनै भ्रमण प्रिय गन्धर्वको प्रश्नलाई म उत्तर दिन्थेँ– 'नेपाल', मृत्यु स्वर्गबाट ओर्लंदा "तँ के चाहन्छस् ?" को प्रश्नलाई पनि म प्रत्युत्तर दिन्थेँ– "नेपालको भलाइ !" अरू मुक्ति खोजून्, स्वर्गपछि दौडून्, म खोज्छु नेपालको तर्फ अविरल शुभ कामना र नेपालको अनन्त सेवा । चाहे स्वर्ग होस्, चाहे रौरव; अरू देशका गौरव मलाई नबताऊ, मेरो हृदय जान्दछ, मेरो हिरा कहाँ छ र उसको झलक कस्तो छ ! हँस्सी उडाउने हँस्सी उडाउँछन्; तर म भन्दछु कि मेरो मातृभूमिमा त्यो आर्य सभ्यता छ, जसले संसारलाई एक विशाल युगसम्म आध्यात्मिक पोषण पुऱ्याउन सक्तछ । अरूका श्रीपेच शिरमा रहून्, मेरो स्वदेशको श्रीपेच हृदयमा रहन्छ ।

विदेश भनेको सपना हो; एउटा कता कताको कथा हो; नदेखेकै झिलिमिली हो, अस्पष्ट, अग्राह्य बाहिरी कुरा हो; जो मेरो क्षितिजभित्र पर्दैन, त्यससँग मेरो नजरको के नाता ! कति थोरै नेपालवासी सम्झँदा हुन् कि यो नेपाली तारामण्डले अर्द्धगोलाबाहिर कुनै दुनियाँ छ ? वास्तवमा साधारण मनुष्यका निमित्त शिरमाथिको आकाश गोलाभन्दा ठुलो चिज केही हुँदैन; र उसले सम्झँदैन कि यो खालि विशालको एक अल्पखण्ड हो । 'पूर्णात् पूर्णमिदं' भने जस्तै मलाई यस बाहिर अर्को क्षितिज छ भन्ने बुझनमा नै के फाइदा ? सम्पूर्ण अनन्त विश्व देख्ने नजरले सूर्यलाई कस्तो सानो सेतो कनिको भन्दो होला, तर पृथ्वीवासीलाई त सूर्य सेतो रापको जीवन दाता भगवान् नै ठहरिन्छ । मेरो स्वदेश नै मेरो विश्व हो; बिपना हो; मेरो सत्य हो; एउटै खँदिलो अस्तित्व हो ।

जब म विदेशमा हुन्छु तब म बोलचित्र र नाटक हेरिरहेको हुन्छु; जब म स्वदेशमा हुन्छु, म जीवन अनुभव गरिरहन्छु । स्वेदश प्रेम सङ्कुचित गुण हो भन्ने लेखकहरूले आजकलको साङ्ग्रोपनादेखि वाक्क भएर कलम लिएका हुन् । तर ठाकुर बाबाको देखासिकी गर्ने सबै सिकारु विश्वप्रेमी विश्व सिद्धान्ती लेखक र कविहरू भुल्दछन् कि विश्वप्रेम भनेको चिज स्वदेशमै बिकासिन्छ; र जसले आफ्नो जाति, आफ्नो राष्ट्रको प्रेम राख्न सक्तैन, त्यसले विश्वप्रेम राख्छ भन्नु ताती गर्न सिक्नुअगाडि दगुर्न जान्ने हुनु मात्रै हो, बालुवामाथि घर बनाउनु भनेको त्यही हो । मेरा सपना पनि नेपालीपनको ग्राह्य गुण छाडेर उड्न खोजे भने नबिर्सने बादलभन्दा बेकम्मा हुन्छन् । सजीव अनुभवहरूको कलात्मक प्रकाशन साहित्य

हो भने जो सच्चा नेपाली छैन, त्यसले नेपाली साहित्य लेख्न सक्तैन । नेपालका हरएक दृश्य र अनुभूत वस्तु मभित्र मिलान लिएर विचार, भाव र सम्झनाका स्वरूपमा अनेक क्रियाहरूद्वारा आत्मप्रकाशन लिइरहेछन् । सार्वजनिक विश्व सत्यात्मक जाति कल्याणकारी तत्त्वहरूका सम्बन्धको आधारमा म लेख्तिनँ; लेख्ने नेपाल हो, म बोल्दिनँ, बोल्ने नेपाल हो, मेरा विचार होइनन्; नेपालका अनुभूतिगम्य दृश्य र श्रव्य सामग्रीका प्रभावहरू हुन् खालि मभित्रको अमर तत्त्व । यी सामग्रीहरूद्वारा नवीन नवीन झल्का र सन्देश पाउँदै, आफ्नो सेवाको मार्गमा चलिरहन्छु ।

[लक्ष्मी निबन्धसङ्ग्रहबाट]

गोधूलि संसार

शङ्कर लामिछाने

खासमा जे लेख्न म बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन । तर उपाय छैन अब– यी दुई शब्द टाउकामा ढ्याम्म वास बस्न आइपुगे, यिनको सत्कार नगरी यी टल्ने होइनन् पनि ।

त, जसका नजरमा यी पङ्क्ति बसिरहेका होलान्, अहिले यो क्षण, ऊ विचार गर्दो हो– 'सन्ध्याकालीन अवस्थाको एक घटना वा दृश्यको वर्णन गर्ने छ शङ्कर । सायद यो लेख्दा पनि रचनाकाल गोधूलिकै काल होला ।' शाब्दिक अर्थमा यो बिलकुलै गलत धारणा हो, कारण म बिहान लेखिरहेछु र सन्ध्या आउन अझै दस घण्टा बाँकी छ । तर पनि लाक्षणिक अर्थमा हो भने माथि सोचेको कुरा अक्षरशः सत्य छ ।

पराजयहरू अनेक प्रकारका हुन्छन्, तीमध्ये सबभन्दा बीभत्स हुँदो रहेछ नैराश्यको । यता केही समयदेखि म त्यसैमा नजरबन्द छु । लेख्नुसिवाय केही उपाय रहन गएको छैन, र लेख्न सकेको छैन केही । र मानिसदेखि म त्रसित छु र मानिसबाहेक मेरा लागि विषयवस्तु छैन पनि अभिव्यक्तिका लागि । दस-बाह्र दिनमा यसो एक पटक बाहिर निस्कन्छु परिचित अनुहारको तृष्णा मेट्न, र बढी तिर्खाएर घर फर्कन्छु । प्रायशः प्रत्येकको एउटै कुशलक्षेम हुन्छ मप्रति– "कसो, आजकाल त लेख देखिन्न नि ?" मानौँ शङ्कर लामिछाने लेख लेख्ने एउटा मसिन हो, मसिन मात्र, मानौँ छापाखाना हो जहाँ अक्षर कम्पोज गऱ्यो, सेट गऱ्यो, छापिदियो । प्रश्नकर्ता बेग्लै भए पनि प्रश्न उही भएर होला अघिल्लो पटकको प्रश्न र पछिल्लो पटकको प्रश्नका दुई क्षण एकै क्षण भइदिए जस्तो लाग्छ मलाई, अनि दस-बाह्र दिनको अवधिको मेरो जीवन बिलाउँछ । लाग्छ, म त्यस अवधिबिच बाँचेकै थिइनँ । एक त एकनासेपनको उराठ, दोस्रो घटनाहीन कालावधि, अनि त्यस दिन आइतबार होओस् वा बुधबार, मेरा लागि क्यालेन्डर

एक बुट्टेदार तस्बिर मात्र बनिदिन्छ । प्रत्येक दिवसको आरम्भ एकै प्रकारले तथा प्रत्येक सन्ध्याको अवसान एकै प्रकारले हुनु जस्तो यो जीवनभन्दा हेय केही छैन । तर त्यो घृणा स्वयम्बाट जन्मेको स्वयम्प्रति मुखरित भएकाले त्यसले सारा आस्था र सारा विश्वास र सारा आशालाई घाइते तुल्याइदिएको हुन्छ । दिवस, काल, क्षणप्रति केही मोह रहँदैन । मृत्युसँग प्रत्येक दिन सापट मागेको दिन जस्तो, मानौँ बाँचिदिएको दिन एक ऋणको दिन हो जसमा महाकालको चक्रवर्ती ब्याज पलपल बढिरहेछ, पलपल सापटीको अङ्क थपिँदो छ ।

यो अवस्था गोधूलि संसार हो ।

भीमदर्शन रोकाको एक कविताका दुई पङ्क्ति सम्झिरहेछु म अहिले–

"एक्लै एक्लै उदास उदास छु म
घाम डुबी तारा नउदाएको आकाश हुँ म..."

(**इन्द्रेनी**, वर्ष १, अङ्क १)

२०१३ साल वैशाखमा छापेको त्यस कवितालाई त्यस बेला रोमान्टिसिज्मको चस्माबाट हेर्दा अर्कै मीठो, सुन्दर, प्रेमको क्षणिक बिछोडको न्यानो दर्दमा मुछिएको पाएको थिएँ । आज साढे तेर वर्षपछि कविताका अंश भूत बनेर आएका छन् मेरा समक्ष मसँग याथार्थिक अर्थको जानकारी माग्न ! आफ्नै ठानेको जीवन, आफूले ठिक भनी भोगेका, गरेका कार्यहरू कालको संहारबाट भग्नावशेष बनी छरिएको देख्दा सारो चित्त दुख्दो रहेछ । चित्त दुख्ने, तिनको वास्तविक आन्तरिक तत्त्व बुझेर पनि हो !

यही कुरा भन्न बसेको म ।

खासमा म जोकर हुनुपर्ने मान्छे ।

सितम्बर महिनाको 'कादम्बिनी' मा एउटा ठट्टा छापेको छ । त्यो म यहाँ अनुवाद गर्छु–

"सर्कस-म्यानेजरलाई बामपुङ्केले उजुर गऱ्यो रे, भीम पहलवानले जहिले पनि चिठी लेख्दा अनेक गल्ती गर्छ र त्यसलाई सच्याउन मलाई इरेजर ठानी कागजमा दलिदिन्छ ।"

एकछिन म पनि हाँसैँ यस ठट्टाउपर । तर त्यसको शाब्दिक अर्थभन्दा बाहिर पुग्दा मलाई सारै पीडा भयो । सर्कसलाई संसार र स्वयम्लाई बामपुङ्के ठानेर भीम पहलवान इतिहास मानिदिए त्यसको अर्थ हुन्छ– इतिहासले गल्ती सच्याउन जहिले पनि व्यक्तिलाई र खास गरी उसको पर्सन्यालिटीलाई रगडेको हुन्छ र यो ठट्टा होइन ।

भन्छन्, शङ्कर बिग्र्यो । उसलाई रक्सीले बिगाऱ्यो । सारै खान्छ । कति सत्य !

तर गर्ने के ? नशा मेरो नसामा छ । म आँखा खोल्दा जति मात्तिएको, जति होस हराएको हुन्छु, त्यत्ति फ्ल्याट हुँदा हुन्न । होस हराएको बेला मलाई इरेजर बनेकोमा चित्त दुख्दैन । होस भएको बेला म इरेजर हुन चाहन्नँ । देवकोटाले एक पटक यस्तै परिस्थितिमा लेखेथे– "ईश्वर, मलाई भेडा बनाऊ ।" आज उनी बाँचेका भए म भन्ने थिएँ– गुरु ! तपाईंको भावनामा मेरो तादात्म्य छ, म सबै बुझ्छु, तर भेडा नभन्नुहोस्, कारण भेडा मानिसले तह लगाइसकेको जन्तु हो, उसमा आत्मग्लानि उम्रिसक्यो । ईश्वरसँग वरदान माग्ने नै हो भने, आत्मग्लानि अनुभव नहुने अवस्थाको जन्तुको रूप किन नमाग्ने ? बरु जङ्गल नै पसौँ । त्यहाँ कमसेकम आवरण त छैन; कसैले रौँ मात्र काटेर गलैंचाको इन्डस्ट्री त बनाउँदैन । त्यहाँ बाँचिन्छ, मारिन्छ, खाइन्छ, र मरिन्छ, अर्काको खुराक बनिन्छ । डाइनिङ टेबलको पकुवा मासुको आत्मा भए, प्रत्येक पटकको काँटाको मार र वरिपरिका अनुहारको व्यक्तित्व र मनमनै तिनलाई गरेको अभिशापको प्रक्रिया त भोग्नु पर्दैन ! उसले भन्ने थियो– मूर्ख मानिस ! तँलाई किन वैज्ञानिकीकरण गर्नुपऱ्यो ? मानिस त आमाकै दुध चुसेर हुर्किने र ममताको गौरवको ढोङ गर्ने प्राणी हो । जे छ, त्यो गोबरमा छ । त्यहीँ प्राण जन्मन्छ । यो प्रकृतिको नियम हो । फोहोरमा जन्म, खाऊ, हुर्क, फोहोर भएर झर र अरूलाई हुर्कन देऊ ।

यो अन्तिम पङ्क्ति खासमा जोकरको जीवन हो– इरेजर बनिदिनु ।

खासमा म जोकर हुनुपर्ने तर ईश्वरले एक ठुलो गल्ती गरे मउपर, महत्त्वाकाङ्क्षा पनि घुसारिदिए टाउकामा । त्यसै कारण न म जोकर बन्न सकेँ न भीम पहलवान । जेजति लेखेँ, लाग्दछ– मैले स्वयम् त के इतिहासले पनि मेट्न सक्ने छैन त्यसलाई, र अर्कातिर लाग्दछ– इतिहासले मलाई जिउँदै मेटिरहेछ । यस दुई परिस्थितिमा, मेरो के बिहान र के बेलुकी ! यो जन्मै झिसमिसे हो, यो जम्मै गोधूलि संसार हो ।

र, मानिसको वैज्ञानिकीकरणको प्रारम्भ प्रकृतिको सन्तुलन बिगार्नैमा छ । त्यहींबाट सभ्यता आरम्भ भयो र सभ्यताको समाप्ति पनि त्यहीं छ । आगोको आविष्कार गर्दा उसले रात्रिको सन्तुलन बिगाऱ्यो, सङ्गीतको आविष्कार गरेर उसले रुदनको सन्तुलन बिगाऱ्यो । स्वच्छ मनले घ्वाँघ्वाँ रुन सक्नु पनि हामीले बिर्सिसक्यौँ । र सायद यही कारण हो, अम्बरका स्वयम्का रचनामा, जहाँ गीत, सङ्गीत र स्वरको गोधूलि संसार छ, त्यहाँ मलाई लाग्छ म रुन सफल

भएको छु । कमसेकम जङ्गलको एकान्तमा ठुलो रुखमुनि एक्लै एक्लै उदास उदास छु म... आगो बाल्न नसकेको अवस्थाको वनमानुष हुँ म, र घाम डुबी तारा नउदाएको आकाश हुँ म !

गुरु, मलाई वनमान्छे हुन मन लागेको कारण छ, कारण के भने त्यहाँ वनमा गरिएका कार्यहरू आत्मरक्षाका लागि गरिन्छन्, त्यसो गर्दा आफ्नो कार्यको औचित्यको व्याख्या गरिरहन पर्दैन । त्यहाँको हिंसाको मुख्य कारण हो त्रास । लुत्रे कुकुरले तर्सेर कुइँकुइँ गऱ्यो भने उसको त्रास ठिक हो भनी मानिसले उसलाई लात दिनु वा मानिस नै स्वयम् कुकुरसँग डराएको छ भने कुकुरले त्यो त्रासको उपयोग गरी उसलाई टोक्नु । जनावरहरूमा त्रास सुँघ्न सक्ने क्षमता हुन्छ । हामीमा डर उम्रिआउँदा रगतको सञ्चारमा जुन आड्रेनालिनको मात्रा विकसित हुन्छ, त्यो सुँघ्न सक्छन् जनावरहरू । त्यस गन्धकै आधारमा उनीहरू हामीउपर आक्रमण गर्दछन्, कारण ती जान्छन् त्रास नै क्रोधको जननी हो, र क्रोध उम्रिनुअघि नै आक्रमण गर्नुपर्दछ । हामीले सभ्यताको सुगन्धमा त्यो मूलभूत कुरा बिर्स्यौं ।

सङ्गीतको यही गोधूलि संसारमा म वनमान्छे बनेको बेला लाग्दछ मलाई, गीतका प्रत्येक शब्दको पर्सनल गन्ध मेरो नाकमा पसिरहेछ, सङ्गीतको प्रत्येक लयको स्वाद मेरो जिभ्रोमा रसाइरहेछ, स्वरका प्रत्येक अभिव्यक्ति मेरो परेलामै जन्मिरहेछ । अनि मेरा ज्ञान र चेतना र सभ्यतालाई म खौरिदिन्छु अनावश्यक ठानी । हेर्न थाल्छु, अम्बरका औंला कसरी हार्मोनियममा चिप्लेटी खेल्दै छन् । औंलाहरूको पनि आफ्नो व्यक्तिगत जीवन हुनु अनौठा होइन ? प्रत्येक औंलाको मुटु छ, मस्तिष्क छ, प्रत्येकमा एउटा आकाङ्क्षा छ छुने, सुमसुम्याउने, समात्ने, घोच्ने, पकडिने तथा यति गरिसकेर अचेत मनमा तिनको अनुभूति सङ्गृहीत गरिराख्ने । अनि पो हातले स्वतः अनायास नै कुनै नारी, कुकुर, घोडा, बन्दुक, जवाहिरात छुँदा तिनको स्वादको जानकारी भिन्न भिन्न रूपले पाउँछ । छुनुअघि नै औंलाले आफ्नो सञ्चालनको व्यवस्था रोजिसकेको हुन्छ । अनुभवले बताइसकेको हुन्छ कहाँनिर छुनुपर्छ– नारीको स्तन वा तिघ्रा अथवा घोडाको गर्दन । नत्र किन बिरालोको चिउँडो मुसार्ने, केटाको कपाल सुमसुम्याउने ? हार्मोनियमका रिडमा उसका औंला छोइनुअघि एकछिन स्वयम् थिरकित हुन्छन् हावामा अनि मात्र छुन्छन् चाहिने मात्रामा । त्यो एक निमेषको जुन क्षण हो, जुन कम्पन हो मानौं त्यसले स्वरको कौमार्य जाँचेको हो, अनि मात्र स्खलनको आत्मसन्तुष्टि आउँछ त्यहाँ । लाग्दछ मेरो जन्म, जीवन र मृत्यु त्यहीं सन्निहित छ, त्यस एक क्षणको पनि क्षणमा ।

यसैले लाग्दछ, अम्बरले मेरो शब्द चोऱ्यो । कहिलेकाहीँ लाग्दछ अम्बरले मेरो जीवन नै पो चोऱ्यो । तर त्यस चोरिनुमा जुन सुख छ, जुन सपना छ, त्यो आत्महत्याभन्दा पनि बढी धीत मर्दो छ । प्रत्येक पटक यसरी म चोरिँदा, म लुटिँदा, म भाँचिँदा मलाई लाग्दछ म अहिरावण झैँ बढी सशक्त बनेको छु । लाग्दछ, म त यस्तो एउटा योनि हुँ, जसमा इतिहासले वीर्यपात गर्न पनि पैसा तिरिरहेछ । वेश्यामा यदि यो सचेत भावनाको कल्पना गर्न सकिन्छ भने, मलाई पार्वती लामिछाने ठाने हुन्छ ।

र यही महानताको भरमा म बाँचिरहेछु– कारण बिहानैदेखि मेरो नसामा शङ्करको नशा छ, शङ्कर जो गरलपान गरेर पनि कण्ठनील छ, शङ्कर जो बुढानीलकण्ठ झैँ लम्पसार गरी बसेको छ, शङ्कर जो बिग्रेको छ, जो सर्वसंहारी छ ।

तर सर्वसंहारी म छैन । कारण संहार मैले स्वयम्को पनि गर्न समर्थ भएको छैन ! म त जोकर हुनुपर्ने मान्छे । यही 'हुनुपर्ने' र 'भइनँ' का बिचको गोधूलि संसारमा म अहिले छु र म जान्दिनँ म लेखक हुँ वा इन्टरप्रेटर ।

[गोधूलि संसारबाट]

टाउको

भैरव अर्याल

"पृथ्वी गोल छ" –म चिच्च्याउँछु ।

"कस्तो गोल गुरु ?" –विद्यार्थीले स्पष्टीकरण माग्छ ।

"पृथ्वी भोगटे जस्तो गोल छ" –म बुझाउँछु ।

"कस्तो गोल रे गुरु ?" –विद्यार्थी बुझ पचाउँछ । म रिसले तिलमिलाउँछु ।

मभित्रको गुरुत्व कक्षा चर्काएर टेबलमा बजारिन पुग्छ– "पृथ्वी तेरो टाउको जस्तो छ !"

विद्यार्थीको मुखमा बडे बुझे लाग्छ । तर टेबलमा रन्थनिएको मेरो हात आफ्नै टाउको छाम्न पुग्छ, टोपीको सिउनीले कुन्नि कसको एउटा पङ्क्ति सम्झाइदिन्छ–

"यो टाउको होइन, टोपीको स्ट्यान्ड पो हो त !"

नभन्दै यो त टोपीको स्ट्यान्ड हो; हिजो मात्रै किनेको सक्कली ढाकाको टोपी मैले यही स्ट्यान्डमा राखेको छु । (कसैको निम्ति यो टोपको स्ट्यान्ड होला, कसैको निम्ति फेटाको, कसैको निम्ति फ्रेस क्यापको स्ट्यान्ड होला, कसैको निम्ति पगरीको । तर मेरो टाउको टोपीको स्ट्यान्ड हो) । टोपी, सभ्यताको पताका, संरक्षणको गुटिका अनि व्यक्तित्वको झन्डा हो । त्यसैले यो राख्ने एउटा गतिलो स्ट्यान्ड चाहिन्छ । मेरो टोपीको स्ट्यान्ड पृथ्वी जस्तै गोल छ ।

छाम्दाछाम्दै शङ्का उठ्छ– त्यसो भए मेरो टाउको खोइ त ? साँच्चि टाउको खोइ त ? विद्यार्थीहरू डराएर मेरो मुखाकृतिमा टुलुटुलु हेरिरहन्छन्– मानौं उनीहरूको कुतूहल यही छ– पृथ्वी टाउको जस्तो हुन्छ, तर टाउको भनेको कस्तो हुन्छ ? म आफैं अलमलिन्छु– टाउको भनेको कस्तो हुन्छ ? म पढेको मास्टर, नपढेको कुरा जान्दिनँ । नपढेको कुरा बुझ्न गिदी चाहिन्छ, गिदी । गिदी भनेको टाउकाको गुदी हो, लिपि घोटेर लेपेको लेप होइन । तर मसँग गिदी छैन, त्यसैले टाउकाको अर्थ पनि छैन । यो अर्थबिनाको अस्तित्व... ।

होइन, होइन, टाउकाको अर्थ किन छैन ? शरीरको माथिबाट ठडिएर रहने यसको अर्थ हो; त्यसैले सुत्ता पनि यसलाई तकियाको अग्लो स्ट्यान्ड चाहिन्छ ।

अर्थात् ठडिएर रहनुमा टाउको सार्थक हुन्छ । तर म जस्तो एउटा साधारण शिक्षकको टाउकाले कहाँ पाउँछ सधैँ ठडिरहन ? नौ सय नमस्तेमा निहुरनुपर्छ; हजारौँ हसमा लच्कनुपर्छ । बलभद्र र अमरसिंह जस्ता मेरा कैयौँ बाजे बराज्यूले बरु टाउको दिए, तर टाउको निहुराएनन् रे; तर मेरो टाउको कति लुलो छ भने झिँगालाई पनि गोडैमा ढोगिदिउँला झैँ गरी निहुरन्छ, मानौँ उसको पाखुरा खैँचाइ मेरो टाउकालाई चुनौती हो । म टाउको छाम्दाछाम्दै हराउँछु । विद्यार्थी प्रश्नको घोचो लिएर मलाई कक्षामा तान्छ–

"भन्नोस् न गुरु, पृथ्वी टाउको जस्तो भए टाउको कस्तो छ ?" मलाई रिस उठ्छ– यो पनि कुनै प्रश्न हो ? तर आफूले बोल्न नपाउँदै अर्को विद्यार्थी जबाफ दिन्छ– "टाउको फुटबल जस्तै हुन्छ ।" त्यसैले यसलाई बराबर पम्पु दिनुपर्छ । मेरो टाउकामा पहिलो पम्पु मास्टरले दिएका थिए, विद्यालयले जोख्यो, तौल चिह्न लगायो, प्राध्यापकले पम्पु दिए, महाविद्यालयले जोख्यो, तौल चिह्न लगायो । पम्पु दिने काम बढ्दै गयो । विश्वविद्यालयले जोख्यो, बडेमानको फुर्के चिह्न झुन्ड्याई गुडाइदियो । तौलपछि तौल गर्दै सत्र पटक तौलिएको यो मेरो टाउको कति गर्विलो छ, कति दर्पिलो छ । म आफ्नो टाउकाका तौलको बहाल माग्न अड्डा पुग्छु, अदालत पुग्छु, कम्पनी र कर्पोरेसन धाउँछु । सेवा आयोग अझ बडेमानको तुलो लिई अघि सर्छ । जोख्ताजोख्तै गाँठिएको टाउको फेरि जोखाउँछु, एउटा अर्को तौल चिह्न थपेर पुऱ्याइदिन्छ स्कुलतिर । अहिले म मास्टर छु । होइन, होइन, म एउटा पम्पु छु, हावा दिँदै छु सयौँ सयौँ बलहरूमा । यी सबैका टाउकाको तौल बढाउनु छ, यिनीहरूबाट पनि त्यसै गरी जीवनको रङ्गशालामा आआफ्नै टाउकाको भकुन्डो खेलाउनु छ । एउटाले अर्कोलाई बुङ्ङ हिर्काउँछ, अर्काले अर्कालाई । खेल न हो ! कुनै टाउको बुद्रुक्क उफ्रन्छ माथि पुग्छ, कुनै माथिबाट तल झर्छ । टाउकै खेलाडी, टाउकैको खेल, 'गोल, गोल' भन्दाभन्दै कति टाउकाको बिचैमा भद्रगोल हुन्छ ।

"तर होइन, टाउको भकुन्डो जस्तो होइन, मलाई त अरिङ्गालको गोलो जस्तो लाग्छ ।" म जस्तै अर्को गुरु बिचैबाट प्वाक्क बोल्छ । म नजिकैको रुखमा अरिङ्गालले लगाएको गोलो सम्झन्छु, आङ जिरिङ्ङ हुन्छ ।

अरिङ्गालहरू भुनभुनाइरहेछन् गोलामा, मानौँ त्यहाँ वास नपुगेको ठुलो रन्का छ, बलिया बाङ्गाहरूले धेरै धेरै ठाउँ पहिल्यै ओगटिसकेकाले लुत्रेलाम्रेहरूलाई टाउको घुसार्नसम्म ठाउँ छैन । एउटा 'ठाउँ छाडिदे' भन्छ, अर्को 'धक्का नलगा'

भन्छ, गर्भिणी अरिङ्गाल्नीले बच्चा खसाल्ने ठाउँ पाउन्न । कसैले बल्ल बल्ल पाएको बच्चा कसैले थिचिदिएको छ, मिचिदिएको छ, आमै नि ! कस्तो गन्जागोल यो अरिङ्गालको गोलामा । मलाई अघि नै सुझेको भए विद्यार्थीलाई यही भनि दिन्थें– पृथ्वी अरिङ्गालको गोला जस्तो छ; अरिङ्गालको गोला हाम्रो टाउको जस्तो छ । स्मृतिसामु एउटा अरिङ्गाल उठ्छ, ऊ सायद आहारा खोज्न गएको होला आफ्ना बच्चाहरूलाई । ओहो, मेरो सानो बच्चाले आज दुध खायो कि खाएन कुन्नि ? उसलाई निमोनिया भएको थियो, बल्ल बल्ल हिजोदेखि अलि अलि बिसेक भयो । आमा चाहिँ पनि साह्रै मूर्ख छ, विचारै पुऱ्याउन्न । अघि उडेको अरिङ्गाल अर्को दलिनमा बस्छ । अर्को एउटा पनि भुनभुनाउँदै त्यहीँ पुगेर बस्छ, मानौँ ती भालेपोथी हुन् । तर एउटा भ्यागुताको बच्चा जस्तो, अर्को माछाको बच्चा जस्तो ! छ्या, जोडा पनि भने जस्तो नमिल्नु; यो जोडाभित्रको एक जोर बिजोडा ! त्यसैले पनि अरिङ्गाल एउटा समस्या, समस्या एउटा अरिङ्गाल, अब कल्ले भन्न सक्छ टाउको अरिङ्गालको गोला होइन ! पालेले घण्टी लाउँछ– सम्झनाले उठाएका अरिङ्गालहरू गोलामा गई गुजमुजिन्छन्; भुराहरू भुरभुराउँदै उठ्छन् । म अफिसको टेबलमा हाजिर कापी थचार्छु; थचक्क बसेर टाउको समाउँछु । प्रधानाध्यापकज्यू भन्नु हुन्छ– मेरो त मुद्दाले टाउको खायो ।

मेरो टाउको पनि कुटुकुटु खान्छ– बिरामी छोराले । टोपी फुकालेर टेबलमा राख्छु– एउटा प्रश्न राखिए झैँ लाग्छ टेबलमाथि– के अरू सबै अङ्गभन्दा टाउकै कमलो छ ? नत्र चार महिनाको छोराले आमाको स्तन चुस्न छाडेर बाबुको टाउको किन खान्छ ? छोराले मात्र होइन, कहिलेकाहीँ प्रेमिकाले पनि जब आँप जस्ता गाला छाडेर यही ओखर जस्तो टाउको खान थाल्छिन्, तब मलाई लाग्छ– भगवान्‌ले मलाई मुर्कट्टा नै जन्माइदिएको भए हुन्थ्यो । त्यसो गरिदिएको भए जोरीपारीले पनि 'तेरो टाउको नफुटाई के छाडौँला' भन्न पाउने थिएनन् । टाउकै बनाउनु थियो त ढुङ्गाको बनाइदिएको भए पनि न कसैले खान सक्थ्यो न कसैले फुटाउन । तर मान्छेको टाउको कस्तो कमलो छ भने यसलाई जोगाएर राख्ने फिक्रीले नै कुटुकुटु टाउको खाइरहेको हुन्छ । तैपनि जोगिन्छ कि भनी म कपाल पाल्छु, टोपी लाउँछु र भन्न खोज्छु– टाउको टोपीको स्ट्यान्ड होइन, टोपी टाउकाको कभर हो ।

म टोपी टिपेर टाउको छोप्छु, तर कपाल मात्र छोपिन्छ, टाउकोभित्रको सिलिङबिलिङ छोपिँदैन । बरु त्यहाँ एउटा छाल आउँछ, एउटा भुमरी पर्छ, भुमरीमा म फन्न रिङ्छु, देश रिङ्छ, विश्व रिङ्छ मानौँ सिङ्गै ब्रह्माण्ड अटाएको छ मेरो टाउकोभित्र ! आमै नि ! कति ठुलो हुन्छ मान्छेको टाउको !

पृथ्वीभन्दा धेरै ठुलो, ब्रह्माण्डभन्दा धेरै ठुलो ! ओहो ! यत्रो भयङ्कर टाउको मैले कसरी बोकेको छु ? मलाई खलखली पसिना आउँछ, टाउको छाम्छु– एउटा सानो जुम्रो छ्यास्स टेबलमा खस्छ । ब्रह्माण्डभन्दा ठुलो टाउकाको बासिन्दा यो जुम्रोले मानौँ आफ्नो परिचय दिन्छ– म त्यस गोल दुनियाँको सर्वश्रेष्ठ जुम्रा जाति हुँ । म पनि यस गोल दुनियाँको सर्वश्रेष्ठ मानव जाति हुँ । दुवैको पृथ्वी गोल छ भने जुम्रा र मान्छेमा के फरक छ ? जब मेरो टाउको धेरै फोहोर हुन्छ, जुम्राको सृष्टि हुन्छ । जबसम्म म नुहाउन्नँ, उसको स्थिति हुन्छ, एकअर्कासित मायापिर्ती बस्छ, लिखा जन्मन्छन् । लिखाबाट जुम्रा बन्छन्, यो रौँबाट ऊ रौँ, यो कुनाबाट ऊ कुना ओहोरदोहोर चलिरहन्छ । जुम्रामा पनि कुनै भास्कोडिगामा र कुनै कोलम्बस नौला नौला ठाउँको पत्ता लगाउलान् । जुम्रामा पनि कुनै व्यास, होमर जस्ता कवि होलान् । कोपर्निकस, न्युटन र आइन्स्टाइन निस्केर टाउकाको परिधि र व्यासको लेखाजोखा गर्लान् । गुरुत्वाकर्षण र सापेक्षतावादको व्याख्या गर्लान् । त्यहाँ पनि कृष्ण, कन्फ्युसियस, क्राइस्ट, बुद्ध र मोहम्मद जस्ता महात्मा जन्मेर जुम्रा जातिको उद्धारका लागि भरमग्दुर कोसिस गर्लान् । अऊ सम्भव कुरा– त्यहाँ पनि गाँस, वास र यौनप्यासको निम्ति युद्ध होला । ढाडी जुम्राहरू चम्कनाहरूलाई छिन छिनमा सताउँदा हुन्, तर जब म नुहाउन थाल्छु, साबुनको झोलले जुम्रालोकमा हाइड्रोजनको काम गर्छ । महाप्रलय भएर उनीहरूको दुनियाँ उजाड हुन्छ । मेरो र जुम्राको संसारमा के फरक छ ? मेरो र जुम्राको अस्तित्वमा के फरक छ ? बरु हुन सक्छ, पृथ्वी कसैको गोल टाउको हो, मान्छे त्यस टाउकाका जुम्रा ! जब टाउकोवाला नुहाउन थाल्छ, हाम्रो प्रलय हुन्छ । फोहोरै राखिछाडोस् बरु उसले आफ्नो टाउको । म सोच्तै जान्छु– जुम्रा टेबलमा रगरगाउँछ, कस्तो अनुभव हुँदो हो त्यसलाई टेबलमा । उसले यहाँबाट फेरि फर्कन पायो भने जुम्रालोकमा कस्तो यात्रा वृत्तान्त सुनाउँदो हो– "बुऊ्यौ, हाम्रो संसारभन्दा बाहिर अर्कै संसार रहेछ ।" हो, पक्कै यस्तो व्याख्यान छाँट्तो हो । एउटा कुतूहल ल्याउँदो हो । तर मलाई जुम्रादेखि असाध्यै घिन लाग्छ, नमारे पनि त्यो धेरै बेर बाँच्न सक्तैन भन्ने थाहा हुँदाहुँदै पनि म मारिदिन्छु । कस्तो निर्ममता ! हस्याङफस्याङ गर्दै घरको नोकर भन्न आउँछ– "सानो नानीलाई साह्रै भइसक्यो, छिटै पाल्नोस् रे ।"

म टोपी मिलाउँदै कुद्छु । तर जुम्राको बाबु कुदेर आएन । आएकै भए पनि के लछार्न सक्थ्यो र त्यसले, जसरी केही गर्न सक्तिनँ म आफ्नो मर्न लागेको छोरो नमार्न । मृत्युको टाउको देख्न पाए मान्छेले कति टोक्तो हो, कति ठोक्तो हो ! तर अहिलेसम्म कति दार्शनिकहरूको टाउको खायो यो मृत्युले । अहिलेसम्म कति

वैज्ञानिकहरूको टाउको खाँदै छ यही मृत्यु । त्यसैले भन्न मन लाग्छ– मृत्युकै टाउकोमा हाम्रो सृष्टि छ । मेरो टाउको अझ रन्थनाउँछ, तर छोरोको टाउकोमा अब कुनै रन्थन छैन, जुम्रा र हाम्रो मृत्युमा फरक यत्ति छ– उसलाई जीवनको मायाले रन्थनाउँदैन, मृत्युको छायाले तर्साउँदैन । कारण उसको र हाम्रो टाउको उस्तै हुँदैन ।

हो, सबै प्राणीभन्दा अनौठो टाउको मान्छेकै हो । भनूँ भने मान्छेको विशेषता नै टाउको हो र टाउकाको सार्थकता नै मान्छे ! त्यसैले कृष्ण एउटा टाउको, क्राइस्ट एउटा टाउको, कन्फ्युसियस एउटा टाउको ! कपिल, कणाद, गौतम सब टाउकै टाउका । सुकरात, प्लेटो, एरिस्टोटल टाउकै टाउका । बुद्ध, जनक, अरनिको टाउकै टाउका । आर्किमिडिज, आइन्स्टाइन र ग्यालिलियो– टाउकै टाउका । मलाई भन्न मन लाग्छ– इतिहास टाउकै टाउकाको माला हो ।

गधा पिठ्युँले बाँच्छ, गाई कल्चौंडाले बाँच्छ भने मान्छेले बाँच्ने माध्यम टाउको पाएको छ, आफूलाई साँच्ने माध्यम टाउको पाएको छ । हो, मेरा पनि पुर्खा थिए, तिनमा कोही टाउकैले बाँच्थे होलान् । तर मलाई थाहा छ– मेरा धेरै मामाहरू गर्दनले बाँचे, मेरा कति काकाहरू पाखुराले बाँचे, मेरा कैयौं भाइ बहिनीहरू केवल भुँडीले बाँच्छन्– त्यसैले मैले टाउकाले बाँच्न पाएको छैन, जब टाउको उठाउन खोज्छु, भित्रभित्रै मेरो टाउको साटिइसक्छ, यसको विचित्रता नै यस्तै छ– आफ्नो टाउको साटिएको आफैँलाई थाहा हुँदैन । त्यसैले टाउकोबाट बाँच्न खोज्दाखोज्दै म टाउकोबाटै हराउँछु । तर मेरो हिमालय मलाई बराबर सोधिरहन्छ– ए, तैंले आफ्नो टाउको हराएको त छैन ? हत्त न पत्त छाम्छु, टोपी त सिङ्गुलै छ । तर टाउको कति साटिएको छ, कति छाँटिएको छ, त्यो ठम्याउन सक्तिनँ । अनि मेरो टाउकाभरि हीनताभास भरिन्छ– मेरो टाउको टाउको नभएर टेप रिकर्डर बन्छ । त्यसैले म प्रत्येक दिन स्कुलमा टेप रिकर्डर फुकाउँछु– "सगरमाथाको उचाइ २९,००२ फिट छ ।" सगरमाथाको उचाइ... ... ।

[रचनाबाट]

सुखसत्ता

शारदा शर्मा

मैले आफ्नो जीवनमा धेरै कम, प्रायः नगण्य यस्ता मान्छेहरू भेटेकी छु, जो आफ्नो जीवनसँग सन्तुष्ट छन् । अन्यथा प्रायः हामी सबै सामान्य मान्छेहरू दुःखेसा, गुनासा, अप्राप्ति, असन्तुष्टिले हरपल पीडित भइरहेका हुन्छौं, उद्विग्न र आन्दोलित भइरहेका हुन्छौं । लाग्छ, हामी केवल दुःखका भण्डार मात्र हौं । आफ्नो कुरा सुनिदिने कोही अर्को फेला पर्नासाथ हामी असन्तुष्टिका कुराहरू सुरु गरिहाल्छौं । मान्छेहरूले गुनासो नगरेको देख्दा वा ज्यादै कम गुनासो गरेको सुन्दा अथवा गुनासाहरूलाई रचनात्मकतातर्फ निर्देशित गरेको पाउँदा बडो आश्चर्य लाग्छ, आनन्द लाग्छ । यस्ता व्यक्तिहरूलाई देख्दा लाग्छ, सन्तुष्ट हुनलाई धेरै ठुलो उपलब्धि केही पनि हुनु पर्दैन । मान्छेले आफू संलग्न भएकै ससाना काम, ससाना प्रसङ्ग, ससाना उपलब्धिमै खुसीका समुद्र भेट्न सक्छ ।

बडो विचित्रको वस्तु छ हामीभित्रको मन । यो न कुनै सीमाभित्र अटाउँछ, न कुनै बन्धनले बाँधिन्छ । अनन्त इच्छाहरू निःसृत हुन्छन् मनदेखि, असङ्ख्य आकाङ्क्षाहरू जागृत हुन्छन् । मनले सपना देखाउँछ हामीलाई र हामी आफ्ना सम्पूर्ण बलबुता लगाएर शरीर र इन्द्रियको प्रयोगद्वारा आफ्ना इच्छा आकाङ्क्षाहरू उपलब्ध गर्न खोज्छौं । इच्छाको पूर्ति हुँदा हामीलाई सुखको अनुभूति हुन्छ । तर आश्चर्य त केमा छ भने इच्छाको एउटा वृत्तलाई स्पर्श गर्नेबित्तिकै मनले अझ ठुलो अर्को वृत्त निर्माण गरिसक्छ र हामी पुनः त्यो वृत्तलाई छुन चाहन्छौं । एउटा सुख प्राप्त गर्नेबित्तिकै अर्को सुखप्राप्तिको अभिलाषाले गर्दा हामीलाई उपलब्ध भएको सुख पनि दुःखमय लाग्छ । तर इच्छा गरेजति र चिताएजति हामी कसैले पनि कहिल्यै प्राप्त गर्दैनौं । आजीवन सुखका निम्ति इच्छाका तरङ्गहरूको पछि लाग्दालाग्दै अन्ततः असन्तुष्टि र दुःख बोकेरै हामीहरूमध्ये अधिकांश मर्छौं, मरिरहेछौं ।

घरी घरी म आफूले आफैँसँग सोध्छु, म आफैँ पनि कहाँसम्म पुग्न सकेँ भने सन्तुष्ट हुन सकुँला ? कुन उचाइसम्म, कुन आकाङ्क्षासम्म पुगेपछि मेरा मनभित्र उठिरहने तृष्णाका ज्वारभाटाहरू शान्त हुन सक्लान् ? कहाँसम्म पुगेपछि मलाई लाग्ला कि अब यसपछि प्रयत्न गरी गरी हिँड्नुपर्ने कुनै आवश्यकता रहेन । त्यो बिन्दु जहाँ मान्छेका सम्पूर्ण इच्छा, आकाङ्क्षा, मोह माया, लोभ लालच, ईर्ष्या द्वेष, प्रतिस्पर्धा सबै थान्को लाग्न सक्छन्; खहरे खोला जस्तो मान्छे शान्त, धीर, समुद्र जस्तो गम्भीर बन्न सक्छ; मृत्युभन्दा अगाडि मान्छेको जीवनमा कहिल्यै त्यो समय आउन सम्भव छ ?

मलाई सम्झना छ, त्यस बखत म करिब सात वर्षकी थिएँ; पोखरामा बस्थ्यौँ हामी । अहिले जस्ता राम्रा विद्यालयहरू थिएनन् । हामी विन्ध्यवासिनी देवीको मन्दिरवरपर खुला आकाशमुन्तिर गोलो घेरा बनाएर पढ्न बस्थ्यौँ । गुरुहरू आउनुहुन्थ्यो र पढाएर जानुहुन्थ्यो । एकफेर गुरुले गौतमबुद्धका उपदेशहरू पढाउनुभएको थियो । उपदेशहरू राम्रा लागेका थिए मलाई । तर जन्म र मरणको चक्रबाट मुक्ति पाउने भन्ने कुरामा भने मेरो चित्त बुझेको थिएन । विन्ध्यवासिनी मन्दिरको पश्चिमपट्टिको त्यो उचो भूमि, जहाँबाट उत्तरतिरका सम्पूर्ण हिमाल देख्न सकिन्थ्यो, ठुलठुला वृक्ष, पाङ्ग्राका लहरा, हरियाली, ढुङ्गैढुङ्गाले चिटेको लामो सिँढी, रुद्राक्षका रुख, असिना पर्दा रुखबाट झर्ने आँप, धर्मशालाभित्रको कछुवा । यी सबै अत्यन्त रमाइला, प्रिय कुराहरू थिए मेरा निम्ति । म नजन्मेकी भए कसरी साक्षात्कार हुन्थ्यो यो सुन्दर पृथ्वीसँग मेरो ? पृथ्वीमा बारम्बार यसरी नै जन्म लिइरहने कुरामा बुद्धको मत किन नकारात्मक रह्यो भन्ने कुरा मेरो मस्तिष्कमा पसेन । बालक ध्रुवले बाह्र वर्ष लामो कठोर तपस्या गरेर आकाशमा तारा बनेर टाँगिएको कुरा पनि मैले बुझ्न सकेकी थिइनँ । पृथ्वीभन्दा राम्रो र रमाइलो कुरा पनि अर्को क्यै हुन सक्थ्यो र हामी मान्छेका लागि ? मलाई आफूसँग, आफ्नो स्थितिसँग कुनै गुनासो थिएन । मेरो हातमा चार पैसा हुँदैनथ्यो र पनि सन्तुष्ट थिएँ म । उमेर सँगसँगै परिपक्वता, अनुभव र जानकारी सँगसँगै आफ्ना सन्तुष्टिहरू कहाँ छाडेर आउँछौँ हामी, पत्तै पाउँदैनौँ । मान्छे बढ्दै गएपछि पृथ्वीको गुरुत्वाकर्षणदेखि टाढा हुँदै जान्छ र अनुपलब्धतर्फ, दूरीतर्फ आकर्षित हुँदै जान्छ । लाग्छ, सुख भनेको त्यही अनुपलब्धको प्राप्ति हो र त्यही सुखको खोजीमा हामी सबै अहोरात्र दौडिरहेका छौँ ।

हामीमध्ये धेरैलाई लाग्छ, पैसा प्रशस्त भयो भने सुख आफैँ प्राप्त हुन्छ । तर भौतिक सम्पन्नताको उपल्लो अवस्थामा पुगेका मान्छेहरू पनि रित्तै देखिन्छन् । अभावै छ यिनीहरूलाई पनि । यिनीहरूमध्ये कतिपय मानवीय सम्बन्धको पनि

हिसाब लगाउने स्थितिमा पुगेका छन् । कतिपयका लोग्नेस्वास्नीबिचको आकर्षण र प्रेम किञ्चित् बाँकी छैन । राति ओछ्यानमा दुइटा कुनामा ती विपरीत दिशातर्फ फर्केर सुत्छन् । बिहान उठेर लाग्ने तिनका आआफ्नै बाटा छन् । केटाकेटीहरूलाई पैसाले अभिभावकत्व प्राप्त हुँदैन, पैसाले माया प्राप्त हुँदैन । ती आफ्नो मन लाग्दी गर्छन् । सम्बन्ध ध्वस्त हुन्छ, घर ध्वस्त हुन्छ । आखिर यस संसारमा मान्छेले इच्छा गर्ने सबैभन्दा ठुलो वस्तु स्नेह, प्रेम, मायाका समस्त ढोकाहरू बन्द गर्ने यस्तो सम्पन्नताको के अर्थ ? बरु अभावमा दिल खोलेर हाँस्न सक्छन् मान्छेहरू, एकअर्कालाई अघाउन्जेल माया गर्न सक्छन् । ढुङ्गाको सिरानी हालेर निदाउन सक्ने मान्छेहरू कुनै बेला मोटामोटा डनलपमाथि स्लिपिङ ट्याब्लेट निलेर छटपटाइरहेका हुन्छन्, निदाउन सक्दैनन् ।

पैदल हिँड्नेहरू साइकल चढ्ने इच्छा गर्छन् । साइकल चढ्नेलाई मोटर साइकल चढ्ने रहर छ । मोटर साइकल चढेपछि मोटर चढ्ने रहर लाग्छ, त्यसपछि हवाई जहाज, हेलिकप्टर चढ्ने रहर... रहरको पनि टुङ्गो हुन्छ र ? आफ्नै साथीहरू मन्त्री, प्रधानमन्त्री भए, आफू सांसदै छु । आफूभन्दा जुनियरले उछिनिसके जागिरमा, आफ्नो प्रमोसन भएन । योभन्दा त्यो राम्रो, त्योभन्दा त्यो । आफूलाई उपलब्ध वस्तुमा सबै असन्तुष्ट छन्, अर्काको स्थिति आफ्नोभन्दा सधैँ राम्रो देख्छन् मान्छेहरू । जीवनमा यो सापेक्षताको हिसाबकिताब कहिल्यै समाप्त हुँदैन । निस्सन्देह सबै मान्छेलाई न्याय प्राप्त हुनुपर्दछ । सबै काम नीति नियमअनुसार नै हुनुपर्छ । अन्याय परे पनि चुप लागेर बस्नुपर्छ भन्ने मनसाय होइन । तर ती कथित न्याय प्राप्त गर्नेहरू, उछिन्नेहरू, उन्नति गर्नेहरू, भाग्यमानी प्रमाणित भएकाहरू सुखी छन् ? सिपाहीदेखि सेनापतिसम्म, गाउँका प्रधानदेखि देशका प्रधानमन्त्रीसम्म, सुब्बादेखि सचिवसम्म, सन्तदेखि महन्तसम्म, हरक्षेत्र, हरस्थितिमा माथि उक्लने सिँढीहरू चढ्न तँछाडमछाड गर्दै हामी निरन्तर दौडिरहेछौँ । तर यो दौडमा विजयी हुनेहरू र गन्तव्य भेट्नेहरू सुखी छन् ? आफ्नो उपलब्धिमा सन्तुष्ट छन् ? सम्भवतः छैनन् । आफू पुगेको शिखरबाट त्यसभन्दा अग्लो अर्को शिखर दृष्टिगोचर हुनेबित्तिकै उपलब्धिको आनन्द पातलिन्छ । अन्यथा आफू रहेको शिखरदेखि ऋर्नुपर्ने सम्भावनाले मान्छे पिरोलिन्छ र त्यहाँ कसरी टिकिरहने भन्ने चिन्ताले उसका यावत् खुसी समाप्त हुन्छन् । संसारमा पाउनेहरू पनि सुखी छैनन् र नपाउनेहरू पनि सुखी छैनन् । सुखको प्राप्ति बडो कठिन कुरा हुँदो रहेछ ।

केटाकेटीहरू धुलो माटोमा लडिबुडी खेल्छन्, रमाउँछन्, खिलखिलाएर हाँस्छन् । आआफ्नो असन्तोषमा डुबेका हामी अभिभावकहरू तिनीहरूलाई हकार्छौँ,

हप्काउँछौं र जतिखेर पनि पढ्ने आदेश दिन्छौं; धुलोमा नखेल्ने, हल्ला नगर्ने सल्लाह दिन्छौं । वास्तवमा हामी आफू पनि खुसी हुन सक्दैनौं र तिनीहरूको खुसीको पनि ईर्ष्या गर्छौं । हामी चाहन्छौं, ती पनि हामी जस्तै गह्रुँगो बोझ लिएर बस्ने गरून् । यही सानो खुसीको अभावमा त हामी आफ्नो जीवनलाई नर्क बनाइरहेछौं । सानो खुसीले कति ठुलो महत्त्व राख्छ जीवनमा, हामी बारम्बार यो सत्य बिर्सन्छौं र केटाकेटीहरूलाई गाली गरिरहन्छौं ।

हाम्रो जीवनमा प्राप्ति भनेका यिनै, यस्तै बिन्दु बिन्दुमा उपलब्ध हुने ससाना खुसीका प्रसङ्गहरू नै हुन् । यिनीहरूलाई उपेक्षा गरेर अघि बढ्दा समग्रमा हाम्रा हातमा शून्य मात्रै आइपर्ने छ ।

असन्तोष यति मात्रै होस् र यस्तो होस्, त्यसले मान्छेलाई निरन्तर अघि बढाओस्, ध्वस्त नगरोस् । मान्छे यथास्थितिबाट माथि उठ्नुपर्छ र असन्तोषले त्यो प्रक्रियालाई सघाउनु, टेवा दिनुपर्दछ । क्षण क्षणमा प्राप्त हुने सुखका मसिना मसिना प्रसङ्गहरूमा हामीले आनन्दित हुन सिकेनौं भने मान्छे कुण्ठाको पुञ्ज मात्र बनेर रहनेछ, संसार बस्नलायक ठाउँ रहने छैन ।

सपना देख्नु मान्छेको स्वभाव हो, सपना भेट्टाउन खोज्नु पनि मान्छेको धर्म हो तर प्रयत्न गर्दागर्दै प्राप्त हुन नसकेका इच्छाहरूका निम्ति हामी दोषी होइनौं । संसारमा सबै मान्छेले आआफ्ना हिस्सा लिएर आएका हुन्छन्, त्यो न कसैले खोसेर खोसिन्छ, न कसैले थपेर थपिन्छ । निरन्तर, अखण्ड असन्तुष्टि दुःखको अजस्र स्रोत हो । यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन ।

हामीले जनताको सार्वभौम सत्ताको स्थापनार्थ संसारभरि धेरैपल्ट आन्दोलन गऱ्यौं । तर दिनानुदिन यो सार्वभौम सत्ता सम्पन्न जनता भने आफूलाई सुखसत्ताले वञ्चित निरीह प्राणी मात्र भेट्टाइरहेछ । निरन्तर सुखको सत्ता खोजिरहेछ । नभेट्टिने ठाउँमा खोजिरहेछ, नभेट्टिने दिशातर्फ दौडिरहेछ ।

सुखको सत्ता भने एक हिसाबले पदमा पनि छैन, प्रतिष्ठामा पनि छैन र पैसामा पनि छैन । अन्यथा त्यो जेमा पनि छ, त्यो हामीभित्रै छ ।

(अग्निस्पर्शबाट)

(एकाङ्की/नाटक)

सत्ताको खोजमा
पीडा आरोहण

सत्ताको खोजमा

विजय मल्ल

(फराकिलो कोठा, जसमा आलमारी, टेबल र खाट छन् । एक-दुइटा मेचहरू छन् । कोठा त्यति सफा छैन र टेबल, मेच आदि पनि यत्रतत्र छरिएका छन् । मीना र शीलादेवी ढोका खोलेर भित्र पस्छन् र कोठाको चारैतिर हेर्छन् । आफूले ल्याएका प्लास्टिकका झोलाहरू भुइँमा राख्छन् ।)

मीना– कोठा त यो पो बेस लाग्यो मलाई । (झ्यालतिर खोलेर) हेर, यहाँबाट स्वयम्भू कति राम्ररी देखिँदो रहेछ । उः हेर नागार्जुनको डाँडो ।

शीला– बाहिर सडकमा पनि नपर्ने, सुनसान छ यो कोठा ।

मीना– के तिमीलाई नयाँ सडकको जस्तो घुइँचो, हल्लाखल्ला चाहियो ? मलाई त पटक्क मन पर्दैन त्यो नयाँ सडक । सधैँ गोलमाल, गडबड, हलचल । शान्ति भनेको पटक्क छैन ।

शीला– मैले पनि त्यसो कहाँ भनेकी हुँ र ? सुनसान छ पो भनेकी त, मलाई मात्रै के मानिसको घुइँचो, हल्लाखल्ला मन पर्छ र ? झन् यो जाँचको अगाडि ।

मीना– हेर, यहाँबाट त्यो बगैंचा, त्यो चउर, त्यो विष्णुमती कति स्पष्ट छ, खुला, छर्लङ्ग, पानीका लहरहरूसमेत बगेका देखिन्छन् । हाम्रो उता जस्तै लाग्ने । यो सडकतिरको माथिको कोठा त मलाई मन परेन । अगाडिको घरको बरन्डाले नै छोए जस्तो । त्यहाँ बसेर कोही मानिसले हातले तान्न खोजे पनि भेट्टाइने जस्तो । त्यस्तो ठाउँमा पनि कोही बस्छ ? मलाई त यही कोठा मन पऱ्यो बा !

शीला– तिमीलाई पनि त्यस्तो लाग्यो ? मलाई पनि साँच्चि त्यस्तो लाग्यो । त्यो बरन्डाबाट त जोसुकैले पनि 'हामी के गरिरहेका छौँ' चेवा लिन सक्छ, हेर्न सक्छ । अऊ थाहा पायौ मीना ! काठमाडौँका लोग्ने मानिसहरू त

अनौठा हुन्छन् रे, हातले इसारा गर्न पनि बेर लाउँदैनन् रे, तन्त्रमन्त्र गरेको अक्षता छरेर त्यसै फकाएर पनि लान्छन् रे, हाम्रो केही वश चल्दैन रे ।

मीना– तिमी पनि कहिलेकाहीँ कस्तो केटाकेटी कुरा गर्छ्यौ ? त्यसरी अक्षता छरेर होइन बुझ्यौ, बरु मायाको स्वाङ रचेर, प्यान्टसुटमा कसिएर, सुकुलगुन्डाहरूले लैजालान् नानी !

शीला– मलाई त के लग्ला ! बरु तिमीलाई लग्ला ।

मीना– भो, मलाई नै लग्ला । तिमीलाई मन पऱ्यो कि मन परेन यो कोठा, भन ? तिमी त्यहाँ सुतौली, म यसमा । दुइटा खाट छँदै छन् । बिचमा त्यो टेबल राखौँला, मेच पनि हामीलाई पुगिहाल्छ । बरु बोलाऊ त्यो मानिसलाई, मालसामान यहीँ ल्याओस् ।

शीला– यस ढोकानिर त म सुत्दिनँ, म त्यहाँ सुत्छु; ऱ्यालकै सामुन्ने । मलाई खुला हावा चाहिन्छ ।

मीना– अब तिमीलाई खुला हावा चाहियो, अघि त माथिकै कोठा मन पऱ्यो भनेको होइन ? ढोकातिर सुत्दैमा तिमीलाई के भयो नि, कसैले रातमा घिसार्न आउला भनेर ?

शीला– तिमी पनि के के भन्छ्यौ के के ।

मीना– भो भो, मै सुतूँला, बोलाऊ न त त्यो मानिसलाई, मालसामानसुद्ध नै फेरि हिँडिदेला; अनि सुतौली राम्रोसँग । ए ! रुपियाँ त जम्मै मेरो सुटकेसमा छ ।

शीला– **(हतारिएर बाहिर निस्कँदै)** म बोलाएर ल्याउँछु । **(निस्कन्छिन् । मीना टेबल मिलाउन थाल्छिन्, मेचहरू यथास्थानमा राख्छिन् र आलमारी खोल्छिन् । शीला भित्र पस्छिन्, भरिया सुटकेस, बाकसहरू एक एक गर्दै भित्र ल्याउन थाल्छ ।)**

शीला– हेर तिम्रो मालमत्ता, के के छ ? हराउला ! **(भरियालाई हेरेर)** किताबको पोका खै ?

भरिया– ल्याउँदै छु नि । एउटा मान्छेले त्यतिका सामान एकैचोटि कसरी बोकेर आएको, यति टाढासम्मन् ल्याउनुभयो, मलाई त पैसा पुग्दैन है, अहिले नै भनिदिया छ । दुइटा रुपियाँ ट्याक्कै चाहिन्छ ।

मीना– पहिले सबै सामानहरू त ल्याउनू ।

शीला– जसले तिमीलाई भारीको बन्दोबस्त गऱ्या हो उसैसँग भन्नु नि क्या। हामीलाई के थाहा ! होइन त मीना ?

भरिया– हेर्नुस् नानीहरू हो ! बन्दोबस्त जसले गरेको भए पनि मलाई त ट्याक्कै दोटा रुपियाँ चाहिन्छ। अरू कुरासुरा म जान्दिनँ। **(भरिया निस्कन आँट्छ)**

मीना– भो भो जाऊ, माल लिएर आऊ अहिले। **(भरिया निस्कन्छ)**

शीला– यहाँका भरियाहरू पनि गजबका छन्। कस्तो फूर्ति लाउँछन् हेर न। हाम्रो गाउँतिर भए त्यसो भन्न सक्थे ?

मीना– तिम्रो गाउँतिर आफ्नै नोकरचाकर जस्तो हरुवाचारुवा हुन्थे। यहाँकाहरू त्यस्ता होइनन्, त्यसैले फूर्ति लाउन सक्छन्।

शीला– मेरो मात्रै नभन, तिम्रा गाउँमा पनि त्यस्तै छन् नि।

मीना– ठिक हो, छन्। त्यसैले यिनीहरूसँग मुख नलाग भनेको।

शीला– के त, भनेको जत्तिकै दिने त ?

मीना– झगडा गर्नुसट्टा दिने। यो नौलो ठाउँमा तिमी बी. ए. जाँच दिन आएकी, झगडातगडा गर्न होइन।

शीला– नौलो ठाउँ भन्दैमा जसले जेसुकै भनोस्, गरोस् सहने त ?

मीना– हेर, गन्थन नगरौं। लौ भन, त्यो शण्डमुस्तण्ड भरियाले मुखले केही भनिदियो भने, तिम्रो इज्जतमा धक्का पुऱ्यायो भने, के तिमी त्योसित कुस्ताकुस्ती गरेर बाऊन, जुध्न सक्छ्यौ ?

शीला– के रे ?

मीना– तिमी सक्तिनौ, तिमीलाई नै लाजले मर्नु हुन्छ ! त्यसैले त्यो भरियाको शारीरिक राक्षसी बलको सामुन्ने आफ्नो लाज जोगाउन हामी त्यसैको कुरा मानिदिन्छौं र दुई रुपियाँ फालेर त्यसको मुख टालिदिन्छौं। भइहाल्यो त्यो कुरा; लौ बाकस कहाँ राख्छ्यौ ? **(भरिया पोकाहरू लिएर भित्र पस्छ, भुइँमा राख्दा किताबहरू खसेर छ्याल्लब्याल्ल हुन्छन्।)**

शीला– कस्तो सौर पनि नभएको। किताब त्यसरी फाल्ने हो ? च्यातिएको भए।

भरिया– पोका कसरी बाँध्नुभएको छ तपाईंहरूले, राख्ता फुस्कियो, यसमा मेरो के दोष ? सब माल आइपुग्यो। गनेर हेर्नोस्। तिन वटा बाकस, गुन्टा र दुइटा पोकाहरू। दुइटा रुपियाँमा यतिका भारी बोकेर के कोही पनि यहाँसम्मन् आउँदैन, बुझ्नुभो ?

मीना– (**पर्सबाट रुपियाँ झिकेर दिँदै**) लौ लेऊ, फेरि चाहियो भने तिमी जस्तै बलियोलाई बोलाऊँला । लौ जाऊ । बाहिर जाँदाखेरि हेर बायाँपट्टि एउटी आइमाई बस्छे– सानी भाउजू, बुझ्यौ, तिनलाई यहाँ भित्र जाऊ भनिदिनू ।

भरिया– (**रुपियाँ खोकिलामा राख्तै**) मैले चिन्या छु त्यो भाउजूलाई । म यहाँ धेरै पटक आएको पनि छु, भारी बोकेर । यसभन्दा अगाडि यस घरमा अरू नै सुब्बाहरू बस्थे, त्यो मलाई थाहा छ । नानी हो, मालताल गन्नुस्, पुग्यो होइन के ?

शीला– पुग्यो, पुग्यो, जाऊ ।

भरिया– त्यसरी नझर्कनुस् न, फेरि पछि हरायो, त्यसैले चोरेर लगेछ भन्न पाउनु हुन्न । सलाम नानी !

मीना– लौ लौ, सलाम ।

भरिया– म भाउजूलाई भनेर जान्छु । (**निस्कन्छ**)

शीला– कस्तो जर्कटे मानिस, त्यसको त मलाई स्वर नै सुन्न मन लागेन । बेसोमती, असभ्य, ब्रुट । माल गनोस् भन्ने काइदा पनि हुन्छ । ठाडो पो बोल्दो रहेछ ।

मीना– हेर्दै जाऊ तिमी, कति यस्ता मानिससँग भेट्तै जानेछ्यौ, जो यो सोझो ब्रुटभन्दा झन् पढेलेखेका शिक्षित भनाउँदा असभ्य ब्रुट कति हुनेछन् । अनि त्यस बखतमा तिमी थाहा पाउनेछ्यौ, दुनियाँको यथार्थता बेग्लै छ । भन, म आफ्नो गुन्टा कहाँ लगाऊँ त ?

शीला– तिम्रो मन परेको ठाउँमा । मैले किताबहरू त्यसै टेबलमाथि राखें । (**टेबलमा मिलाउँदै जान्छिन्**) आफ्नो घर नभएर बहालमा बस्न आउनुपरेपछि जे पनि सहनुपर्दो रहेछ ।

मीना– (**गुन्टा फुकालेर खाटमा मिलाउँदै**) यसो भन बरु, बी. ए. पढेर पढेलेखेकी भनाउन परेपछि दुनियाँमा जे पनि गर्नुपर्दो रहेछ । तिमीलाई कसले पढ्नुपर्‍यो भन्यो, सतीसावित्री हुन नपढे पनि त हुन्थ्यो । बिहे हुन्थ्यो, लोग्नेको स्याहारसुसार गर्थ्यौ, जिन्दगी चल्थ्यो । बच्चाहरू हुर्काउँथ्यौ, फेरि उनीहरूको बिहे गराउँथ्यौ, जिन्दगी बित्थ्यो । के हाम्रा आमाबाबुहरूको जिन्दगी त्यसरी चलेको थिएन ?

शीला– तिमी त के के कुरा गर्छ्यौ के के । पढ्न आएको, यस्तो बिरालोले गुँड सारेको जस्तो डेरा सर्न त आएको होइन । कस्तो झन्झट छ, किन तिमी बुझिदिन्नौ ?

मीना– झन्झट ! झन्झट छ । तर भविष्यमा कति झन्झटहरू बेरिन्छन्, हेर्दै जाऊ । जिन्दगी स्थिर छैन नानी !

शीला– खै मेरो इकोनोमिक्स ? ए तिम्रो बाकसमा छ हगि ? मैले त बिर्सेकी, पढ्नलाई त यो कोठामा शान्ति छ ! रात पर्न आँटिसक्यो, बरु बत्तीमा कस्तो छ ।

मीना– भात पकाउन त आउँछे हैन, कान्छी बजै ?

शीला– आउँछे, किन नआउनु । बरु प्रोफेसर कृष्णप्रसादजीलाई पो हाम्रो यो डेरा थाहा हुँदैन । भान्दाइलाई भनी पठाउनुपर्ने, हामी यहाँ छौं भनेर । नभए भोलि उहाँकै घरमा गएर हामीले नै भन्नुपर्ला । तिमीलाई थाहा छ एउटा कुरा, मीना ?

मीना– के कुरा ? कुरा त मलाई धेरै थाहा छन् । कुन चाहिँ कुरा ?

शीला– कृष्णप्रसादजीको कुरा ।

मीना– लोग्ने मानिसको कुरा, तिम्रो मतलब ?

शीला– लोग्ने मानिसको कुरा भएर के भयो र ?

मीना– थाहा पायौ शीला ! मलाई संसारका सब कुरा सुन्न मन लाग्छ, तर लोग्ने मानिसको प्रेमको कुरा सुन्न मन लाग्दैन । बुझिनौ के ?

शीला– प्रेमको कुरा हैन, त्यसैले त अनौठो कुरा भनेकी ?

मीना– प्रेमको कुरा हैन, मैले त उहाँको प्रेमको कथा पो सुनेकी थिएँ ।

शीला– त्यसैले त भनेकी– कृष्णप्रसादजीले एउटी आइमाई, फोर्थ इयरकी हो कि थर्ड इयरकी पढाउनु हुँदो रहेछ । तिनी एक दिन घरबाट बाबुआमासित बाझेर निस्केकी रहिछन् । कृष्णप्रसादज्यूकहाँ आएर रोइछन्, कराइछन् र भनिछन्, 'म अब घर फर्कन्नँ, यहीँ बस्छु' र के के फलाकिछन् । उहाँलाई आपत् परेछ, पछि उहाँले केही नलागेर भन्नुभएछ– 'मेरो बिहे भइसकेको छ हेर ! तिमी जाऊ, फर्क ।' त्यो स्वास्नी मानिस छानाबाट खसेकी जस्ती भइछ र रिसाउँदै फर्किछ । तर तिमीलाई थाहा छ ? कृष्णप्रसादज्यूको बिहे भएको छैन । लौ भन, यो अनौठो कुरा होइन ?

मीना– केही पनि अनौठो कुरा होइन । प्रेमयाचनामा त्यो आइमाई असफल भइछ । म भए के गर्थें थाहा छ, तिमीलाई ?

शीला– के गर्थ्यौं, लौ भन !

मीना– अहिले भन्दिनँ । कृष्णप्रसादज्यूलाई सोधेर भनूँला ।

शीला– कृष्णप्रसादज्यूलाई यो कुरा भन्छ्यौ ? नभन है, अहिले भनिदिया छ । के भन्नुहोला उहाँले यो सुनेर अनि रिसाएर हामीलाई पढाउन छाड्नुभो भने उहाँले ? भो, नभन है, भनिदिया छ ।

मीना– साँच्चिकैको लोग्ने मानिस रहेछ भने सामना गर्छ नै ।

(सानी भाउजूको प्रवेश)

हामीलाई त यो कोठा मन पऱ्यो । यसैले यसैमा बस्ने अठोट गऱ्यौं, हुन्न र ?

शीला– भात माथि बुइँगलमा नै पकाऊँला । बरु भाउजू, पानीसानीको बन्दोबस्त कसरी गर्नुहुन्छ ? घडा त हामीले ल्याएका छौं, हगि मीना ।

भाउजू– (**चारैतिर हेरेर**) तपाईंहरूले गुन्टासुन्टा पनि फुकालेर बिछ्याइ सक्नुभएछ । म...

मीना– अब बस्न भनेर आएपछि कामधन्दा त गर्नै पऱ्यो, बरु भाउजू, हामीले कुचो ल्याउन बिर्सेछौं, कुचो त पाइएला ।

शीला– मैले भनेकी त हो नि तिमीलाई । त्यही पुरानै भए पनि लैजाऊँ भनेर अब ।

मीना– अब भाउजूले ल्याइदिइहाल्नुहुन्छ नि, बरु नजिकै किन्न पाइएला भाउजू ?

भाउजू– हैन, तपाईंहरूलाई उता सडकपट्टिको माथिको कोठामा मन परेन ?

मीना– सडकतिर नबसौं भनेर; हल्लाखल्ला हुन्छ, मोटरहरू आइरहन्छन्, गइरहन्छन् ।

शीला– हामीलाई पढ्नुछ नि भाउजू, जाँचका लागि मेहनत गर्नुछ । अलि शान्ति चाहिएकाले यो कोठा मन पऱ्यो । बरु अलि भित्र छ । भित्र परेर के भयो त हैन मीना ? के हेर्नु छ र ?

भाउजू हैन, तपाईंहरू यो कोठामा नबस्नूस् ।

मीना– किन ?

शीला– किन ?

भाउजू– हैन, तपाईंहरू यो कोठामा बस्न सक्नु हुन्न । उताकै कोठामा बस्नूस् ।

शीला– हामी यो कोठामा बस्न सक्दैनौँ, किन ?

मीना– हामीले सिङ्गै घरको पैसा तिरेका छौँ । भाउजूलाई थाहा छैन र यो ?

भाउजू– थाहा छ, तैपनि तपाईंहरू यो कोठामा बस्न सक्नु हुन्न । किमार्थ बस्न सक्नु हुन्न ।

शीला– तपाईं त गजबको कुरा गर्नुहुन्छ ! सिङ्गै घरको बहाल तिरेपछि किन नसक्नु ? जुन कोठा मन पर्छ, त्यही कोठामा बस्छौँ । हैन त मीना ? हामीलाई यही मन पऱ्यो, यहीँ बस्यौँ । अब सब मिलाइसक्यौँ । मीनाले गुन्टा पनि फुकाइसकी... ।

भाउजू– हैन, तपाईंहरू बस्न सक्नु हुन्न । कति बेर लाग्छ यो मालताल ओसार्न ? मै ओसारिदिऊँला ।

मीना– हैन भाउजू, हामी किन बस्न सक्तैनौँ ?

शीला– लौ, सब किताब मिलाइसक्यौँ । यति राम्रो दराज यहाँ छ ।

मीना– नकराऊ तिमी शीला ! भन्नुस् त भाउजू, हामी किन बस्न सक्तैनौँ ? के घरको मालिकले यहाँ नबस्नू भनेर रोकेको छ ? केही बाधा छ ?

भाउजू– त्यो त छैन ।

मीना– फेरि...?

शीला– यहाँ बस्न केही बाधा छैन भने हामी यहीँ बस्छौँ । म त माथि बस्न सक्तिनँ मीना, भनिदिया छ ।

भाउजू– तैपनि नबस्नोस् यहाँ, मैले भनेको कुरा मान्नोस्, नबस्नोस् । तपाईंहरू यहाँ बस्न सक्नु हुन्न । एकदम बस्न सक्नु हुन्न । यो कोठा ज्यादै डरलाग्दो छ ।

शीला– डर लाग्दो, के यहाँ भुत आउँछ ?

मीना– पखन शीला, किन डर लाग्दो छ भाउजू ? भुतसुतसँग तर्सन्नँ बुऱ्नुभो, भाउजू ?

भाउजू– ज्यादै डर लाग्दो छ यो कोठा । म यो टोलमा बसेको धेरै भइसक्यो, मलाई सब थाहा छ यस घरको बारेमा । यसै कोठामा तिलकमान काजीसाहेब बस्नहुन्थ्यो । म बराबर कामकुरामा यहाँ आउनेजाने गर्थें । यही कोठामा दुलहीसाहेब पनि बस्नुहुन्थ्यो । त्यही दराजमा लुगाफाटो हाल्नुहुन्थ्यो । दुलहीसाहेब निकै राम्री हुनुहुन्थ्यो । उहाँको बिहे भएको पनि मलाई थाहा छ । दुलही अन्माएर ल्याएको दिनमा पनि म यहीँ काम

गर्न आएकी थिएँ । (**शीलालाई देखाएर**) अहिले उहाँ उभिनुभएको ठाउँमा, हो त्यही ठाउँमा, त्यसमाथिको दलिनमा, त्यहींनिर दुलहीसाहेब एक दिन झुन्डिएर मरिरहनुभएको ।

शीला– यहाँ, यस कोठामा ?

मीना– अनि त्यसो भए दुलहीसाहेबले आत्महत्या गरिन् ?

भाउजू– म त्यो झलझली सम्झन्छु– त्यति राम्री गुलाबको थुँगा जस्ती दुलहीसाहेब झुन्डिएर मर्नुभो । म त्यस दिनदेखि यस कोठामा पसेकी छैन । यस घरमा बराबर आवाज पनि आउने गर्छ, कहिले बढारेको जस्तो स्वारस्वार आवाज पनि आउँछ, कहिले ढोका खोलेको जस्तो ढ्याकढ्याक, कहिले भऱ्याङ हिँडेको जस्तो ट्याकट्याक, कहिलेकाहीँ कोठाको ऋ्यालमा सेतो छाया उभिए जस्तो देखिन्छ । म पनि राति एक्लैदुक्लै पस्दिनँ, त्यसै मन तर्सिहाल्छ ।

शीला– यही कोठामा आत्महत्या गरेको ? ओहो ! त्यसो भए मीना, म त यस्तो कोठामा बस्दिनँ ।

भाउजू– मैले त्यसैले तपाईंहरूलाई अघि नै भनेकी यस कोठामा नसुत्नुस् भनेर । यहाँ कोही पनि पस्तैनन्, मै पनि आजै हुँ पसेकी । त्यसै मुटुमा डर पसिहाल्छ । लौ, त्यही ठाउँमा झुन्डिरहनुभएको ।

मीना– यो त भयो, तर भाउजू ! तपाईंलाई थाहा छ, दुलहीसाहेबले किन आत्महत्या गर्नुभो, केही कारण छ ?

शीला– मलाई त अहिल्यै डर लाग्न थालिसक्यो, म त यहाँ बस्न सक्तिनँ । यस्तो घरमा बस्न सक्तिनँ । भान्दाइले पनि कस्तो घर खोजिदिएको । ए त्यो के हल्लेको ?

मीना– नतर्स त्यसरी, कुरा त बुझौँ, थाहा छ भाउजू ! किन उहाँले आत्महत्या गर्नुभयो ?

भाउजू– के थाहा पाउनु नानी ! काजीसाहेब पनि बेसै हुनुहुन्थ्यो । हाम्रो आँखाले बाहिरबाट हेर्दा त कुनै कमी थिएन । उहाँका चार चार ओटा घरहरू अझै छन्, यथेष्ट सम्पत्ति भएको मानिस । दुलहीसाहेबलाई गहना, लुगाफाटा सबै पुगेकै थियो । नोकरचाकर सब थिए । सासूससुराहरू पनि कोही थिएनन्, दाजुभाइहरू पनि कोही थिएनन् । जोईपोइमा झगडा पऱ्यो भनूँ भने पनि कहिल्यै झगडा भएको सुनेनौँ । त्यही त अनौठो छ । आत्महत्या

गर्नुहोला जस्तो नै हुनुहुन्थेन । सधैं हँसिलो अनुहार लिएर बस्नुहुन्थ्यो, कुराकानी पनि मिठै थियो । ठुलो स्वरले बोल्नुभएको नै सुनेका छैनौं ।

शीला– बाहिर के आवाज आएको त्यो ? **(कान थाप्छिन्)**

मीना– खै के आवाज आयो र ?

शीला– ऊ भऱ्याङ हिँडेको जस्तो !

मीना– नतर्स न त्यसरी, के आवाज आयो र ?

शीला– आवाज हैन त त्यो, भाउजू ?

भाउजू– त्यस्तो आवाज आइरहन्छ यहाँ– अऊ राम्ररी नै हिँडेको आवाज सुनिन्छ । यहाँ पहिले बस्नेहरूले त सरासर ढोका खोलेर यहाँ कोठामा पसेकी नै देखेका छन् । फेरि हेर्न आउँदाखेरि कोही पनि रहेनछन् ।

शीला– हँ त्यस्तो ! म त बस्न सक्तिनँ बा, मीना ।

मीना– कसरी तर्सेकी हँ ! भाउजू, त्यसै किन आत्महत्या गरिन् ? केही कारण त हुनुपर्छ !

भाउजू– बुऊनुभो नानी, उहाँ त्यसरी झुन्डिएर मरेपछि तिलकमान काजीसाहेब यो घर छोडेर आफ्नै घरमा सर्नुभो । तैपनि कहिलेकाहीँ बेलुकीपख राति बराबर यहाँ आउने गर्नुहुन्छ र यस कोठाको ढोका खोलेर पस्नुहुन्छ, घण्टौं कराउनुहुन्छ । मैले पनि तिन-चारचोटि देखेकी छु । कहिले महिनौं आउनु हुन्न । कहिले लगातार आउनुहुन्छ । सबै भन्छन् 'उहाँको अलि हावा बिग्रिसक्यो' भनेर । अहिले पनि आउन सक्नुहुन्छ । उहाँ जुनसुकै बेलामा पनि आउन सक्नुहुन्छ । उहाँको केही ठेगाना छैन । त्यसैले पनि मैले भनेकी तपाईंहरूलाई यहाँ नबस्नोस् भनेर, उहाँ त्यसरी आउनुभो भने ?

शीला– ए त्यस्तो !

मीना– त्यसो भए उहाँ बराबर आउनुहुन्छ ? त के कराउनुहुन्छ ? तपाईंले कहिल्यै सुन्नुभा छ ?

भाउजू– के के हामी टाढाबाट सुन्छौं, नबुझिने । मानिसलाई यस्तो पनि हुँदो रहेछ । मर्ने त मरेर गइहालिन् नि, फेरि बाँच्नेलाई यो केको शासन ?

मीना– रहस्य ! उहाँ बराबर यही कोठामा पसेर कराउनुहुन्छ ? के कराउनुहुन्छ तपाईंलाई थाहा छैन ? आत्महत्या किन गरिन् ? अनौठो छ ।

(बाहिर साँच्चिकै भऱ्याङमा आवाज आउँछ)

भाउजू– (तर्सेर) हो !

शीला– (भाउजूलाई समाउँदै) बत्ती बाल्नुस् न बत्ती ।

मीना– (नतर्से झैं गरी) कोही आएको होला ।

(ढ्याकढ्याकको आवाज झन् झन् टड्कारो हुँदै जान्छ)

शीला– (तर्सेर) यतै आइरहेछ । (भाउजूलाई समाएर कुनातिर लाग्छिन्)

मीना– (अलि तर्सिएर भित्तातिर लाग्छिन्) को त्यहाँ ?

(एउटा मानिस पस्छ र कोठाको बीचमा आएर उभिन्छ, जहाँनेर भाउजूले झुन्डिएकी भनेर देखाएको स्थान छ ।)

भाउजू– यही हो काजीसाहेब ! (मीना जहाँको तहीं उभिएकी हुन्छिन् ।)

तिलक– (झुकेको टाउकोले) म धेरै दिनपछि फेरि यहाँ आइरहेछु ! प्रमिला ! नसम्झ मैले तिमीलाई बिर्सें, के म बिर्सन सकूँला ? के सकूँला म आफ्नो अपराधलाई बिर्सन ? प्रमिला !

(टाउको उठाएर)

किन तिमीले मलाई अपराधी ठहऱ्यायौ ? त्यही प्रश्न म फेरि दोहोऱ्याउँछु, जबाफ देऊ ।

(मीनालाई देखेर नजिकै जाँदै)

प्रमिला, आज तिमी स्पष्ट रूपमा मेरो अगाडि खडा भएकी छ्यौ । पहिलेको भन्दा पनि स्पष्ट । म समाउँदिनँ, समाउँदिनँ । नतर्स, भाग्न कोसिस नगर ।

प्रमिला, मलाई जबाफ देऊ– तिमीले किन आत्महत्या गऱ्यौ, किन गऱ्यौ ? त्यस्तो डोरीले आफ्नो कमलो घाँटीमा बाँधेर आफूलाई किन माऱ्यौ ? कुन मेरो त्यत्रो अपराध थियो, जसको बदला तिमीले आफूलाई मारेर मबाट लिन खोज्यौ ?

भइहाल्यो नबताऊ । थाहा छ, तिमी छाया जस्तो मात्र मेरो अगाडि परेकी छ्यौ खालि मेरो कष्टलाई हेर्न, खालि मैले कसरी दुःख भोगिरहेछु त्यही हेर्न, खालि मैले कसरी यातना पाएँ, त्यही बुझ्न । लौ हेर, तर म तिम्रो अगाडि गुनासो गर्दिनँ 'मैले कष्ट पाएँ' भनेर । मेरो कष्टको के महत्त्व छ तिम्रो मृत्युको अगाडि ? तिमीले गर्न सक्यौ, म मर्न सकिनँ । प्रमिला ! तिमी नजिक आऊ, छाया जस्तो भएर भित्ताको भित्तैमा तिमी नअल्प । आज म लामा कुरा गर्न आएको छु । सुन, म त्यो

कष्टलाई छातीमा बोकेर धेरै दिन हिँड्न सक्तिनँ । हैन, मेले हिँड्नै पर्छ नमरुन्जेल । म यसपालि भारतको कुना कुनामा गएँ, किन, थाहा छ ? यसैले कि म तिमीलाई बिर्सिदिऊँ र आफू मुक्त हुँ । तर ऊन् मलाई तिमीले लखेट्यौ ! तिमी रेलको डब्बामा समेत आयौ । म जहाँ जहाँ गए पनि तिमीले त्यहीँ पछ्यायौ । तिमी कहाँ आइनौ ? आयौ तर कहिल्यै जबाफ दिइनौ ।

जबाफ म पाउन सक्तिनँ, मलाई थाहा छ । जबाफ कहाँबाट पाऊँ म ? के म जीवनभर जान्न पाउन्न ?

म अपराधी हुँ, अपराधी । मैले के अपराध गरेँ तिमी भन ? मेरा पुर्खाहरूले जे गरे, समाजले जे गऱ्यो, कुटुम्बहरूले जसरी जीवन गुजारे, मैले त्यही गरेँ । मैले अरू के गरेँ, तिमी नै भन ?

मैले तिमीलाई बिहे गरेँ, माया गरेँ । मैले आफ्नो सम्पत्ति तिम्रो हातमा सुम्पेँ । तिमीले चाहेको कुरा गर्न सक्थ्यौ– केही गऱ्यौ पनि । मैले त्यस बखत बुझ्न सकिनँ, तिमीलाई अरू के चाहिन्थ्यो ? सम्पत्तिबाहेक तिमीलाई के चाहिन्थ्यो ?

मलाई थाहा छ । तिमी बराबर भन्थ्यौ– म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अँठ्याइएको छ कानुनले, व्यवस्थाले । के कात्रो ओढेर मुर्दाहरू जिउँदा जस्ता बाँचेका छैनन् ? खै मेरो आत्मसम्मान ! मैले तिम्रो कुरा त्यस बखत बुझ्न सकिनँ । मैले त्यही गरेँ, जो मेरा पुर्खाले गरिआएका थिए । तिमीलाई खुवाउन, लाउन दिनु यही मेरो कर्तव्य थियो । त्यही मैले पूरा गरेँ । तिमी मबाट बढी चाहन्थ्यौ कस्तो प्रेम, कस्तो सम्मान ? मलाई अझै थाहा छैन । तिमी आइमाईको कस्तो सत्ता र अस्तित्व चाहन्छ्यौ ?

हो, म कहिलेकाहीँ रक्सी पिएर आउँथेँ, म कहिलेकाहीँ राति बाहिरै पनि सुत्थेँ, हो, जो मेरा पुर्खाले गरेका थिए । म दोस्रो-तेस्रो बिहे पनि गर्न सक्थेँ, जो अरूले गरेथे । लौ भन, मैले तिमीमाथि के अन्याय गरेँ ? अपराध भन्छ्यौ भने समाजले गरेको गरेथेँ । समाजलाई पछ्याएको थिएँ, तिमी भन्थ्यौ, 'मलाई गहना र लुगाले नबेर, म कोठाको सुन्दर फूलदान होइन । के त्योभन्दा बढी म स्वास्नी मानिस हैन ? के मेरो आफ्नै स्वरूप छैन ? प्राण छैन ?' मैले तिमीलाई बुझ्न सकिनँ । तिमी

रिसाएर मसँग बाझेकी भए म बुझ्थेँ– मबाट अरू कुरा नै चाहन्थ्यौ । संसारबाट अर्कै व्यवहार चाहन्थ्यौ, जसमा तिम्रो सत्ताको कदर गरिएको होस् । मलाई थाहा छ, तिमीले एक दिन भनेकी थियौ । सुन, किन मर्न लाग्यौ, पत्याइनौ– म साँचो कुरा बोलिरहेछु– साँचो कुरा ।

तिमीले भनेकी थियौ, सम्झ– यदि मलाई वास्तविक स्वास्नी मानिस जस्तो बाँच्ने अधिकार दिंदैनन् भने, मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने जीवनको सबभन्दा ठुलो अधिकार जो मेरो आफ्नो हो, जसलाई कोही खोस्न सक्तैनन्, उपयोग गरेर म मरिदिन सक्छु, म त्यसरी आफ्नो स्वतन्त्रता र हक दाबी गर्न सक्छु ।

तिमीले किन त्यसो भन्यौ, मैले बुझिनँ, मैले तिमीलाई आफ्नो माया र चुम्बनले ढाक्न खोजेको थिएँ, यस चुम्बनलाई समेत तिमीले के ठान्यौ– के, अपराध गराएको सम्झ्यौ ? के मेरो प्रेमसमेत अन्यायले मुछिएको थियो ? के पुर्खाका अपराधहरू मेरै अपराध थिए, जसमा आइमाईलाई भोग्या सम्झन्थे ? उफ् ! मैले त्यही गरेँ, जो पुर्खाले गरे । तिमीले आफूलाई त्यसरी नै मार्‍यौ, जसरी भन्यौ । तिमीले मर्ने अधिकारद्वारा यो समाजलाई लत्याइदियौ । समाजसँग विद्रोह गर्‍यौ तर मलाई किन अपराधी बनायौ ? के म मात्र अपराधी थिएँ ? के हजारौँ मनुष्यहरू थिएनन्, जसले कानुन र व्यवस्था बनाए ? आइमाईको अपमान उनीहरूले गरे कि मैले ? अपराध मेरो कि तिनीहरूको ?

सबै जना भन्छन् मलाई 'बिहे गर !'

हेर, यो हातमा तिम्रो त्यस शरीरको रगत मुछिएको छ, के म अरूलाई रगताम्य हातले अँगाल्न सक्छु अब ?

मेरो अपराध मेरो छातीभित्र बोल्छ, त्यस्तो छातीले के म अरूलाई प्रेम गर्न सक्छु ?

तर तिमी झैँ म मर्दिनँ प्रमिला, सुन– म यसरी नै बाँच्छु, यसरी नै कष्ट भोगेर, कराएर, चिच्च्याएर, पुर्खाको अपराध बोकेर म यसरी नै हिँड्छु । जब म मृत्युको नजिकै पुगूँला र अर्धजलमा लम्पसार परूँला, तिमी आउनू र भन्नू सुटुक्क– कुन स्वतन्त्र सत्ताको खोजमा तिमीले आफ्नो मर्ने अधिकार उपयोग गरेकी थियौ ?

आऊ, मलाई जबाफ देऊ ।

(टाउको निहुराएर त्यहीँ बस्छ ।)

(शीला र सानी भाउजू निस्कन्छन् ।)

मीना– (केही बेर उसलाई हेरिरहन्छिन्) सायद म प्रमिला भएकी भए जबाफ दिन्थेँ– स्वास्नी मानिस कसरी स्वतन्त्र भएर बाँच्न चाहन्छन् ?

(निस्कन्छिन्)

तिलक– को प्रमिला ! तिमीले बोल्यौ ?

(चारैतिर हेर्छ, केही देख्दैन र दौडँदै निस्कन्छ)

[साझा एकाङ्कीबाट]

पीडा आरोहण

कृष्ण शाह यात्री

आरम्भ खण्ड

- रङ्गमञ्चको पर्दा खोलिनुअघि नै नेपथ्यमा एकोहोरो बाँसुरीको रोदन सुनिन थाल्छ ।
- प्रेक्षालयको आलोक हराउँछ । चारैतिर अन्धकार । मात्र अन्धकार ।
- टाढा कतै नरनारीहरूको पीडास्वर सुनिन थाल्छ । शिशुहरूको कलिलो रोदन पनि । बम र बारुदको आवाजले त्यसलाई पछ्याउन थाल्छ । त्रासदीपूर्ण ध्वनि क्रमशः नजिक नजिक हुन थाल्छ र ढपक्कै छोप्छ पूर्वोत्तरका सबै ध्वनिलाई ।
- त्रासद् पृष्ठभूमिमा नै पर्दा सुस्तरी खुल्न थाल्छ । पूर्ण रूपमा मञ्च देखिएपछि त्यहाँ एक मध्यम वर्गीय परिवारको कोठामा हुनुपर्ने जति सबै सामग्रीहरू केही मिलाएर, केही नमिलाएर नै राखिएको प्रस्ट देखिन्छ ।
- अभय नेपाली (वर्ष ६१) को घर हो यो । अऊ उसको नभनौं, उसको बाउ/बाजेले बनाएर छाडिगएको घर हो । ऊ ल्यापटपमा केही टाइप गरिरहेको हुन्छ । 'स्पट लाइट' को प्रकाश ऊ बसेको ठाउँमा नै केन्द्रित गारिएको हुन्छ । ल्यापटपमा टाइप गर्दागर्दै ऊ सोच्न थाल्छ ।

अभय : यो कथा गजबको बन्ला जस्तो छ । दसैं अङ्कका लागि सम्पादकले कथा मागेको निकै दिन भयो । दिन सकिरहेको छैन । आज त जसरी भए पनि लेखी सक्नुपर्छ । तर, अचेल युद्धको कथा लेख्न सजिलो पनि त छैन । यस्तो कथा लेख्नु भनेको पीडा आरोहण जत्तिकै लाग्न थालेको छ मलाई । के अचेल हाम्रो नियतिमा मलामी रातको शृङ्खला मात्रै लेखिने गर्छ ? (**केही क्षण मौन, लगत्तै**) हैन, मैले अनावश्यक कुरामा

मन डुलाउनु हुन्न । मेरो कथा 'पीडा आरोहण' मैले सक्नै पर्छ । तर, यसलाई जीवन्तता दिन मैले अहिलेका हरेक भोक र युद्धका समाचारका केस्रा केस्रा केलाएर हेर्नुपर्छ ।

- **त्यसै बेला कोठाको मध्यभागमा रहेको भित्तेघडीको आवाजले ठिक सात बजेको जनाउ दिन्छ ।**
- **अभयको ध्यान समयतिर केन्द्रित हुन्छ ।**

(घडी हेर्दै) ओहो ! साँझको सात पनि बजिसकेछ । टेलिभिजनमा पनि समाचार आउने बेला भयो ।

- **अभय हतार हतार नजिकै टेबलमा रहेको रिमोट टिप्छ र टेलिभिजन 'अन' गरेर हेर्न थाल्छ । टेलिभिजनबाट समाचारको 'प्रोमो' बजिरहेको हुन्छ । ऊ ध्यानपूर्वक समाचार हेर्छ । टेलिभिजनमा समाचार वाचक देखा पर्छ ।**
- **रङ्गमञ्चमा 'मल्टिमिडिया' को रूपमा टेलिभिजनको प्रयोग गर्न सकिन्छ । टेलिभिजनको सट्टा टिभी सेटको आकार/प्रकारको कुनै चारपाटे बक्सको बीचमा देखिने गरी एक जना 'पात्र' लाई समाचार वाचकका रूपमा राख्न सकिनेछ ।**

समाचार वाचक :

नमस्कार ! नेपाल न्युज टेलिभिजनको यस समाचार बुलेटिनमा यहाँहरूलाई स्वागत छ । म सङ्केत । अब सुरु गरौँ आजका प्रमुख समाचार । दाङमा हिजो भएको विद्रोही पक्ष र सशस्त्र प्रहरीबिचको दोहोरो भिडन्तमा पच्चिस जना विद्रोही र उत्तिकै सङ्ख्यामा सशस्त्र प्रहरीको मृत्यु । आज बिहान काठमाडौँबाट चितवनतर्फ गइरहेको बस एम्बुसमा परी दुर्घटनाग्रस्त । बसमा यात्रा गरिरहेका पैंतिस यात्रुको घटनास्थलमै मृत्यु, बाह्र जनाको अवस्था चिन्ताजनक । घाइतेलाई उपचारका लागि आजै हेलिकप्टरबाट काठमाडौँ ल्याइयो । पूर्वी नेपालमा सेनाको ज्यादतिको विरोधमा उत्रिएका गाउँलेहरूमाथि गोली चलाइँदा तिन सर्वसाधारणको मृत्यु ।

अब सुन्नुहोस् पूरा समाचार...

- **त्यसै बेला** 'मलाई बचाऊ ! मलाई बचाऊ !' **भनेर अत्तालिँदै एउटी अधबैंसे महिला शान्तादेवी कोठामा प्रवेश ।**
- **शान्ताको प्रवेशले अभयको ध्यान भङ्ग हुन्छ । ऊ अन्योलमा पर्छ । के हुन लागेको हो भनेर ठम्याउन खोज्छ ।**

अभय : के भयो ? के भयो शान्ता ? किन यसरी अत्तालिँदै आएकी ?

शान्ता : मलाई एक हुल समाचारले लखेट्दै आइरहेका छन् । **(टेलिभिजनमा समाचार आइरहेको देखेपछि)** लौ न ! फेरि यो घरभित्र कसरी पस्यो ? बन्द गर ! त्रासद् समाचारहरू ! बन्द गर युद्धका खबरहरू ! बन्द गर आयातित पीडाहरू । **(दौडँदै गएर टेलिभिजन बन्द गरेपछि अभयको कठालो समात्दै)** मैले तिमीलाई पहिले पनि भनेकी थिएँ– यो मुलुकमा समाचार सुन्न/सुनाइन निषेध गरिएको छ भनेर । तर तिमी यो कुरा किन बिर्सिन्छौ ? मलाई समाचारको जङ्गलमा किन तिमी पनि धकेल्न खोज्छौ ? किन बारम्बार मेरो मृत्युउत्सवमा रमाउन खोज्छौ ?

अभय : **(शान्तालाई आश्वस्त पार्न खोज्दै)** शान्ता ! तिमीलाई केही हुँदैन । पहिला मेरो कुरा त सुन शान्ता ! मेरो उद्देश्य तिमीलाई दुःखी तुल्याउने थिएन । तर... तर...

शान्ता : **(बिचैमा कुरा काट्दै)** मलाई अरू कुरा थाहा छैन । मलाई मात्र यस प्रश्नको जबाफ चाहिएको छ । भन, तिमीले फेरि समाचार सुन्ने धृष्टता कसरी गऱ्यौ ? **(अभय केही बोल्न खोजे जस्तो गर्छ तर गलाबाट आवाज निस्कँदैन, चारैतिर हेर्दै)** ऊ देख्यौ ? भित्ताहरूबाट एक हुल समाचारहरूले मतिर बन्दुक तेर्स्याइरहेका छन् । **(अर्कोतिर देखाउँदै)** ऊ हेर, समाचारले यतैतिर ताकेर बम हान्न खोज्दै छन् । **(कोठाको चारैतिर दगुर्न थाल्छे)** तर म मर्न चाहन्नँ । म मर्न चाहन्नँ । **(टेलिभिजनपछाडि गएर दुवै हातले आफ्नो आकाश छेक्दै याचनाको स्वर निकाल्न थाल्छिन्)** बिन्ती छ, मलाई गह्रुँगा समाचारले नथिच । मलाई मर्न मन छैन । समाचारको आतङ्कदेखि मलाई बचाऊ अभय ! मलाई समाचारदेखि डर लाग्छ । **(बोल्दाबोल्दै रुन थाल्छिन्)** सनाखत नभएको समाचार मलाई सुन्नु छैन । मलाई पीडा आरोहण गर्नु छैन ।

- **बोल्दाबोल्दै शान्ता लल्याकलुलुक हुन्छिन् ।**
- **अभय शान्ता नजिक गई उनलाई समाल्न खोज्छ ।**

अभय : शान्ता ! होसमा आऊ ! लौ न के गर्ने होला ? घरमा पनि कोही छैन । **(शान्ता नजिक गई उनलाई समाल्दै)** तिमीलाई केही पनि हुँदैन शान्ता ! **(सशङ्कित शान्ता अभयलाई हेर्छे)** शान्ता ! तिमी किन यसरी डराएकी ? डराउनु पर्दैन । तिमीलाई यी समाचारहरूले केही गर्दैनन् । यी हेर त, मैले टेलिभिजन बन्द गरिसकें । उठ ! आऊ **(शान्ता डराई डराई मञ्चको अग्रभागमा आउँछिन्)** यहाँ बस । पानी पिउँछ्यौ ?

- **बिनाप्रतिक्रिया अभयले नजिकै रहेको गिलासमा पानी खन्याएर शान्तालाई दिन्छ ।**
- **शान्ता एकैसासमा सबै पानी पिउँछिन् र रित्तो गिलासलाई नियालेर हेर्छिन् ।**

शान्ता ! तिमीले यसरी मन कमजोर बनाउनु हुन्न । तिमी जस्ती साहसी नारीले यस्तो क्रियाकलाप गरेको सुहाउँदैन । तिमी नै मलाई भन्थ्यौ नि– जीवनमा जस्तोसुकै असफलता आइपरे पनि हरेस खानु हुँदैन । अनि अचेल किन तिमी यस्तो बनेकी ?

शान्ता : (**केही समयको मौनतापछि**) अभय ! के मलाई साँच्चै केही पनि हुँदैन ?

अभय : शान्ता ! तिमी त्यसै अत्तालिन्छ्यौ । तिमीलाई केही पनि हुँदैन । म तिम्रो साथमा छैनँ र ?

शान्ता : त्यसो भए किन मलाई समाचारको आतङ्कले बारम्बार लखेटिरहन्छ ? किन मलाई बम, बारुद र एम्बुसका सपनाहरूले तर्साइरहन्छन् ? किन मलाई गोली लागी ढलेका बेवारिसे लासहरूले पछ्याइरहन्छन् ? किन अभय ? किन ?

अभय : शान्ता ! हेर, अनावश्यक कुरा दिमागमा सोचिरहनाले नै तिमीलाई यी भ्रमले तर्साएका हुन् । कति भनूँ तिमीलाई ? अहिले तिमीलाई आरामको खाँचो छ । तर मान्ने भए पो ! मेरो कुरा यो घरमा कसले सुन्ने ? (**बाहिर ढोकातिर हेर्दै**) ए भित्र को छ हँ ? सिद्धार्थ ! ए सिद्धार्थ ! गरिमा ! हैन कोही पनि छैन घरमा ?

- **प्रत्युत्तरमा कुनै आवाज सुनिँदैन ।**

सिद्धार्थ ! गरिमा !

शान्ता : (**हाँस्दै**) भो छाडिदेऊ । यो शून्य समय हो । यस समयमा सबै आफ्नो काममा व्यस्त हुन्छन् ।

अभय : हैन, कता गए सबै जना ? यस घरका सदस्यहरू कसैलाई पनि कसैको मतलब छैन । बिरामी मान्छेलाई किन एक्लै छाडेको होला ?

शान्ता : बिरामी ? को बिरामी ? म बिरामी ? (**अभय जबाफ दिँदैन**) तिमीले के भन्न खोजेका हौ ? के त्यसो भए तिम्रो नजरमा पनि बहुलाही भएँ ? म पागल भएँ ? यही भन्न चाहन्छौ हैन तिमी पनि ?

अभय : (**सम्झाउन खोज्दै**) शान्ता ! मैले त्यसो भनेको छु र ?

शान्ता : मलाई सब थाहा छ, गरिमाको ड्याडी ! घरका सारा मान्छे मलाई पागल ठान्छन् । मानसिक रोगी ठान्छन् उनीहरू । यस घरका मात्र नभई यस मुलुकका सारा मान्छे मेरोबारेमा यस्तै सोचाइ राख्छन् ।

अभय : शान्ता ! मेरो कुरा बुझ्ने कोसिस गर ।

शान्ता : **(एक्कासि ठुलो स्वरले चिच्च्याउँदै)** के कुरा बुझ्ने ? र, के कुरा बुझाउन चाहन्छौ तिमी मलाई बारम्बार ? के हाम्रो जेठो छोरालाई सेनाले दिउँसै अन्धाधुन्ध गोली ठोकेर मारेको कुरा झुटो हो भनेर बुझाउन चाहन्छौ ? के आफ्नै मुलुकमा पनि पराइ जस्तो भएर बाँच्नु परिरहेको स्थिति मिथ्या, झुटो हो भनेर बुझाउन चाहन्छौ ? भन अभय, के कुरा बुझाउन चाहन्छौ मलाई ? के यो मुलुकमा स्वतन्त्रताको सपना देख्नु घोर अपराध हो भन्ने कुरा बुझाउन चाहन्छौ ? यो मुलुकमा रक्तबीजहरू कहिल्यै सकिँदैनन् भनेर बुझाउन चाहन्छौ ? भन, मेरा प्रश्नहरूको जबाफ दिन सक्छौ ? मेरा अपहरित स्वप्न उत्सवहरू फर्काउन सक्छौ ?

- **शान्ता बोल्दाबोल्दै लल्याकलुलुक हुन्छिन् । उनको मुखबाट फिँज आउन थाल्छ । अभय अत्तालिन्छ । शान्तादेवी बेहोस हुन्छिन् ।**

अभय : लौ न के भयो ? शान्ता ? शान्ता ? ए को छ हँ भित्र ? सिद्धार्थ ? ए गरिमा ? भित्र को छ हँ ? लौ न छिटो आओ !

- **छोरो सिद्धार्थ (वर्ष २४) को प्रवेश हुन्छ, उसको अनुहारमा कुनै भय देखिँदैन । ऊ आमाको नजिक जान्छ र आमाको टाउको आफ्नो काखमा राख्छ । अभय आमाको अनुहारमा पानी छ्याप्छ ।**

सिद्धार्थ : ममी ! आँखा खोल्नुस् ममी !

- **शान्ता चलमलाउँछिन् ।**

अभय : शान्ता ! तिमीलाई केही भएको छैन शान्ता !

सिद्धार्थ : यो ममीलाई पनि के भएको होला ? यस घरमा एकछिन आँखा झिमिक्क हुनु नहुने भयो ? कुनै न कुनै दुर्घटना भइहाल्छ । म त आजित भइसकें ।

अभय : ल, ल मनको तुष पछि पोख्दै गर्लास् । डाक्टरसा'बलाई झट्टै फोन गर् ।

सिद्धार्थ : पहिला ममीलाई बेडमा लगेर त राखौं ।

- **दुवैले समाल्दै शान्तालाई अर्को कोठामा लान्छन् ।**
- **रङ्गमञ्चबाट आलोक हराउँछ । चारैतिर अँध्यारोको उपस्थिति ।**

मध्य खण्ड

- उज्यालो हुँदा मञ्चमा कोही पनि देखिँदैन । बिहानीपखको मधुरो प्रकाश मञ्चमा छरिन्छ । अभय नेपालीको उही बैठककक्ष । आरम्भको तुलनामा यति बेला मञ्चको दृश्यमा सामान्य परिवर्तन भएको देखिन्छ ।
- ल्यापटप अन गरिएको हुन्छ । स्क्रिन सेभरमा विभिन्न अक्षरहरू दौडिरहेका देखिन्छन् ।
- कोठामा अभयको प्रवेश । उनी ल्यापटपको माउस चलाउँछन् र फेरि केही सम्झे जस्तो गरी कोठाको एउटा कुनामा राखिएको दराजमा केही कुराको खोजी गरिरहेका छन् । सामान भेट्दैनन् ।

अभय : यस घरमा कुनै सामान राखेको ठाउँमा हुँदैन । जहिले पनि आफूले सोचेभन्दा फरक ठाउँमा हुन्छ । म त आजित भइसकें । के भएको छ यो घरलाई ? यहाँका मान्छेलाई ?

- अभय दिक्क मान्दै सोफामा बस्छ । टेबलमा राखिएको पत्रिका टिप्छ र पढ्न थाल्छ ।
- पढ्दापढ्दै ल्यापटप र पत्रिकापछाडि विभिन्न अक्षरहरूको प्रतिनिधित्व गर्ने विचित्रका आकृतिहरू निस्कन्छन् ।
- आकृतिहरूले विभिन्न अक्षर लेखिएका, विभिन्न रङका जामा/गाउन पहिरिएका हुन्छन् । उनीहरू अभयअगाडि उभिन्छन् र एकैसाथ जोडले हाँस्न थाल्छन् । अभय झस्कन्छ ।

अभय : (समालिँदै) को ? को हौ तिमीहरू ?

- अक्षरका आकृतिहरू हाँस्न थाल्छन् ।

अक्षर १ : म 'कान्तिपुर फन्ट' अर्थात् अक्षर नम्बर एक ।

अक्षर २ : अनि म 'प्रीति फन्ट' अर्थात् अक्षर नम्बर दुई ।

अक्षर ३ : मलाई तिमी 'जग हिमाली' भनेर सम्बोधन गर्न सक्छौ । म सबैभन्दा कान्छो अक्षर हुँ ।

अक्षर ४ : म सबैभन्दा पुरानो 'प्राचीन' फन्ट ।

- अभय केही कदम पछि हट्छ ।

अभय : यो कसरी सम्भव छ ? तिमी अक्षरहरू कसरी बाहिर आउन सक्छौ ?

अक्षर १ : म तिम्रो ल्यापटपबाट बाहिर आएको हुँ ।

अक्षर ३ : अनि म तिमीले पढिरहेको अखबारको पानाबाट फुत्त बाहिर निस्किएको ।

अक्षर २ : यिनीहरू आएको देखेर मलाई पनि बाहिर आउन मन लाग्यो ।

अक्षर ४ : म चाहिँ तिमीले खोजिरहेको पुस्तकका पानाबाट झरेको हुँ ।

अभय : (**दुवै हातले टाउको समात्दै**) उफ् ! यो घरमा के हुँदै छ हँ ? कहिले कोही समाचारबाट लखेटिन्छ, कहिले अक्षरको आतङ्क फैलिन्छ ।

अक्षर १ : अक्षरले कहिल्यै आतङ्क फैलाउँदैनन् । बरु तिम्रा सोचाइ र बुझाइले आतङ्क फैलाउँछन् ।

अभय : आखिर तिमीहरू के चाहन्छौ ?

सबै अक्षर : हामी अबदेखि अक्षरको नियोजन गर्न चाहन्छौँ ।

अभय : मैले तिमीहरूको कुरा बुझिनँ ।

अक्षर ४ : अर्थात् जबरजस्ती कथा लेख्न बन्द गरिनुपर्छ ।

अक्षर ३ : अर्थात् अकविताको बान्ता रोकिनुपर्छ ।

अक्षर १ : अर्थात् स्रष्टाद्वारा हुँदै आएको अक्षरको जथाभाबी दुरुपयोग तत्काल बन्द गर्नुपर्छ ।

अक्षर २ : अर्थात् अक्षरको सस्तो खेती बन्द हुनुपर्छ ।

अभय : त्यसो भए तिमीहरू सिर्जनामाथि नै प्रतिबन्ध लगाउन चाहन्छौ ? यो हुन सक्दैन ।

अक्षर १ : त्यो तिम्रो सोचाइ हो । हामीले त्यसो भनेका छैनौँ । हामी त मात्र स्वस्थ अक्षरको समाज निर्माण गर्न चाहन्छौँ ।

अक्षर ३ : तिमीहरू कहिले कम्प्युटर र इन्टरनेटमा आफूखुसी शब्दको भोक मेटाउँछौ ।

अक्षर ४ : कहिले टेलिभिजनको न्युज स्क्रोलिङमा अक्षरहरूलाई आफूखुसी दौडाउँछौ ।

अक्षर २ : कहिले अखबारमा अनावश्यक विषयलाई बढाइचढाइ गर्दै अक्षरहरूको धज्जी उडाउँछौ ।

अभय : तिमीहरू जेसुकै भन । म तिमीहरूको बहकाउमा लाग्ने छैन । मलाई राम्ररी थाहा छ, अक्षरहरू कहिल्यै बोल्न सक्दैनन् । तिमीहरू अक्षर हुँदै होइनौ । बरु मेराविरुद्ध पठाइएका प्रतिगामी तत्त्व हुन सक्छौ तिमीहरू । (**रिसाउँदै**) गइहाल तिमीहरू ! नत्र म यस घरका अन्य सदस्य बोलाएर तिमीहरूलाई अहिल्यै घोक्रेठ्याक लगाउँछु ।

अक्षर ३ : यो नै तिम्रो जीवनको सबैभन्दा ठुलो भुल हो ।

अक्षर १ : तिमीले जहिले पनि आफूभन्दा बाहिरको संसारलाई मात्र बुझ्न चाह्यौ । आफूभित्रको कुरा सुन्न चाहेनौ ।

अभय : (**कान थुन्दै**) भो, म तिमीहरूको कुनै कुरा सुन्न चाहन्नँ ।

अक्षर ४ : त्यसैले तिमी असफल छौ ।

अक्षर १ : जीवनको जोड-घटाउमा ।

अक्षर ३ : नाता-सम्बन्धको भागबन्डामा ।

अक्षर २ : पहिचानको खोजीमा ।

अभय : **(जमिनमा घोप्टो परेर दुवै कान बन्द गर्दै)** गइहाल तिमीहरू ! गइहाल ! म तिमीहरूको कुनै कुरा सुन्न चाहन्नँ ।

- **अक्षरहरू बिस्तारै विभिन्न हाउभाउ गर्दै ल्यापटप र पत्रिकापछाडि विलीन हुन्छन् ।**
- **अभय 'बन्द गर तिमीहरूको बकबास' भन्दै चिच्च्याइरहेको हुन्छ । उनको आवाज सुनेर सिद्धार्थ हतारिँदै कोठामा प्रवेश गर्छ ।**

सिद्धार्थ: बुबा ! के भयो तपाईंलाई ? किन यसरी एक्लै चिच्च्याउनुभएको ?

- **सिद्धार्थको आवाजले अभय समालिँदै उठ्छ । चारैतिर नजर दौडाउँछ, अक्षरको खोजीमा तर कसैलाई नदेखेपछि सिद्धार्थलाई एकोहोरो हेर्न थाल्छ ।**

सिद्धार्थ: के भयो ? किन यसरी टोलाउनुभएको ?

अभय : **(समालिँदै)** के तैंले यहाँ अरू कसैलाई देखिस् ?

सिद्धार्थ: अहँ । म त तपाईंको आवाज सुनेर दौडँदै आएको । तपाईं चिच्च्याउँदै हुनुहुन्थ्यो । किन, कोही आएको थियो र ?

अभय : आएका थिए ।

सिद्धार्थ: कोको आएका थिए ? ओहो, अब आफ्नै घरमा पनि सुरक्षा नहुने भयो । को आएका थिए ? कतै अपहरणकारी...?

अभय : हैन सिद्धार्थ ! ती अपहरणकारी होइनन् । फेरि म जस्तो मान्छेलाई अपहरण गरेर कसले, के नै पाउँछ र ?

सिद्धार्थ: अनि को मान्छे थिए त ?

अभय : तिनीहरू मान्छे थिएनन् ।

सिद्धार्थ: मान्छे थिएनन् ? ...अर्थात् ?

अभय : अर्थात् तिनीहरू अक्षर थिए ।

सिद्धार्थ: **(अचम्म मान्दै)** अक्षरहरू ? बुबा ! तपाईं राति निकै बेर जाग्राम बस्नुभएकाले कुनै सपना देखेको हुनुपर्छ । खैर, छाडिदिनुस् यी कुरा । तपाईंलाई मैले भनेको कुरा के भयो ?

अभय : त्यसो भए तैंले मेरो कुरा पत्याइनस् ?

सिद्धार्थ: **(दिक्क मान्दै)** ल ल, पत्याएँ । अब त भनिदिनुस्– म क्यानाडा जाने कुरामा तपाईंले के सोच्नुभएको छ ?

अभय : सिद्धार्थ ! मैले कति पटक भनिसकें । तँ हाम्रो आशाको एक्लो त्यान्द्रो होस् । तैंले हामीलाई छाडेर जानेबारेमा कसरी म तँलाई अनुमति दिन सक्छु ?

सिद्धार्थ : तपाईं यसरी भावनामा मात्र नबग्नुस् न बुबा ! एक पटक सोच्नुस् त ! यस मुलुकमा बसेर मैले के पाउन सक्छु ? बेरोजगारी, असुरक्षा, अस्थिरता आदि/इत्यादिबाहेक केही रहने छैन मेरो भागमा ।

अभय : के यस मुलुकप्रति तेरो कुनै दायित्व छैन ?

सिद्धार्थ : दायित्वको कुरा नगर्नुहोस् मसँग । दायित्वकै कुरा गर्ने हो भने दाइले के पाउनुभयो ? उहाँले आफ्नो दायित्व पूरा गर्न खोज्दा उहाँको लासै चिन्न नसकिने गरी अन्धाधुन्ध गोली ठोकेर मारियो । त्यसैको पीडा खप्न नसकेर ममी अहिले जीवन र मृत्युको सँघारमा हुनुहुन्छ । के बोल्दै छु भन्ने कुराको कुनै होस छैन । अनि तपाईं अझै यस मुलुकप्रति मेरो दायित्वको कुरा सम्झाउनुहुन्छ ?

अभय : सिद्धार्थ ! तेरो दाइ मारिएको होइन । उसले वीरगति प्राप्त गरेको हो । उसले सहादत प्राप्त गरेको हो । तँ किन यी सब कुरा बुझ्दैनस् ?

सिद्धार्थ : भो, परेको छैन मलाई यी कुरा बुझ्न । मलाई अरू कुरा थाहा छैन । मेरो भिसा आइसकेको छ । म आउने महिना कुनै पनि हालतमा देश छाड्दै छु ।

अभय : त्यसो भए तैंले हामीलाई छाडेर जाने फैसला गरिसकिस् हैन ?

सिद्धार्थ : **(सम्झाउँदै)** बुबा ! म कहाँ सधैंका लागि छाडेर जाँदै छु र ? केही समयका लागि त हो नि । बरु सबै कुरा मिल्यो भने तपाईंहरूलाई पनि उतै बोलाउँछु । त्यसपछि हामीलाई यहाँको पीडाले कहिल्यै चिमोट्ने छैन । अहिले जान्छु ल ।

- **सिद्धार्थको प्रस्थान हुन्छ । अभय नरमाइलो मान्दै ऊ गएतिर हेरिरहन्छ ।**
- **दिक्क मान्दै सोफामा आएर बस्छ । आँखा बन्द गर्छ ।**
- **मञ्चको आलोक मधुरो हुन्छ । बिस्तारै अँध्यारो छाउँछ, केही देखिँदैन ।**

अन्त्य खण्ड

- **रङ्गमञ्चमा आलोक छरिँदा पूर्वदृश्यकै कोठा देखिन्छ ।**
- **कोठाका सामानहरू अस्तव्यस्त छरिएका छन् ।**

- **टेलिभिजनबाट समाचारको 'प्रोमो' बजिरहेको हुन्छ ।**
- **व्यक्तिशून्य कोठामा समाचार वाचकको आवाज मात्र सुनिन्छ ।**

समाचार वाचक :

नमस्कार ! नेपाल न्युज टेलिभिजनको यस समाचार बुलेटिनमा यहाँहरूलाई स्वागत छ । म नम्रता । अब सुरु गरौं आजका प्रमुख समाचार । नेपालबाट सउदी अरबका लागि उडेको विमान दुर्घटना हुँदा विमानमा रहेका चालकदलसहित सबै यात्रुहरूको मृत्यु । नेपालका महामहिम राष्ट्रपतिद्वारा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त । उत्तरबङ्गालको कोइलाखानीमा पुरिएर सात नेपालीको मृत्यु ।

- **त्यसै बेला** 'मैले थाहा पाएँ । मैले थाहा पाएँ ।' **भन्दै अत्तालिएर शान्तादेवीको प्रवेश । शान्ताले द्रुत गतिमा गई टेलिभिजनको स्विच थिचेपछि समाचार बन्द हुन्छ ।**
- **सोही समय अभयको प्रवेश । शान्ता अभयलाई देख्छिन् ।**

शान्ता : अभय ! तिमीले थाहा पायौ ?

अभय : के कुरा ?

शान्ता : सिद्धार्थको महाप्रस्थान...

अभय : के भन्दै छ्यौ तिमी ? मैले कुरा बुझिनँ ।

शान्ता : तिमी बुझेर पनि बुझपचाउँदै छौ ।

अभय : के भयो फेरि ? कसले के भन्यो ?

शान्ता : कसैले केही भनेको छैन । मैले आफैं पत्ता लगाएकी !

अभय : पत्ता लगाएकी ! के कुरा ?

शान्ता : सिद्धार्थको महाप्रस्थानको कुरा ।

अभय : को सिद्धार्थ ?

शान्ता : तिमीले सिद्धार्थलाई पनि बिर्सियौ ? सिद्धार्थ हाम्रो सुपुत्र । ऊ शान्तिको खोजीमा भौतारिरहेको थियो । उसले धनले मात्र सुख र शान्ति किन्न सकिन्छ भन्ने बुझेको थियो । त्यसैले कहिले अमेरिका र कहिले युरोपको सपना देख्ने गर्थ्यो । उसले बल्ल आज महाप्रस्थान गऱ्यो ।

अभय : कस्तो घुमाउरो कुरा गरेकी ? के भयो ? बुझिने गरी भन त !

शान्ता : सिद्धार्थ चढेको विमान दुर्घटना भयो ।

अभय : विमान दुर्घटना ? सिद्धार्थको ? बेकारमा नचाहिँदो कुरा मात्र किन तिम्रो दिमागमा खेलिरहन्छ हँ ?

- **त्यसै बेला छोरी गरिमाको प्रवेश । ऊ अत्तालिँदै केही भन्न खोजिरहेकी छे ।**

गरिमा : बुबा ! बुबा !

अभय : के भयो गरिमा ? किन यसरी अत्तालिएकी ?

गरिमा : बुबा ! बुबा ! दाइको...

अभय : दाइलाई के भयो ?

गरिमा : बुबा ! सिद्धार्थ दाइ चढ्नुभएको प्लेन दुर्घटना भयो ! दाइको... दाइको....

अभय : के ? के भनेकी ? तिमीलाई कसले भन्यो ?

गरिमा : समाचारमा दिइरहेको छ रे ! मलाई विनीताले भर्खरै फोन गरेकी ।

शान्ता : मैले अघि नै भनेको होइन ? सिद्धार्थको महाप्रस्थान भइसकेको छ । ऊ अनन्त यात्रामा निस्किसक्यो । अब उसलाई कसैले पनि भेट्टाउन सक्ने छैन । उसलाई अब कुनै आतङ्कले पनि छुन सक्ने छैन । उसले कुनै पीडा आरोहण गर्नुपर्ने छैन । उसले अब कुनै अप्रिय समाचार सुन्नुपर्ने छैन । उसले एम्बुसको त्रासदी पनि सहनुपर्ने छैन ।

अभय : (**रिसाउँदै**) चुप लाग शान्ता, तिमी ! यो शोकको घडीमा किन अझै पीडा थप्न चाहन्छ्यौ ?

शान्ता : किनकि समाचार अझै सकिएको छैन । एउटा सिद्धार्थको महाप्रस्थान हुँदैमा पीडा सकिँदैन । (**भित्तातिर देखाउँदै**) ऊ हेर ! त्यहाँ रिपोर्टरका आँखाले हामीलाई हेर्दै छ । उसको हातमा धारिलो कलम र रगतपच्छे कागज पनि छ । बिन्ती छ अभय ! मलाई बचाऊ । यो समाचारको आतङ्कबाट मलाई बचाऊ ।

- **शान्ता बेहोस भएर ढल्छिन् ।**
- **गरिमा र अभय शान्तालाई समाल्न थाल्छन् ।**
- **अभय शान्तालाई सोफामा सजिलो गरी राख्छन् ।**
- **गरिमा केही सम्झे जस्तो गरी टेलिभिजनको स्विच थिच्छे ।**
- **टेलिभिजनमा 'ऋयार्र' आवाज मात्र आउँछ । स्क्रिनमा केही देखिँदैन ।**
- **पर्दा बिस्तारै खस्छ ।**

[**अतिरिक्त यात्राबाट**]

मूल्य : रु. १५०.००

9 789937 322089

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२४७१०, फ्याक्स : ५५४४२३६